## सन्दर्भ : ग्लोवल वारमिङ्गको

# विश्वको बढदो ताप : सबैको लागि सन्ताप

**दामोदर शर्मा**
तिलोतमा न.पा. २, शंकरनगर

**विषय प्रवेश**

ग्लोवल वारमिङ्ग भन्नाले वायूमण्डलमा कार्वनडाइ-अक्साइडको मात्रा बढेपछि पृथ्वीको तापमान बृद्धि हुने प्रकियालाई जनाउँदछ। यो प्रकिया वातावरण विनासको एक स्वरुप हो।

हाल विश्वब्यापी रुपमा तापमान बृद्धि हुनुको कारण खनिज ईन्धनको अधिकत्म प्रयोग र वातावरण असतुलन नै हो। त्यसकारण खनिज ईन्धनको प्रयोगमा कमी ल्याउनु र वातावरण संतुलनका लागि प्रभावकारी पहल गर्नु नै ग्लोवल वारमिङ्गको समस्याबाट छुटकारा पाउनु हो भन्नु अतियुक्ति नहोला। यो कार्यलाई वातावरण प्रदुषणसँग तुलना गर्न (दाज्न) पनि सकिन्छ।

विश्वब्यापी रुपमा ग्लोवल वारमिङ्गको समस्या जटिल बन्दै गएको वर्तमान अवस्थामा नेपाल पनि यसबाट अछुतो रहन सकिरहेको छैन। वार्षिक झण्डै तिस हजार किलो लिटर डिजेल, चालिस हजार किलो लिटर पेट्रोल, पच्चीस हजार किलो लिटर मट्टीतेल, लाखौ संख्यामा ग्यास सिलिन्डर खपत हुने गरेको जसबाट वायुमण्डलमा अत्यधिक प्रदुषण हुने गरेको फलस्वरुप बढदो ताप : सबैका लागि सन्ताप भएको छ।

ग्लोवल वारमिङ्गका कारण नेपालमा प्रत्येक बर्ष ०.४ डिग्री सेल्सीयसका दरले तापमान बृद्धि भईरहेको तथ्याङ्क छ। जसका कारण मानव जातिका साथै वन्यजन्तु र वनस्पतिमा नकरात्मक प्रभाव पर्दै गएको छ। देशमा विद्यमान करीव २९ प्रतिशत वन-जंगल प्रभावित भएका र झण्डै सवा दुई हजार (२,३१५) हिमताल प्रभावित हुने देखिन्छन्। हालसालैको एक सर्वेक्षण अनुसार २० भन्दा बढी हिमताल तत्काल फुटन सक्ने खतरामा रहेको बताईएको छ। राष्ट्रको सम्पतिको रुपमा रहेको वन-जंगलमा रहेका कैयौं वन्यजन्तु तथा वनस्पतिका प्रजातिहरु लोपन्मुख देखिन्छन्। नेपालमा द्रुत गतिमा भईरहेको जनसंख्या वृद्धिका साथसाथै अवैज्ञानिक विकासको तिब्रताका कारण सीमित श्रोत र साधन माथि अधिकतम दोहन हुँदै छ, जसको भार प्राकृतिक सम्पदामा परदै छ, फलस्वरुप ग्लोवल वारमिङ्गको समस्यामा दिनानुदिन थपिदै छ।

हुनत हामी सामाजिक तथा आर्थिक उत्थानका लागि गरिने कार्यलाई विकासको संज्ञा दिन्छौ। विकासको नाममा भई रहेको अवैज्ञानिक गतिविधि र मानव समुदायको असीमित चाहना परिपूर्ति हेतुका क्रियाकलापले प्रकृतिमा नकरात्मक असर परिरहेको हामी पक्कै देखदछौं। यद्यपि हामीलाई विकास चाहिएको छ, तर त्यो वातावरण मैत्री हुनु पर्दछ। यस्तो अवस्थामा हामीले त्यस्तो विकास खोज्नु छ जसले प्रकृतिमा नकरात्मक प्रभाव नपारोस् वा न्यूनतम प्रभाव मात्र परोस् जसबाट ग्लोवल वारमिङ्गको समस्यामा जटिलता नआओस।

वर्तमान अवस्थामा हामी मानव जाति विकास-विकास भनिरहेका छौं, तर त्यस्ता विकास वातावरणसँग सम्बन्ध छन्

कि छैन्न भन्ने तर्फ सोच्न सकिरहेका छैनौं। विकास र वातावरण परस्पर एक अर्काका विरोधी कुरा पक्कै होइनन्, विकासलाई दिगो र गुणात्मक वनाउन निश्चय नै स्वच्छ वातावरण अपरिहार्य हुन्छ। बिकास र औधोगिक क्रान्तिले मानिसको दिनचार्य तथा जिविकोपार्जनमा पनि सकरात्मक पक्कै परिवर्तन ल्याएको छ, तर प्रकृतिक स्रोत तथा सम्पदाको अनियन्त्रित प्रयोग हुन गई वातावरण असतुलन बन्छै छ। फलस्वरुप दिगो विकासका लागि प्रकृतिक स्रोत तथा सम्पदाको पहिचान र यसको उचित संरक्षण तथा व्यवस्थापनको लागि समयसापेक्ष खोज र प्रयोग हाम्रो लागि चुनौति बनेको छ , यसै चुनौतिलाई समाधान गर्न समयमै सजकता अपनाउनु आजको टडकारो खाँचो छ। देशमा वातावरण मैत्री प्रविधि, हरित औद्योगिक विकास, वातावरणीय न्यायको दिगो र विभिन्न वातावरणीय सन्धिहरुको प्रभावकारी कार्यान्वियन गर्नु/गराउनु आजको आवश्यकता खडकिएको छ।

ग्लोवल वारमिङ्गको सन्दर्भमा नेपालको परिवेशको कुराको उठान गर्नु समय सन्दर्भ हुन जान्छ। यस क्रममा करिव ४४ प्रतिशत जंगलले ढाकेको छ भन्ने तथ्याङ्क सरकारी पक्षले उल्लेख गरेको भएतापनि यो तथ्याङ्कलाई यथार्थ मान्न सकिन्न। किनभने त्यो भन्दा पनि कम कतै ३७ त कतै २९ प्रतिशतको हाराहारीमा वन जंगल रहेको अर्को तथ्याङ्क पनि सार्वजनिक भएको अवस्था छ। नेपालको राजनैतिक प्ररिवर्तन हुँदा सब भन्दा बढता अतिक्रमण वनहरुमा परिरहेको छ।

यसै गरी विश्वका हरेक देशहरुले किटनाशक औषधीहरुको व्यापकरुपले आम किसानहरुले गर्दै आएका छन्। जसको कारणले जैविक विविधाताको नष्ट हुँदै गएर हर प्रकारका मानवलाई नै नष्ट गर्ने महामारी रोगहरुको प्रकोप वढिरहेको छ। यसै गरी आधुनिक औषधी तथा विउ बिजनहरुले आम समुदायहरु परनिर्भर भैरहेका छन्। जसको प्रत्यक्ष प्रभाव आकासको ओजन तहमा परेर अमलीय वर्षा भएर मानव विकासमा ठूलो चुनौती खडा गरि रहेका छन्।

**विश्वको बढदो तापका कारण प्रभाव**

***जलस्रोतमा :***

१. नदी वहावमा उतार चढावबाट भू-क्षय तथा सुख्खापन बढ्दो
२. बाढी पहिरोको बढदोपन प्रकृति बिपत्ति बढदो
३. हिउँको अत्यधिक पगलाव/हिमताल फुटने खतरा
४. हाईड्रो-ईलेक्ट्रीसिटी प्रभावित (लोड सेडिङ्गको समस्या बढदो)

***कृषिमा***

१. सुख्खा तथा बाढीबाट खेतीपाती प्रभावित
२. उर्वरा भूमि दिन प्रतिदिन रुख्खापन हुदै
३. कतै सुख्खापन, कतै जलमग्न खेतीपाती उत्पादन प्रभावित

***वन तथा जैविक विविधतामा***

१. वन तथा वनस्पतिका प्रजाति प्रभावित
२. सुख्खापनका कारण डढेलो

***मानव स्वास्थ्यमा***

१. बाढी पहिरोका कारण विभिन्न जल प्रकोप (Water borne) रोग
२. उच्च पहाडी स्थानमा रोग बढदो (लामखुट्टेको बढदोपन)
३. तातो हवाको बहाव (लु) का कारण रोग बढदो
४. सूर्यको विकिरणबाट छालाजन्य रोग बढदो

**बर्तमान चुनौति :**

कुनै पनि स्थानको जन-जीवनको दैनिक आवश्यकताका परिपूर्तिका लागि प्राकृतिक सम्पदामाथि निर्भर हुनु मानव समाजको वाध्यता छ, त्यस्तै कुनै पनि सामाजिक एवम् आर्थिक विकासका प्रत्येक क्षण तथा चरणमा प्राकृतिक सम्पदाको प्रयोग अपरिहार्य छ। यिनै आवश्यकता र वाध्यताका लागि राज्य पक्ष र नागरिक समाजबाट प्राकृतिक सम्पदामाथि अधिकतम दोहन हुनु साथसाथै मानव स्वभाव अनि महत्वकांक्षाका कारण उपयोग गरिने बिलासिताका वस्तुको अधिकत्म प्रयोगका कारण प्राकृतिक सम्पदाको विनास र वरपरको वातावरण तथा प्रकृतिको हैसियतमा ह्रास हुनु अनि हाम्रो वातावरण दिन प्रतिदिन विग्रदै जानु फलस्वरुप हाम्रो सामु ग्लोवल वार्मिङ्ग जस्ता समस्या आउनु कुनै नौलो भएन। यसबाट हुन सक्ने तथा भईरहेका वातावरणीय

समस्याबारे समयमै सबैको ध्यान जानु आजको आवश्यकता छ। प्राकृतिक सम्पदाको संरक्षण तथा वातावरण मैत्री विकास अनि नियमित दिनचार्यको उपयोग समाग्रीमा उचित व्यवस्थापन र वैकल्पिक साधनको खोजि हुनका लागि विशेष प्राथमिकता दिएर मात्र विकास निर्माण गर्नु/गराउनु, जिविकोपार्जनका साधन (ईन्धन)को विकल्प खोज्नु आजको अपरिहार्यता भएको छ, र यसलाई पुरा गर्न हाम्रो लागि एउटा चुनौती सावित भई सकेको छ। यसै चुनौतीलाई सजकताका साथ समाधान गर्न सरकारी तथा गै.स.स.हरुको अहम भूमिका अपरिहार्य छ। यसका लागि सहकार्य अनि साझेदारीको बिकल्प अरु छैनु, जस्तो मलाई लाग्दछ।

**सहकार्य अनि साझेदारी के का लागि :**

***दैनिक आवश्यकताको विकल्पको खोजि गर्न :***

- खाना पकाउने दाउरा तथा अन्य प्रयोजनमा प्रयोग भई रहेका खनिज ईन्धनको जस्ता दैनिक आवश्यक साधनको विकल्पको खोजि गर्दै वैकल्पिक ऊर्जा (वायो-ईन्धन, वायो-ग्याँस तथा शौर्य उर्जा) को स्थापना तथा प्रयोगका लागि जनचेतना अभियानका रुपमा सञ्चालन गर्न।

***शिक्षा तथा सचेतना कार्यक्रम संचालन गर्न :***

- वातावरणीय शिक्षा (वातावरण संरक्षण तथा ग्लोवल वारमिङ्ग न्युनिकरण) वारे सर्वसाधारणमा सचेतना जगाउने खालका कार्यक्रम संचालन गर्न।

***विलासितताका सामाग्रीको प्रयोगमा कमि ल्याउन :***

- फ्रिज, वातानाकुल सामाग्री, रसायनिक उपकरण, तथा यातायातका साधनमा प्रयोग गरिने खनिज ईन्धनको विकल्पको खोजिमा र यस्ता विलासितताका सामाग्री प्रयोगमा कमि ल्याउन पहल गर्न।


***कृषिमा रसायनिकीकरणको सट्टा जैविकीकरणमा जोड दिन :***

- कृषि उत्पादन वृद्धिका लागि भईरहेको कृषि रसायनको प्रयोगमा कमि ल्याउन, जैविक मल/विषादीको प्रयोगमा कृषकलाई प्रोत्साहित गर्दै जैबिक कृषि उत्पादनमा जोड दिन।

***सन्धि सम्झौता कार्यान्वयन तथा बलियो कानुन बनाउनमा जोड दिन :***

- विभिन्न वातावरणीय तथा ग्लोवल वारमिङ्ग सम्बन्धि विश्व व्यापी सन्धि सम्झौता कार्यान्वयन तथा प्राकृतिक स्रोत र साधनको उचित व्यवस्थापनका साथै ग्लोवल वारमिङ्ग न्युनीकरण गर्ने जस्ता ऐन, कानुन निर्माण गरी कार्यान्वयनमा जोड दिन।

**ग्लोवल वार्मिङ्ग (तापमान बृद्धि) का कारक तत्वहरु:**



***ग्लोवल वारमिङ्गको न्यूनीकरणका लागि केही उपायहरु सुझावको रुपमा प्रस्तुत गरिएको छ।***

क) हाम्रा प्राकृतिक सम्पदाको महत्व, आवश्यकता र तिनको वर्तमान अव्यवस्थित उपयोगबाट सृजित वातावरणीय समस्या (ग्लोवल वारमिङ्ग) र यसको संवेदनशीलताबारे स्थानीय बासिन्दा र सरोकारवालालाई जानकारी र ज्ञान दिलाउँदै जिम्मेवार सरोकारवाला निकायहरुलाई यस प्रति सचेत रहन खबरदारी गर्नु पर्ने देखिन्छ। ईन्धनको विकल्पका रुपमा आएको सजिवनको तेलमा अनुसंधान तथा खेतीका लागि तत्काल पहल गर्नु पर्ने देखिन्छ।

ख) प्राकृतिक सम्पदाका महत्वपूर्ण अंगको रुपमा रहेको वनसम्पदाको संरक्षण कार्यमा सरकारी निकाय संघीय सरकार (वन तथा वातावरण मंत्रालय) बाट मात्रै संभव छैन। यस कार्यमा प्रदेश र स्थानीय सरकारहरुको सक्रिय र प्रत्यक्ष संलग्नता हुनु नितान्त आवश्यकता छ। यी मंत्रालय/निकायह बीच सुमधुर र स्वार्थ रहित सम्बन्ध र समन्वयको वातावरण सृजना गराउनु पर्दछ । व्यवस्थापकीय जिम्मेवार बोकेका निकायहरुलाई संस्थागत जिम्मेवारीको समेत बोध गराउन नेपाल सरकारले ठोस र पार्दर्शिक नीति बनाई कडाईका साथ लागु गर्नु पर्ने देखिन्छ।

ग) प्राकृतिक सम्पदाको विनासका प्रमुख कारण मध्येका जनसख्ंया वृद्धि र बसाई सराई जस्ता समस्याहरुलाई नियन्त्रण गर्ने खालका क्रियाकलाप साथै गरिब तथा वेरोजगारी युवा जन-शक्ति, जो प्राकृतिक सम्पदामाथि आश्रित छन्, यिनका लागि वैकल्पिक उपाय तथा अवसरको खोजि गर्ने/गराउने खालका स्थानीय तथा राष्ट्रिय कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गराउनु पर्ने देखिन्छ।

घ) ग्लोवल वारमिङ्गका जिम्मेवार पक्षको संलग्नतामा यसको न्यूनीकरणवारे छलफल गरी यस्को रोकथाम र नियन्त्रण गर्ने खालका योजना बनाई कार्यान्वियनमा जानु पर्ने देखिन्छ।

ङ) प्राकृतिक सम्पदाको स्थानीय अवस्था तथा वस्तु स्थिति अनुसारको संवेदनशीलताको स्वरुपलाई हेरी आवश्यकताअनुसार वैकल्पिक उपायको खोजी गरी तत्काल कार्यान्वयन गनुपर्ने पर्ने देखिन्छ ।

च) राष्ट्रले विकेन्द्रीकरणको अवधारणा अङ्गिकार गरेको वर्तमान अवस्थामा विकास र संरक्षणका जुनसुकै क्रियाकलापमा स्थानीय निकायको सहभागिता हुनु अपरिहार्य छ। अतः प्राकृतिक सम्पदा संरक्षण तथा ग्लोवल वारमिङ्गका न्यूनीकरणबारेका जुनसुकै योजना बनाउँदा, चाहे त्यो योजना तर्जुमा गर्दा होस् वा कार्यान्वयन गर्दा होस वा अनुगमन तथा, मूल्याङ्कन र समिक्षा गर्दा नै किन नहोस, स्थानीय निकाय (गा.वि.स., न.पा., जि.वि.स.) को सहभागिता गराइनु पर्ने देखिन्छ। यिनी स्थानीय निकायहरुको आ-आफना वार्षिक र आवधिक योजनामा स्थानीय प्राकृतिक सम्पदा संरक्षण तथा ग्लोवल वारमिङ्गका न्यूनीकरणबारेका योजना तथा कार्यक्रमहरु समावेश गरिने र यसका लागि बजेट विनियोजन गर्नु पर्ने देखिन्छ।

**उपसंहार**

वर्तमान समयमा जसरी विकास कार्यलाई दिगो बनाउन जरुरी छ, लोकतन्त्रलाई संस्थागत गर्न जरुरी छ, त्यति नै वातावरण सन्तुलनको लागि प्रयास गर्न, सन्तुलित वातावरणविनाको विकास अधुरो र क्षणिक हुन्छ। सहज र दिगो जीवनयापनका लागि संतुलित वातावरण अपरिहार्य छ। तर पनि मानव समुदायका असीमित चाहना र आवश्यकता परिपूर्तिका लागि विकासका नाममा वातावरणलाई असन्तुलित पारिदै छ, क्षणिक र अस्थायी सुख सुविधाका लागि विलासिततका समाग्रीको अविष्कार गर्दै उत्पादनलाई बढावा दिदै अन्ध-धुन्ध यस्ता सामाग्रीको प्रयोग गरिदै छ, जसबाट स्वच्छ वातावरण खलबलिदै छ, ग्लोवल वारमिङ्गको समस्या बढदो छ। विभिन्न सामाजिक तथा आर्थिक विकासका क्रियाकलापहरु आ-आफै ढंगले संचालन गर्दा हाम्रो वातावरण विग्रदो छ, भावी पुस्ताले समेत उपयोग गर्न पाउनु पर्ने

वातावरणलाई प्रदुषित पारिदै छ, ग्लोवल वारमिङ्गको समस्या बढदो छ। मानव समाज हाल आएर विकासको नाममा छुटै अस्तित्व कायम गर्न प्रयत्नशील देखिन्छ र वातावरणलाई समेत वेवास्ता गरेको छ, ग्लोवल वारमिङ्गको समस्या झन-झन बढाएको छ। मानवीय समाज वातावरणीय संकटमा फस्दै गएको वर्तमान अवस्थाबारे हामी सबैले समयमै सोच्नु, ध्यान पुऱ्याउनु अनि यस्को निवारण गर्न तत्काल पहल गर्नु पर्ने वेला आएको छैन र ?

वातावरणको उपयोगतावादी सिद्धान्तको कारणले वातावरण विनास दिन प्रतिदिन बढदै गएको पाइन्छ। मानजीवनलाई सरलीकृत गर्ने नाममा खोलिएका ठूला ठूला उद्योग एवंम कलकारखानाबाट उत्पादन भएको प्रदुषण र बढ्दो मात्रामा किटनाशक औषधी प्रयोगको कारणले वातावरण थप विनास जटिल ढंगले विनास भएको छ। जसको प्रभावको कारणले ओजनतह घटेर वातावरणमा असन्तुलन आएको छ। हरेक वर्ष पृथ्वीको तापमान बढ्दै गएको छ। जसले गर्दा पृथ्वीमा पाइने प्राकृतिक स्रोतहरु विनास हुदै गएका छन्। पृथ्वीको तापमानको असन्तुलनको कारणले हरेक प्राकृतिक वस्तुको उत्पादन १५ दिन ढिला हुदै छन्।

हाम्रो जस्तो मुलुकमा विकास निर्माणका काम गर्दा होस्, प्राकृतिक स्रोत तथा साधनको बाँडफाँड गर्दा होस्, उद्योग कलकारखाना स्थापना अनि संचालन गर्दा होस् वा योजना तर्जुमा, नीति नियम निर्माण गर्दा होस् वातावरणीय पक्षमा पर्याप्त ध्यान दिन सके ५० % भन्दा बढी हालको वातावरणीय समस्या आफै समाधान हुन सक्ने देखिन्छ। प्रकृतिले सृजना गरेको कुनै पनि वस्तुको प्रयोग गर्दा त्यसको क्षमता अनुसार उपयोग गर्नमा ध्यान दिनसके हाम्रा भावी सन्तति (पुस्ता) को लागि प्राकृतिक स्रोत तथा साधनमाथिको अधिकार र पहुँचलाई सुरक्षित राख्न सकनेछौँ, अन्यथा हाम्रा भावी सन्ततिको प्राकृतिक स्रोत तथा साधनमाथिको अधिकार हननूका कारक तत्व हामी नै हुने छौँ। ग्लोवल वारमिङ्गका कारण बनस्पति तथा वन्यजन्तु लोपका कारक हामी नै बन्ने छौँ। हाम्रा भावी सन्ततिले हामीलाई धिकार्ने छन्। यो परिस्थितीलाई बुझ्नु र समाधान खोजनु आजको चुनौती हो। यस्तो चुनौतीलाई सहजरुपमा लिई समाधानका लागि प्रत्येक व्यक्तिले आ–आफ्नो स्थानबाट आफ्ना भावी सन्ततिका लागि प्राकृतिक स्रोत तथा साधन सुरक्षित राख्ने अभियान छेडन जरुरी छ, ग्लोवल वारमिङ्गको समस्या न्यूनिकरण हेतु उचित कदम चाल्नु जरुरी छ। वातावरण संरक्षण अनि ग्लोवल वारमिङ्ग न्यूनीकरण जस्तो महान कार्यमा नेपाल सरकार, राजनैतिक पार्टी, नागरिक समाज तथा गैरसरकारी संस्थाहरुको प्रतिबद्वताको खाँचो छ, यो खाँचोलाई पुरा गर्न आजका युवालाई सफलता मिलोस् यही नै मेरो शुभकामना छ।

# शंकरनगर सामुदायिक वनदेखि वन विहार तथा अनुसन्धान केन्द्रसम्म

**दुर्गा पौड्याल**
तिलोत्तमा ३ शंकरनगर

**ऐतिहासिक पक्ष**

'हरियो वन नेपालको धन' भन्ने कुरा हामीले आफनो होस् सम्हाले देखि सुन्दै आएका हौ र हामीले पढ्ने पाठयपुस्कमा पनि यही कुरा पढेका थियौं । हुन पनि त्यस्तै थियो पहिला नेपालको वनजंगल । वनजंगल र कृषि देशका मुख्य आयआर्जका बाटा थिए । त्यसैले नेपाल कृषि प्रधान देश भनिन्थ्यो ९५ प्रतिशत मानिस कृषिमा आधारित थिए । हाम्रो देश खाद्य सामाग्री निर्यात गर्ने देशमा पर्थ्यो त्यो समयमा । यस्तै हामीले पढयौ लेख्यौ र देख्यौं पनि । देशको अर्थतन्त्र वन र कृषिमै धानिएको थियो । समयको परिवर्तनसंगै अन्य देशको सहयोगमा केही उद्योगहरु खुलेका हुन् । ती उद्योगहरु पनि कृषि र वनमै आधारित उद्योगहरु थिए । जो हाल बन्द प्राय भईसकेका छन् ।

देशमा ठूलाठूला वनजंगल थिए । राजामहाराजाहरु जंगलमा शिकार खेल्न जान्थे । अनि बाघ, भालु , गैंडा, हात्ति, मृग, हरिणका शिकार गरेर तिनका छाला, सिंङ, हड्डी, दाह्रा निकालेर घर सजाउने साधन बनाउँथे भन्ने कुरा हामी सुन्थ्यौं । गीत पनि त्यस्तै गाईन्थ्यो ' एकातिर तराईको चारकोशे झाडी छ, अर्कोतिर उच्च शिर ठूलठूला पहाडी छ । वास्तवमै हाम्रो देश घना वनजंगल, नदी नाला, हिमाल पहाड तराई मिलेर बनेको देश हो ।

हामी सानो छँदासम्म पनि वनजंगल प्रशस्तै थियो । मानिसका घर बनाउँने माध्यम यिनै राष्ट्रिय वन नै थिए । वनजंगलकै दाउराले गाउँ र शहरबासीको चुलो जल्थ्यो । वनकै काठपातले मानिसका काठैकाठका घर बन्थे । रक्सौल देखि वीरगंज हुँदै अमलेखगन्जसम्म दाउराको ईन्धनले नेपालमा कुनै समय रेल पनि चल्थ्यो । यो कुरा आजकल कथा जस्तो लाग्न थालेको छ ।

जतिजति जनसंख्या बढ्दै गयो उतिउति बसोबास र कृषिका लागि बन फडानी हुन थाल्यो । हालको शंकरनगर पनि पहिला घना जंगल थियो । शंकरप्रसाद भन्ने व्यक्तिले पाएको बिर्तामा वन फडानी गराएर वस्ती बसालेको हुनाले यो समुच्चा क्षेत्रलाई शंकरनगर भन्न थालियो । यस क्षेत्रभित्र पर्ने वन पनि शंकरनगर वन बन्यो । अहिलेको १६ तपाहा कुलोदेखि पूर्व वन क्षेत्र नै थियो । नयाँ कटान गरेर वस्ती बसेको ठाउँ हुनाले यो क्षेत्रलाई पहिला पहिला नव कट्टी पनि भनिन्थ्यो । यो क्षेत्र समग्रमा हालको शंकरनगर,आनन्दवन करैयासम्म पर्थ्यो । पहिले सरकारले शुरु गरेको बन फडानी गरेर बस्ती बसाल्ने काम पछिपछि पहाडतिरबाट झरेर जवरजस्तीमा पनि परिणत हुँदै गयो । वनभित्रका प्रतिजग्गा वनका छेउछाउ सबैतिर मानिसहरु पहाडतिरबाट झरेर कोही आफू खुशी त केही राजनैतिक दलहरुले वस्ती बसाल्न शुरु गरे । यसरी सुकुम्बासीको नाममा हुकुमबासीले पनि धेरै जग्गा जमिन ओगटेर बसे । सुकुम्बासी वस्ती बढ्नेक्रमसँगै यो वन

क्षेत्र खुम्चिदै गयो । यद्यपि यो समस्या अहिलेसम्म सरकारकै वन सम्बन्धी फितलो नीतिका कारण रोकिएको छैन ।

२०३६ सम्म यो शंकरनगर वन, आनन्दवन गाउँ पञ्चायतमा पर्थ्यो ,त्यसपछि आनन्दवनबाट छुट्टिएर शंकरनगर गाउँ पञ्चायत भयो र २०४७ सालपछि शंकरनगर गाउँ पालिका हुँदै हाल यो तिलोत्तमा नगरपालिका भित्रको एक,तीन,चार पाँच वडामा समेटिएको छ । शंकरनगरको पूर्वपट्टी घना जंगल थियो र अझै पनि केही छ। यो बन पहिला राष्ट्रिय बन नै थियो । वनमा डि एफ ओ,रेन्जर र वनपाले जस्ता कर्मचारी थिए । पछि शंकरनगर सामूदायिक वन नामाकरण भएको हो । समुदायमा हस्तान्तरण भएपछि संचालक समिति चयन गरेर वनको रेखदेख गर्ने र बिक्री वितरण काम शुरु हुन थाल्यो ।

पहिला आनन्दबन गाउँपञ्चायत भित्रका शंकरनगर लगायत करैया, टिकुलीगढ, सम्मका मानिसहरुको साझा वन थियो शंकरनगर वन । सरकारले हरेकवर्ष दुई किसिमका पुर्जी खोल्थ्यो, एउटा घरसंघा पूर्जी र अर्को जर्ना पूर्जी । घरसंघार पूर्जीमा घर बनाउने काठ ल्याउँथे भने जर्ना पूर्जीबाट दाउरा । गाउँलेहरु पुर्जीलिएर लडियाका (गोरु र राँगाले तान्ने गाडा) लडिया सुकेका काठ दाउरा जंगलबाट ओसार्थे र घर बनाउने काठ देखि बर्ष दुईबर्षलाई दाउराको जोहो गर्थे । त्यसका अतिरिक्त दैनिक दाउरा काटेर बेचेर दैनिकी गुजारा चलाउनेको संख्या पनि उत्तिकै हुन्थ्यो । ईन्धनको अन्य विकल्प थिएन । दाउरा नै ईन्धनको मुख्य श्रोत थियो । हामी पनि ती मध्येकै थियौं ।

त्यसका अतिरिक्त गाई भैसी बाख्रा पाल्नेहरुका लागि घाँसपात सबै यही शंकरनगर राष्ट्रिय वनबाट प्राप्त हुन्थ्यो । यही वनका दाउरा घाँसबाट धेरैको रोजीरोटी पनि चलेको थियो । त्यसो त सालका काठ काटेर रातारात चोरी बिक्री गर्नेको पनि कमि थिएन । धेरैले काठ चोरी गरेरै रोजीरोटी चलाएका थिए । कहिलेकाही पक्डिन्थे पनि तर कोही वनपालेसंग मिलेर काठ चोरी निकासी गर्थे । ती काठचोर हुन् भनेर मानिसले भन्थे चिन्थे तर समातिदैनथे । देशभरिका वनजंगलको अवस्था त्यस्तै थियो । त्यसले गर्दा वन दिनहुँजसो मासिने क्रममा थियो । एकप्रकारले कुनैकुनै वन क्षेत्रहरु त उजाड नै बनेका थिए । हरेकपटक काटिरहने तर नयाँ विरुवा नरोप्ने गर्दा वन मासिनु स्वभाविक नै हो । त्यसैमाथि सुकुम्बासीले पनि धेरै जंगलमासिरहेको अवस्था थियो ।

**२०४६ पछिको अवस्था**

पछिल्लो समयमा सरकारले वन नीतिमा परिवर्तन गरयो । सोही अनुसार यी वनहरु सामुदायिक वनमा परिणत भए । त्यही नीति अनुसार यो शंकरनगर बन पनि सामुदायिक वन बन्यो । यसको संरक्षणका लागि पदाधिकारीहरु चयन भए र यसको रेखदेख सबै तिनै पदाधिकारीहरुद्वारा हुन थाल्यो भने, सामुदायिक बन बनेपछि उजाड भएका वनहरु पनि केही बाक्लिन थालेका छन् । यो राम्रो र सकारात्मक काम भएको छ । अहिले पनि सामुदायिक बनको डिपो मार्फत आफूलाई चाहिने काठपात खरिद गरेर ल्याउन पाईन्छ । तर वनमा पसेर जथाभावी दाउरा काठ काट्न बन्देज प्राय भएकोछ भने अर्कोतर्फ देश आधुनिकीकरणतिर प्रवेश गरेकोले पनि ईन्धनका अन्य विकल्प भित्रिएका छन् । यसलेगर्दा वनबाट दाउरा ल्याउने काममा कमि आएको छ । अर्को कुरा मानिसमा पनि वन जोगाउनुपर्छ भन्ने भावनाको विस्तारै विकास भएको छ । यसले गर्दा पनि वनहरु केही जोगिन थालेका छन् ।

**शंकरनगर सामुदायिक वनमा, वन विहार तथा अनुसन्धान केन्द्रको अवधारणा ।**

पहिला यो वन राष्ट्रिय वन थियो भन्ने उल्लेख माथि पनि भएको छ । समुदायमा हस्तान्तरण गरेतापनि यो राष्ट्रकै सम्पत्ति हो । पञ्चायत कालमै यो वनमा हजारौं सुकुम्बासीहरु वनका किनारमा झुपुडा बनाई जग्गा अधिकरण गरेर बस्ने गरेका थिए । जंगल दिनानुदिन मासिने क्रम जारी नै थियो । देशमा पञ्चायती शासन थियो । पछि यहीका जनतालाई पञ्चायती वन नामाकरण गरी संरक्षणको जिम्मा दिएपछि अधिकरण गरेर बसेका सुकुम्बासी हुकुम्बासी सबैलाई हटाउने काम शुरु भयो । अटेर गरेर नहड्नेहरुका झुपडीहरुमा आगो लगाई हटाउने काम पनि भएको हो । यसरी वनलाई संरक्षण गरिएको हो । पछि मात्र शंकरनगर सामुदायिक वन उपभोक्ता समूह गठन गरि श्री ५ को सरकारले सोही उपभोक्ता समितिलाई

५७६ हेक्टर वन क्षेत्र जिम्मा दियो। उपभोक्ता समूलाई वन जिम्मा दिएपछि मात्र यो वनको संरक्षण हुन थालेको हो।

हाल यो शंकरनगर सामुदायिक वन तिलोत्तमा नगरपालिका भित्र पर्छ। यो नगर भित्र पर्ने यो शंकरनगर सामुदायिक वन २०६२ सालदेखि ५७६ हेक्टर वन मध्ये ५१ हेक्टर क्षेत्रफलाई शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रको रुपमा पनि विकसित गरिएको छ।यो शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र विधिवत रुपन्देही जिल्ला कार्यालयमा दर्ता भई काम भईरहेको कुरा यसका संस्थापकहरु बताउँछन्।

शंकरनगर समुदायिक वनलाई किन र कसरी वन विहार तथा अनुसन्धान केन्द्र बनाउने सोंचआयो भन्ने जिज्ञासामा हालका अध्यक्ष श्री बाबुराम अर्यालको भनाइ यस्तो छ।यहाँबाट सुकुम्बासीलाई हटाई सकेपछि यो ठाउँ खुला चउरजस्तो थियो। बनको केही खुला भागलाई आन्तरिक पर्यटकीय स्थल बनाउने उद्येश्यले २०६२ फागुन ६ गते शंकरनगर वन उपभोक्ता समितिका अध्यक्ष उमानाथ कडेलको अध्यक्षतामा एउटा बैठकबसी वनविहार तथा अनुसन्धान केन्द्र बनाउने र्निणय गरिएको हो। जसमा निम्न व्यक्तिको उपस्थिती रहेको थियो।

**वन समितीको तर्फबाट**

| | |
|---|---|
| उमानाथ कँडेल | |
| यमबहादुर खत्री | (सल्लाहाकार वन समिति) |
| मनोरमा सेरचन | सदस्य |
| बाबुराम अर्याल | उपभोक्ता |
| लेखनाथ ज्ञवाली | उपभोक्ता |
| तील बहादुर थापा | |
| डा. लक्ष्मण घिमिरे | पशु चिकित्सक शंकरनगर |
| ई. खेटराज दाहाल | योजनाविद बुटवल (आमन्त्रित) |

सोही छलफलबाट शंकरनगर सामुदायिक वनको थप विकास र प्रर्वद्धन, अनुसन्धान र संरक्षणका लागि भनेर मेरै (बाबुराम अर्याल) संयोजकत्वमा उपसमिति गठनगरि काम शुरु गर्ने निर्णय भयो। जसमा भीमबहादुर खत्री, श्रीमती मनोरमा शेरचन, हरिहर पौडेल लक्ष्मण घिमिरे, लेखनाथ ज्ञवाली, कृष्ण थापा हुनुहुन्थ्यो। शुरुमा सामुदायिक वनको पश्चिम सिमानामा वर पिपल समी लगाउने काम भयो। सामुदायिक वनको ३० हजार शंकरनगर गाविसको ३०/३० हजारगरि जम्मा ६० हजार रुपैयाँ पारिश्रमिक दिएर योजनाविद ई. खेटराज दाहालबाट १० वर्षे गुरुयोजना तयार पार्न लगाईयो। साथै त्यो गुरुयोजना सामुदायिक वनको साधारणसभाबाट पारित भयो। त्यसपछि बल्ल पिकनिक स्पटहरु,चिडियाखाना पार्कहरु बनाउन शुरु भयो। पहिला सामुदायिक वनबाट २ वटा पिकनिक स्पट टिनले छाएको टहरा मात्र बनाईएको हो। त्यसपछि बिस्तारै बढाउँदै लगिएको हो। त्यसैगरि कृष्णबहादुर थापाबाट पनि केही मोडलहरु बने। चिडियाखानाको अवधारणा पनि आयो। सोही अनुसार शुरुमा एकजनाले घरमा पालेको मृग १२ हजारमा खरिद गरि राख्न थालेको र पछि डि एफ ओ यमबहादुर थापाले निलगाई संरक्षण गरिदिन भनि दिनुभयो। त्यही निलगाईले दुईवटा बच्चा जन्मायो। यसरी चिडियाखाना बन्न शुरु भयो। त्यसैगरि बालबालिकालाई खेल्न सामुदायिक बनले काठको चर्खे पिङ्ग बनाईदियो। यहाँ हेर्न र पिङ्ग खेल्न आउनेलाई प्रतिव्यक्ति प्रवेश शुल्क ३ रु लिन शुरु गरियो। यसरी यसको बिस्तारै स्तरोन्नति गर्दै लगियो। २०६४ साल पौष १४ गते यस वन विहार तथा अनुसन्धान केन्द्रको विधिवत उद्घाटन भयो। तात्कालिन सभामुख सुभाष नेवाङबाट उद्घाटन भएको हो र शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र नामाकरण गरि यसको उद्घाटन भएको हो।'

वन विहार तथा अनुसन्धान केन्द्र जिल्ला कार्यालय रुपन्देहीमा दर्ता भएपछि र विधीवत उद्घाटन भईसकेपछि यसले एक पटक मेला लगाउने काम पनि गरयो। शुरुमा प्रवेश शुल्क रु ३ थियो हाल त्यसबाट बढाएर रु ४० पुगेको छ। हालसम्म वन विहार भित्र ठूला पार्कहरु बनेका छन्, बगैचादेखि मिटिङ्ग हल पनि बनेको छ, पुस्तकालय हल बनेको छ। सहिद स्मारक बनेको छ र चारैतिरका दृश्यावलोकनका लागि भ्यु टावर बन्ने क्रममा छ, थुप्रै पिकनिक स्पट बनेका छन्, पिकनिक सेटको तुलनामा शौचालयको केही कमि त छ तर छ र पानीको व्यवस्था ठिकै छ। ध्यान केन्द्र लगायत जिल्लास्तरीय चिडियाखाना बनाउने पनि यसको लक्ष्य रहेको

छ। केटाकेटीहरुका लागि आधुनिक खेलसामाग्रीहरु जडान गरिएको छ। मिनी चिडिया खाना तयार भएकोछ र त्यसमा २५, ३० प्रकारका जनावरहरु मयुर लगायतका पंक्षीहरु र अजिङ्गरहरु राखिएकोछ। तिनको रेखदेख र जनावरहरुको रेखदेखका लागि २२ जना बढी कर्मचारीहरु तलवी छन्। यहीको आम्दानीले त्यहाँ राखिएका जनावरलाई दाना पानी र कर्मचारीलाई तलव पुगेको छ। समग्रमा भन्दा यो वन विहार वन बाटिकाका नामले जनजिब्रोमा संस्थागत भएको छ।'

वास्तवमा भन्नुपर्दा जनसंख्याको चाँप दिनानुदिन बढेर गएको अवस्थामा खुला ठाउँ, खुला वातावरण हराईसकेको अवस्थामा यो वनवाटिकाले निकै राहत पुराएको छ। करिव तीन चार वर्ष यता वनवाटिका भित्र घुम्ने ,मर्निङ्वाक गर्ने पिकनिक आउने विहे, ब्रतबन्ध गर्नेको लर्को नै लाग्ने गरेको छ। हरेक दिन सयौको सख्यामा त्यहाँ घुम्नआउँछन् भने शनिवारशनिबार त त्यहाँ भिडभाड नै हुन्छ। त्यसैगरी बिशेष बिशेष दिन होली,माघे संक्रान्ती लगायत पिकनिकका समयमा त्यहाँ खुट्टा राख्ने ठाउँ हुँदैन। त्यहाँको सचिवालयको रिर्पोट अनुसार पनि दुईलाख भन्दा माथि आन्तरिक र बाह्रय पर्यटक आउने गर्छन्। यसबाट वर्षमा कति आम्दानी हुन्छ कति खर्च हुन्छ भन्ने मेरो विषय रहेन। हरेक वर्षका साधारण सभामा यसको लेखाजोखा हुन्छन्। म मात्र यसको सकारात्मक पाटो र अहिलेसम्मको वनबारे आफुले जाने सुनेका कुरा उल्लेख गरेकी मात्र छु।

वास्तवमा शंकरनगर बनबाटिका तथा अनुसन्धान केन्द्र रहेको यो ठाउँ एउटा खुला वातावरमा श्वास लिने, खेल्ने, हाँस्ने, बोल्ने, खाने पिउने नाँच्ने गाउने ठाउँ पाएको छ यो क्षेत्रले त्यसका अतिरिक्त वनका काठपातले गाउँले सबैको गर्जो टार्ने काम त भएकै छ भने व्यवसायिक रुपमा गाई, बाख्रा, भैसी पाल्नेलाई पनि घाँस काट्ने ठाउँ भएको छ। गृहिणीहरुले समेत वनबाट पात ल्याएर जुना टपरी खुटेर, सालका पात बेचेर जीबिका चलाउन पाएका छन्। भने बाटिका भित्र घुम्न आउने, आनन्द लिन आउनेहरुको सुबिधाकोलागि त्यहींभित्र चिया खाजा चिसो तातोको व्यवसाय चलाएर बस्न पनि पाएका छन्। समग्रमा वन वाटिकाबाट सबैले आनन्द लिन पाएका छन्। मात्र यसको सरसफाई र स्वच्छता हरियालीमा ध्यान दिईरहने हो भने यो ठाउँ शंकरनगरबासीले गौरव गर्ने ठाउँ बन्ने छ। भोलिका दिनमा यो वनबाटिका नेपाल र छिमेकी देशहरुमा समेत परिचित बन्नेछ। लुम्बिनी आउने पर्यटकहरु पनि एकपटक वनबाटिका घुमेर जाउँ भनि त्यहाँ पस्नेछन् र आनन्द लिनेछन् अझै भन्नुपर्दा प्रदेश नं ५ को राम्रो पर्यटकीय स्थल बन्नेछ भन्ने आशा राख्न सकिन्छ ।

# सामुदायिक वनमा पर्यापर्यटनः अभ्यास र सम्भावना

**युवराज कंडेल**

विश्व शान्तिको मुहान लुम्बिनी पछिका आन्तरिक र बाह्य पर्यटकका रोजाईका उत्कृष्ट थलो हुन् -शंकर नगर वन बाटिका, बाउन्नकोटी वनबाटिका र  दानापुर ताल। यी तीनवटै पर्यटकीय गन्तव्यहरुमा वर्षेनी ठुलो संख्यामा पर्यटकहरु घुमफिर गर्न, पिकनिक खान पुग्ने गरेका छन्। यी तिनवटै पर्यटकीय गन्तव्यहरुमा एउटा समानता छ- त्यो समानता भनेको यी सबै सामुदायिक वन अन्तर्गत नै पर्छन्। चितवन राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा रहेका केहि सामुदायिक वनहरुले मात्र निकुन्जको सहयोगमा पर्यटकीय गतिविधिहरु संचालन शुरु गरेको अवस्थामा शंकर नगर सामुदायिक वन समूह अन्तर्गतको आंशिक बुट्यान भएको सानो क्षेत्रलाई तारवार गरि पार्क बनाउन शुरु गरिएको थियो। त्यहि पार्क अहिले विस्तारित र विकसित हुदै पार्क, वनभोज स्थल, मिनी जूको एकीकृत रुपमा शंकर नगर वन बाटिकाको रुपमा प्रख्यात भैरहेको छ। यहा वर्षेनी भौतिक संरचना, वातावरणिय अवस्थमा सुधार, पर्यटकीय पूर्वाधारमा विकास जस्ता कामहरु थपिदै गएका छन् र यो लुम्बिनी पछि सबैभन्दा धेरै पर्यटकहरु भित्राउने पर्यटकीय थलो बनिरहेको छ।

सुनसरी जिल्लाको धरान उप-महानगरपालिका अन्तर्गत धरान बजार वरपर रहेका छ वटा सामुदायिक वन समूहहरूले वनको संरक्षण, संवर्धन तथा सदुपयोग गर्नुको साथै मनोरञ्जनको लागि पिकनिक स्पट, चिल्ड्रेन पार्क निर्माण गर्ने, विभिन्न प्रजातीका वन्यजन्तु संरक्षण गरी मिनी जू समेत स्थापना गरेका छन्। उल्लिखित क्रियाकलापहरूबाट वन समूहहरूले आर्थिक आम्दानी गर्दै आएका छन्। चितवनको बाघमारा, चित्रसेन, कुमरोज सामुदायिक वन पर्यटक आकर्षणको हिसाबले महत्त्वपूर्ण मानिन्छ। यि वनले हरेक दिन पर्यटकहरूको आगमनबाट मुद्रा आर्जन गर्दै आएका छन्। पर्यटकको आगमनबाट हुने आम्दानीले समूहका केही व्यक्तिहरूलाई रोजगारीको अवसर मिलेको छ। इलामको समालबुङ गाविसमा रहेको अन्तुडाँडा सामुदायिक वनले सुर्योदयको दृश्य समेत बेच्दै आएको छ। उनीहरूको सामुदायिक वनबाट सूर्योदयको मनोरम दृश्य देख्न सकिने हुनाले सूर्योदयको दृश्य अवलोकन गरी आनन्द लिन आउने स्वदेशी तथा विदेशी पर्यटकहरूबाट उनीहरूले निश्चित शुल्क लिने गरेका छन्। पछिल्ला दिनहरुमा सामुदायिक वनले पर्या-पर्यटनको क्षेत्रमा हासिल गरेका यस्ता सफलताका कथाहरु धेरै सुन्न थालिएको छ। सामुदायिक वनमा पनि पर्यटन सम्भव छ भन्ने कुराको उदाहरण शंकरनगर वन बाटिकाले प्रस्तुत गरेको थियो भन्दा फरक पर्दैन। शंकर नगर वनबाटिकाले मध्यवर्ती क्षेत्र भन्दा बाहिर र परम्परागत पर्यटकहरु आउने बाटो भन्दा फरक ठाउँमा पनि पर्यटकीय गतिविधिहरु संचालन गर्न र सफलता हासिल

गर्न सकिन्छ भन्ने उदाहरण पेश गरीपछि अहिले सामुदायिक वनमा पनि पर्यटन गतिविधिहरु संचालन गर्ने लहर देशभरी नै चलेको छ। वनमा पानी र टहराको निर्माण गरेर वनभोज खानेलाई सुविधा दिनेदेखि लिएर सामुदायिक वनको केहि भागलाई तारबार गएर पार्क निर्माण, रुख र वनस्पतिको ढाचा र अवस्थामा परिवर्तन गरेर पर्यटकीय स्वरूप निर्माण, वन भित्रका तालतलैया र मुहान संरक्षण गरेर जालविहार तथा भू-दृश्यको संवर्द्धन गरेर पर्यटनलाइ प्रवर्धन गर्ने काममा सामुदायिक वनहरू लागि रहेका छन्। केहि सामुदायिक वन समुहहरुले समुदायसँग मिलेर घरबास ( होमस्ते ) संचालन र पर्यटकहरुको लागि कोशेली उत्पादन समेत गरिरहेका छन्।

नेपालमा सामुदायिक वनको रुपमा समुदायले वनको व्यवस्थापन गर्न थालेको ३ दशक पुगिसकेको भएपनि लामो समयसम्म यी वनबाट वन पैदावार संकलन , उपयोग र विक्री बाहेक अरु तरिकाबाट समेत आम्दानि हासिल गर्न सकिन्छ भन्ने कुरामा ध्यान नै दीइएन। ऐन कानूनहरुमा व्यवस्था नभएपनि केहि सामुदायिक वन समुहहरुले गैह्र व्यवसायिक उद्धेस्यले ५० को दशकमै वन भित्र पार्क र पिकनिक स्थल निर्माण गर्न थालिसकेका थिए। सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०५८ लाई २०६५ सालमा संसोधन गरेपछि सामुदायिक वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवं जैविक विविधता संरक्षण, भुदृश्य-सौन्दर्य तथा कार्वन-संचिति जस्ता वातावरणीय सेवाहरूको संभावनाको खोजी गरी तिनको उपयोग गरेर आयआर्जनको अवधारणालाई अगाडि बढाउन सकिनेछ भन्ने कुराहरु थप गरेपछि धेरै सामुदायिक वनहरुका कार्य योजनामा पर्यापर्यटनका कुराहरु समावेश हुन थालेको देखिन्छ। सामुदायिक वन समुहहरुले पर्या-पर्यटनमा उल्लेखनीय उपलब्धि हासिल गर्ने सम्भावना देखेर वन ऐन २०४९ को दोश्रो संसोधन २०७३मा सामुदायिक वन उपभोक्ता समूहले जिल्ला वन कार्यालयमा दर्ता गरी स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने (दफा ३० ख) व्यवस्था समावेश गरेको थियो। यहि असोज २७ गतेदेखी वन ऐन, २०७६ कार्यान्वियनमा आएको छ। यस ऐनको दफा १५को उपदफा १( घ) पर्यापर्यटनका लागी वन संरक्षण क्षेत्र बनाउन सक्ने ब्यवस्था गरिएको छ। त्यसैगरि दफा ३४मा उपभोक्ता समुहले तोकिए बमोजिमको प्रक्रिया अवलम्बन गरी स्वीकृतत कार्ययोजनाले निर्दिष्ट गरेका वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम आफैले वा स्थानीय तह वा संघसंस्था वा निजी क्षेत्र वा सहकारीसंगको साझेदारीमा वन उद्यम र पर्यापर्यटनका कार्यक्रम सञ्चालन गर्नसक्ने ब्यवस्था गरिएको छ। वन ऐनमा पहिलोपटक गरिएको यस्तो ब्यवस्थाले सामूदायिक वन समूहहरुलाई कानूनी रुपमै पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न बाटो खुलेको छ।

पछिल्लो पटक नेपाल सरकारले आर्थिक वर्ष २०७५/७६ को लागि वन मन्त्रालयको स्वीकृत कार्यक्रममा सामुदायिक वनमा पर्या-पर्यटन कार्यक्रम समावेश गरेको छ। चालु आर्थिक वर्षमा संघीय सरकारले १०० वटा सामुदायिक वनमा पर्या-पर्यटन प्रवर्धन गर्न एक करोड रुपिया , प्रदेश मन्त्रालय अन्तर्गत ७ सय सामुदायिक वनमा पर्या-पर्यटन प्रवर्द्धन हुने लक्ष्य लिएर सात करोड रुपिया विनियोजन गरिएको छ। त्यसैगरी स्थानीय तह अन्तर्गत संचालन हुनेगरी ९ करोड १५ लाख ८९ हजार रुपैया विनियोजन गरिएको छ। ५८८ वटा स्थानीय तहका कम्तिमा एउटा सामुदायिक वन समुहलाई एक लाख देखि ५ लाख रुपैया उपलब्ध गराई सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धनका कार्यक्रमहरु संचालन गर्ने वन मन्त्रालयको योजना रहेको छ। सामुदायिक वनमा पर्या-पर्यटन सञ्चालन गरी जैविक विविधता संरक्षण, दिगो वन व्यवस्थापन र स्थानीय तथा राष्ट्रिय समृद्धिमा योगदान पुऱ्याउने लक्ष्यका साथ सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यविधि २०७५ समेत ल्याइएको छ। वन तथा वातावरण मन्त्रालयले पर्यटकीय सम्भावना रहेका सामुदायिक वनमा वन पैदावारको उत्पादनसहित वातावरणीय सेवाको प्रवर्द्धन गरी पर्या-पर्यटन सञ्चालन गर्न कार्यविधि जारी गरेको हो।

सामुदायिक वनमा पर्या-पर्यटन व्यवसाय संचालन गरि जैविक विविधता संरक्षण लगायतका वातावरणिय सेवाको प्रवर्द्धन तथा सदुपयोग गर्ने, पर्या-पर्यटन व्यवसायलाई समुहको वैकल्पिक आयश्रोतको रुपमा स्थापित गरि आम्दानि र रोजगारीका अवसर सहितको वातावरण मैत्री विकासमा योगदान पुऱ्याउने, समूह र सहकारी, स्थानीय तह वा निजी क्षेत्र (जहाँ जुन सम्भव छ) को व्यावसायिक साझेदारीमा पर्यापर्यटन व्यवसाय सञ्चालन गरी स्थानीयस्तरमा संरक्षण तथा समृद्धि हासिल गर्ने कार्यविधिको उद्देश्य रहेको छ ।

सामुदायिक वनमा पर्या-पर्यटन सम्बन्धि व्यवस्था सामुदायिक वन समूह आफैले वा निजि क्षेत्र, सहकारी,स्थानीय तहको साझेदारी र सहकार्यमा सामुदायिक वनमा पर्या-पर्यटन सम्बन्धि व्यवसाय संचालन गर्न सक्ने व्यवस्था कार्यविधिले गरेको छ। समुहले पर्या-पर्यटन व्यवसाय संचालन गर्न चाहेमा विषय छनौट गरि पर्या-पर्यटन व्यवसाय संचालन गर्ने निर्णय साधारण सभाबाट अनुमोदन गरि कार्य योजनामा समावेश गर्न डिभिजन वन कार्यालयबाट स्वीकृत लिनु पर्नेछ। समुहले निजि क्षेत्रको साझेदारी वा सहकार्यमा पर्यापर्यटन व्यवसाय संचालन गर्ने भएमा कार्यविधिले व्यवस्था गरे अनुसारको आशयपत्र र प्रस्ताव आव्हान, मुल्यांकन, संचालक छनौट तथा करार गरि कार्ययोजनामा समावेश गर्न डिभिजन वन अधिकृतको स्वीकृति लिनु पर्ने व्यवस्था गरिएको छ । सामुदायिक वनले निजि व्यवसायीलाई १० वर्षको लागि करार गरि वनमा पर्या-पर्यटन व्यवसाय गर्न दिनको लागि करारनामा गर्न सक्ने, व्यवसायीको काम सन्तोषप्रद देखिएमा थप एक अवधिको लागि करार गर्न सकिने र करारनामा वा निर्देशिकाको प्रतिकुल हुनेगरी काम गरेमा संचालकलाई हटाउन सक्ने प्रावधान कार्यविधिमा उल्लेख छ। निर्देशिकाले सामुदायिक वनमा वन्यजन्तु पालन सहितको पर्यापर्यटनको लागि विशेष व्यवस्था समेत गरेको छ। यो व्यवस्था अनुसार समुहले सामुदायिक वनको भौगोलिक अवस्था र हावापानी सुहाउदो किसिमको असहाय, घाइते (उपचार पश्चात), मुद्धाको रोहमा प्राप्त भएका, उद्धार गरिएका वन्यजन्तुको संग्रह, पालन र व्यस्थापन गरि वन्यजन्तुको महत्व, स्वभाव,संरक्षणको स्थिति आदिको बारेमा जानाकरी तथा संरक्षण शिक्षा संचालन गर्न सक्नेछन् । यस्तो व्यवस्थाले मिनी जू संचालन गर्न चाहने शंकरनगर वनबाटिका जस्ता सस्थालाई काम गर्न सहज हुने देखिन्छ।

**सामुदायिक वनमा पर्यापर्यटन किन ?**

अहिलेसम्म सामुदायिक वन समुहहरुले घास दाउरा बेचेर आम्दानी गर्ने, हरियाली वृद्धि गर्ने काममा मात्र आफुलाई सिमित गर्दै आएका थिए। कतैकतै वनमा आधारित उद्यम संचालन गर्ने र समुदायलाई परम्परागत उद्यममा सघाउने काम समेत गरेको देखिन्छ। सामुदायिक वनको यस किसिमको उपयोगबाट सिमित व्यक्तिहरुले मात्र लाभ प्राप्त गर्न सकेका थिए । सामुदायिक वनको अहिलेसम्मको अभ्यासले सामुदायिक वनप्रति स्थानीयको अपनत्व कम देखिन्छ। सामुदायिक वनबाट बहुआयामिक लाभको खोजि गर्नेक्रममा सामुदायिक वनमा पर्यापर्यटनको अवधारणा आएको हो । पर्यापर्यटन व्यवसायलाई वन उपभोक्ता समूहको वैकल्पिक आयस्रोतको रुपमा स्थापित गरी आम्दानी र रोजगारीका अवसर सहितको वातावरणमैत्री विकासमा योगदान माध्यमको रुपमा लिइएको छ।

विस्वको पर्यटन क्षेत्रमा तीव्र विकास भइरहेको छ। पर्यटकहरु नयाँ स्वादका पर्यटनमा रमाउन खोज्ने क्रम बढेको छ। नेपालमा ठुलो संख्यामा पर्यटकहरु प्राकृतिक सन्दौर्यतामा रमाउन आउने गर्छन । त्यसैगरी पछिल्लो समयमा नेपालीहरुमा पनि घुम्ने, रमाउने प्रवृति बढिरहेको छ। यी कारणहरुले गर्दा नेपालमा पर्यापर्यटनको सम्भावना उच्च रहेको छ। सामुदायिक वनमा पर्या पर्यटन एक संरक्षणमुखी अवधारणा हो । वनमा भार नपारी समुदायलाई आम्दानी दिने भएकोले यसलाई संरक्षणसंगै रोजगारीको माध्यम बनाउन सकिन्छ। सरकारले ल्याएको निर्देशिकामा सामुदायिक वनमा पर्यापर्यटन व्यवसाय संचालकले आफ्नो व्यवसाय प्रवर्द्धनको लागि स्थानीय स्तरमा

उत्पादित वस्तु, सेवा,कला र सस्कृतिको प्रयोगलाई उच्च प्राथमिकता दिनुपर्ने , स्थानीय जनशक्तिलाई रोजगारीको लागि प्राथमिकता दिनुपर्ने उल्लेख छ। यस अनुसार सामुदयिक वनमा पर्यापर्यटन व्यवसाय संचालन गर्दा स्थानीय कृषि उत्पादन, परम्परागत उत्पादनहरुले बजार पाउने भएकोले स्थानीय बासिन्दाहरुले आफ्नै ठाउँमा बसेर पनि आम्दानि गर्न सक्छन्। त्यस बाहेक पर्यटन व्यावासय संचालनको क्रममा दक्ष र अदक्ष व्यक्तिहरुले क्षमता अनुसार रोजगारी प्राप्त गर्न सक्छन भने सामुदायिक वन बाहिर होमस्टे संचालन, होटेल व्यवसाय, यातायात व्यवसाय संचालन गरेर समुदायले लाभ लिन सक्छ। पर्यटकीय गतिविधिबाट लाभ प्राप्त गरेमा स्थानीय वासिन्दाहरु आम्दानीको लागि वन दोहन गर्ने काम गर्दैनन् र सामुदायिक वन प्रति सकारात्मक धारणा समेत विकास हुदै जान्छ। पर्यापर्यटन व्यवसाय संचालनबाट समुहले आर्जन गरेको रकम समुहको कोषमा रकम जम्मा गरि " सामुदायिक वन उपभोक्त समुहको आर्थिक कार्यविधि निर्देशिका, २०७३" बमोजिम वार्षिक कार्यक्रम तथा बजेट तयार गरि समुहले खर्च गर्न पाउने भएकोले समुहले गरेको आम्दानि सामुदायिक हित, वन व्यवस्थापन र पर्यटकीय पूर्वाधार निर्माणमा लगानी गर्न सक्छन्। यी सबै क्रियाकलापबाट स्थानिय क्षेत्रमा पर्यावरण संरक्षण, कृषि र घरेलु उद्यमको विकास, आतिथ्य उद्योगको विकास जस्ता प्रत्यक्ष उपलब्धिहरु दिर्घकालिन ढंगले प्राप्त गर्न सकिनेछ।

**सामुदायिक वन समुहले गर्नुपर्ने कार्य**

अहिले धेरै सामुदायिक वन समुहहरुले पर्यटनको नाममा पिकनिक स्थल बनाउने काममा मात्र आफुलाई सिमित गरेको देखिन्छ। सामुदायिक वनको केहि क्षेत्रलाई तारबार गरेर पिकनिक सेड बनाउने, विश्राम गृह बनाउने र केहि फूलका विरुवाहरु रोपेर सेल्फी खिच्ने ठाउँ बनाउनुलाइ पर्यटनको शुरुवात गरेको मान्न सकिदैन। समुदायिक वनले पर्या पर्यटनबाट लाभ लिने हो भने सामुदायिक वनभित्र रहेका वनस्पति, जीवजन्तु, भूबनोट, तालतलैया तथा खोला नदि र स्थानीय मौलिक ईतिहास र सभ्यतामा पर्यटकलाई रमाउने अवस्थाको निर्माण गर्नुपर्छ। पर्यटकीय पूर्वाधारको नाममा सामुदायिक वन भित्र कंक्रिटका भब्य संरचनाहरु तयार गर्ने , स्थानीय प्रजातिका वनस्पतिहरु नासेर बाहिर वनस्पतिहरु सामुदायिक वनभित्र हुल्ने, जिवजन्तुलाई साँघुरो स्थानमा थुन्ने, वनभित्र रमाइलो मेला संचालन गर्न खोजियो भने यसले पर्यावरणमा नकारात्मक असर पार्ने र पर्यापर्यटनको मर्म विपरितको काम हुने भएकोले वनको मौलिक स्वरूपमै पर्यटन व्यवसाय संचालन गर्नुपर्छ।

समुदायको सहभागिता र अपनत्व विना वनमा पर्यापर्यटन व्यवसाय संचालन गर्न सकिदैन। त्यसैले स्थानीय वासिन्दाहरुसंग सहकार्य गरि स्थानीय उत्पादनको खपत गर्ने र वन बाहिरपनि पर्यटन व्यवसायको लाभ पुऱ्याउने कुरामा सामुदायिक वन समुहहरुले ध्यान दिनै पर्छ। सामुदायिक वनमा संचालन हुने पर्यापर्यटनबाट स्थानीय सरकारले समेत लाभ लिने भएकोले समुहका हरेक पर्यटकीय गतिविधिहरुलाई स्थानीय सरकारका पर्यटन योजनासंग जोड्नुपर्छ। सामुदायिक वनलाई पिकनिक खाने र फर्कने थलो नबनाई नेचर ट्रेकिंग, वर्ड वाचिंग, जंगल सफारी, हाइकिंग जस्ता कार्यहरु गराई पर्यटकहरुलाई सकेसम्म धेरै समय टिकाउने काम वन समुहहरुले गर्नुपर्छ। पर्यटकहरुको बसाई लम्ब्याउन वन बाहिर रहेका सास्कृतिक सम्पदा, सिमसार क्षेत्रका सरोकारवालाहरु, छिमेकि वन समुहहरुसँग मिलेर पर्यटन योजनाहरु बनाउनुपर्छ। सबै सामुदायिक वन समुहहरुले शुरुमा आफ्नै आम्दानीले पर्यटकीय पुर्वाधारहरु तयार गर्न नसक्ने भएकोले स्थानीय वासिन्दा र विज्ञहरुसंग छलफल गरि दिर्घकालिन पर्यटन योजना बनाएर स्थानीय सरकार, प्रदेश सरकार, पर्यटन र वन मन्त्रालयबाट बजेट प्राप्त गर्ने र ति निकायले बनाउने पर्यटन योजना र कार्यक्रममा आफ्नो सामुदायिक वनले गर्ने पर्यापर्यटनलाई समावेश गर्ने पहल गर्नुपर्छ। यी कार्यहरु गर्न सकेमा अहिले वन र वातावरण संरक्षणमा उदाहरण बनिरहेका सामुदायिक वनहरू देशमा पर्यटन उद्यमलाई उचाइमा पुर्याउन र स्थानीय आर्थिक विकासमा समेत बलिया खम्बा बन्न सक्नेछन्।

yrkandel@gmail.com

# सामुदायिक वन क्षेत्रमा संचालन गर्न सकिने पर्यापर्यटन व्यवसाय सम्बन्धि क्रियाकलापहरू

(सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यविधि २०७५, अनुसुची २ बमोजिम)

क. सामुदायिक वन भित्र वा आसपास ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका मठ, मन्दिर, चैत्य, गुम्बा, झरना, सिमसार लगायका सम्पदाहरुको संरक्षण, व्यवस्थापन र विकासमा टेवा पुग्नेगरी अवलोकन भ्रमण , पदयात्रा, वन विहार, पौडी पोखरी, जलविहार जस्ता कार्यहरु संचालन,

ख. प्राकृतिक सौन्दर्य, भूदृश्य एवम वन्यजन्तुको अवलोकनको लागि मचान निर्माण र संचालन,

ग. सामुदायिक वनमा पाइने काष्ठ, गैह्र काष्ठ वनस्पति प्रजाति र वन्यजन्तु लगायतका जैविक विविधता सम्बन्धि सुचना केन्द्र स्थापना र संचालन,

घ. असहाय, मुद्धाको रोहमा प्राप्त भएका तथा उद्दार गरिएका वन्यजन्तुको संग्रह, पालन तथा मिनी चिडियाखानाको स्थापना र संचालन,

ङ. जंगली पुष्प बगैचा, जैविक विविधता पार्क, ईको-बाल उद्यान आदि संचालन गर्ने,

च. न्युनतम क्षेत्रफल (समग्र वन क्षेत्रको दश प्रतिशत वा पाँच हेक्टरमा जुन न्यून हुन्छ सोहि) मा नबढ्ने गरि स्थायी भौतिक संरचना निर्माण गर्न,

छ. बास, बेत, ख खदाई आदि स्थानीय सामग्री र प्रविधि प्रयोग गरि तोकिएको स्थानमा कटेज, प्रतिक्षालय, गोलघर, आराम स्थल, अस्थायी पसल, तथा रेस्टुरेन्ट आदि निर्माण गरि संचालन गर्न,

ज. वातावरणमैत्री हरित पुर्वाधारहरु निर्माण,पिकनिक स्पटको व्यवस्थापन,

झ. हात्ती सफारी, हर्स राइडिंग, वर्ड वाचिंग, वटरफ्लाई वाचिंग, फिसिंग, भिडियोग्राफी, साइक्लिंग, फोटो टुर, क्यानोपी वाक, हाइरोप, केवल कार आदि संचालन गर्ने

# समृद्धिको आधार लुम्बिनी र शंकरनगर वनविहार

**प्रा.डा. गितु गिरी (त्रि.वि.)**
भैरहवा

लुम्बिनीको आसपासमा रहेका विभिन्न स्थानहरूमध्ये पेडरानी र मदरानीको छेउँमा अवस्थित शंकरनगर वनवाटिका तथा अनुसन्धान केन्द्र पनि एउटा रमणीय मानव उपयोगी थलो हो। प्राचीन कपिलवस्तुको राजधानी सहर तिलौराकोटबाट कोलियराज्य देवदह आवतजावत गर्दा उपयोग गरिएको मार्गमा पर्ने विभिन्न स्थानहरूमध्ये यसको आफ्नै मौलिक अस्थित्व रहेको देखिन्छ। यसको पूर्वी तटमा रोहिणी नदी अबिरल बहिरहनु, यो नै शाक्य र कोलियको पूर्वी सिमाना हुनु, वनविहार क्षेत्रको उत्तर-पूर्वपट्टि प्राचीन वास्तुकला र प्रविधिमा आधारित चक्के इनारको भौतिक अस्तित्व रहिरहनु, निकट क्षेत्रमा अवस्थित कन्यामाई, बैरीमाई, घोडाहा, बंगलाबंगाली आदि क्षेत्रमा पुरावशेष रहनु आदि सबुतका आधारमा समेत शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रको भौगोलिक क्षेत्र आफैमा पुर्खाको धरोहरको रूपमा जीवन्त रहेको देखिन्छ। वर्तमान अवस्थामा घना वनजंगलको रूपमा परिणत भएपनि यो क्षेत्र पुरानो मानववस्तीको रूपमा रहेको प्रतीत हुने गर्दछ। यहाँको इनारसँग तादात्म्यता राख्ने इनारहरू तिलोराकोट, लुम्बिनी, सैनामैनाका रानी कुवा, पत्थर कुवा, ठूलो कुवा, सेमलारको भूत कुवा, डिङनगर कुवा आदि रहेका छन्। यसको नजिकै पर्ने कुमारवर्ती माई तथा भैरवस्थानको विशेष पहिचान छ। उत्तरपट्टिको १ करोड १० लाख बर्ष पुरानो मानवसम रामापिथेकसको क्रिडास्थल र पाषाण संस्कृति जस्ता यहाँका जब्बर सबुतप्रमाण छन्। यसको तात्पर्य यो क्षेत्र आधुनिक वनवाटिका मात्र नरहेर मानव पुर्खाको धरोहरसमेत रहेको स्पष्ट भएको छ।

यसको विकास र विस्तारको लागि स्थानीय जनसमुदाय वि.सं. २०६२ सालदेखि अनवरत लागि परेकाले यसको भौतिक संरचनामा परिवर्तन आएको छ। यहाँ निर्माण भएका विभिन्न पार्क, सूचना केन्द्र, पुस्तकालय, चिडियाखाना, नर्सरी, पिकनिक स्पट, गार्डेन, बाल उद्यान, चिडिखाना आदि विशेष उल्लेखनीय छन्। यसका विभिन्न लक्ष्य मध्ये पृथ्वी, जनता, समृद्धि, शान्ति र सहकार्य रहेका छन्, जसलाई विश्वव्यापीकरण रूपमा दिगो विकासका लक्ष्यमा समाविष्ट गरिएको छ। यसले एकातिर पर्यावरणीय संरक्षण गरेको छ भने अर्कोतिर जीवजन्तुलाई सन्तुलित वातावरण प्रदान गर्नमा समेत विशेष भूमिका निर्बाह गरेको छ। प्रकृति (Planet) का विभिन्न स्रोत र साधनसँग समन्वय र सहकार्य गरी मानव (People) ले आफ्नो जीवनलाई सहज र सरल बनाउने सिलसिलामा यस वनविहारले नमूनाको काम गरेको छ। समृद्धि (Prosperity) को निम्ति यसले ठूलो भूमिका निर्बाह गरेको छ। यहाँ केही जनशक्तिको प्रत्यक्ष खपत भएको छ भने कैयन्को अप्रत्यक्ष ढंगबाट समृद्धिमा टेवा पुगेको छ।

यहाँको सहकार्य, सद्भाव, समावेशिता, समानुपातिक तथा सदाचार समाजकै अनुकरणीय छ। यसले शान्ति (Peace) निम्त्याएको छ। वाटिका र पार्कका कुनाकुनामा शान्तिका तरङ्गहरू फैलिएका छन् । शान्तिले यहाँको जीवनस्तर रूपान्तरणमा सहयोग पुप्याएको छ। यसको लागि नागरिक समाज, विभिन्न संघसंस्था, सार्बजनिक निकाय, सहकारी तथा निजी क्षेत्रको सहकार्य (Partnership) छ। यसको विकास र विस्तारले राष्ट्रिय लक्ष्य- "समृद्ध नेपाल सुखी नेपाली " र प्रदेश नं. ५ को लक्ष्य- "समृद्ध प्रदेश खुसी जनता" पुरा गर्न सहयोग पुप्याउने छ।

विश्वमा चिन्ताजनक ढंगले बिग्रिदै गएको वातावरणीय चुनौती, पर्यावरणीय सन्तुलन, गरिबी निवारण, भोकमरीको अन्त्य, नवीन औद्योगिक खोज, जैविक विविधताको संरक्षण जस्ता क्षेत्रहरूमा पनि यस अभियानले अहम् भूमिका निर्वाह गर्दैआएको छ। दिगो बिकासका ५ स्तम्भ, १७ वटा लक्ष्य र १६९ वटा सूचकको लागि यस अनुसन्धान केन्द्रले विशेष योगदान दिएको छ। फिजीमा जस्तै यहाँका ससाना अन्तर वस्तुको पहिचान गरी पर्यटन उद्योगलाई विस्तार गर्न सकिने पर्याप्त आधारहरू सिर्जना भएका छन्। नेपालमा प्रस्तावित समृद्धिका ४ आधारमा उच्च तथा समावेशी राष्ट्रिय आय, मानव पूँजीको विकास र पूर्ण उपयोग, आधुनिक पूर्वाधारमा आबद्धता तथा पहुँच तथा उत्पादन र उत्पादकत्व पर्ने भएकाले यसको लागि यस अनुसन्धान केन्द्रको ठूलो भूमिका रहने छ।

यहाँका बासिन्दा खुसी र सुखी हुनको लागि आवश्यक पर्ने पूर्वाधार जस्तैः यातायात, संचार, सूचना, गास, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा आदिको निम्ति पनि यसले विशेष भूमिका निर्वाह गरेको छ। अझ यसको विकास र विस्तारको लागि आवश्यक पर्ने पूर्वाधारमध्ये सञ्जाल संरचनाको विकास एउटा महत्वपूर्ण पाटो हो। यहाँ रहेका संभावनाहरूमध्ये लुम्बिनीमा आउने अतिथिहरूलाई आकर्षित गर्नसक्नु सबल पक्ष रहेको छ। लुम्बिनीमा प्रत्येक वर्ष झण्डै ९० मुलुकका अतिथिहरू आउने गर्दछन्। तेस्रो मुलुकका पर्यटको संख्या सन् २०१६, २०१७ र २०१८ मा क्रमशः १३६२५३, १४५८१४ र १६९१८० रहेको छ। त्यसैगरी भारतीय पाहुनाको संख्यापनि सन्तोषजनक छ। तेस्रो मुकुक, भारती र आन्तरिक गरी सन् २०१६, २०१७ र २०१८ मा क्रमशः १२,८५,६८०, १५,५२,६०४ र १५,३२,१३४ पर्यटकहरू लुम्बिनी भ्रमणमा आएका थिए। यो संख्याको केही प्रतिशतलाई यहाँ आकर्षित गर्न सकेमा ठूलो मात्रामा आय आर्जन तथा स्थानीय रोजगारका अवसरहरू सिर्जना हुने देखिन्छ। एकातिर आन्तरिक पर्यटकलाई आकर्षित गर्नुपर्ने छ भने अर्कोतिर भारतीय र तेस्रो मुलुककालाई पनि पूर्वाधार तयार पारिनु पर्दछ। यस्ता क्षेत्रमा विशेष पहल गर्न सर्बप्रथम यहाँको योजना प्रभावकारी हुनुपर्दछ। तसर्थः यसको विकास र विस्तारमा लुम्बिनीको विशेष भूमिका रहने भएकोले यस रचनामा लुम्बिनीलाई केन्द्रबिन्दु मानी केही तथ्यहरू उजागर गर्ने जमर्को गरिएको कुरा पाठकबृन्दमा स्मरण गराइएको छ।

लुम्बिनी बुद्धधर्मका प्रवर्तक तथा एसियाका तारा सिद्धार्थ गौतम बुद्धको जन्मस्थल भएकोले विश्वको शाान्तिथलोको रूपमा लोकप्रिय भएको छ। यहाँ प्रत्येक वर्ष हजारौ स्वदेशी तथा विदेशी पर्यटकहरू आउने गर्दछन्। यसले आध्यात्मिक तथा भौतिक रसस्वादन उपलब्ध गराएको छ। एक्काइसौ शताब्दीमा पनि यसको महत्व र महिमा कायम रहिआएको छ। मायादेवीले सिद्धार्थ जन्मनु अघि र जन्मेपछि स्नान गरेको पोखरी, सम्राट अशोकले बुद्धको जन्मथलो हो भनी अभिलेखसहित राखेको संस्मरणात्मक स्तम्भ, मौर्यकालदेखिका कलावस्तुहरूले परिपूर्ण मायादेवी मन्दिर, ई.पू. दोस्रो शताब्दीदेखिका स्तूप तथा बौद्ध भिक्षु र भिक्षुणीका आवास एवम् ध्यानकेन्द्रको रूपमा रहेका विहारका खण्डहरहरू सवुत साक्षीको रूपमा यहाँ खडा छन् । यी पुरातात्विक स्मारकहरूले खुल्ला संग्रहालय सरह समसामयिक इतिहास तथा संस्कृतिको प्रतिनिधित्व गरेका छन् । शुद्धोधन र मायादेवीका सुपुत्र सिद्धार्थ जन्मेपछि विलक्षणयुक्त प्रतिभा भएको देखी विद्वान् तथा ज्योतिषहरूले उनी चक्रवर्ती सम्राट वा योगी हुने छन् भनी भविष्यवाणी गरियो। राज्यका एक मात्र उत्तराधिकारीलाई यसरी योगी हुने भनिदिएपछि शुद्धोधनले

उनलाई सांसारिक भोगविलासमा तल्लीन गराउन विभिन्न साधन र स्रोतकोसमेत व्यवस्था मिलाए। सिद्धार्थलाई दरवारभित्र मात्र सीमित गर्न प्रयत्न गर्दागर्दै पनि एक दिन उनी बाहिर निक्लने मौका पाए। यस बखत उनले रोगी, बूढो र मरेको शव देखे। यी दृश्यहरूले उनको मनमा लुकेर बसेको दार्शनिक भावनालाई उजागर गर्दागर्दै चौथो दृश्यका महामुद्रा धारण गरेको योगीलाई देखे। चौथो दृश्यले उनलाई केही राहात मिलेको अनुभूति भयो।

२९ वर्षको उमेरमा पत्नी र छोरालाई खवर नै नदिई सारथी छन्ना र कन्थक घोडाको साथमा दरवारको पूर्वीद्वारबाट ज्ञानको खोजीमा हिंडे। उरुवेलमा आलारकालाम तथा रामपुत्तसमेतका सन्तहरूको साथमा ध्यान गरे। तर त्यहाँ उनलाई ज्ञानको अनुभूति नभएपछि बोध गया पुगे। मध्यम मार्ग अवलम्बन गरेपछि ६ वर्षसम्मको अनवरत तप पश्चात् सुजाता नामक कन्याले दिएको खीर खाएपछि वैशाख शुक्लपूर्णिमाको दिनमा बुद्धत्व प्राप्त गरे। प्राप्त ज्ञानलाई मनन चिन्तन तथा परीक्षण गरी प्रचार प्रसारमा लागे। उनले सम्पूर्ण प्राणीमात्रको हित हुने ज्ञान पाई प्रचारप्रसार गरेकोले तत्कालीन अन्धविश्वासले पीडित समाजमा लोकप्रिय बने। बुद्धले संसारमा दुःख छ, दुःखको कारण छ, दुःख हटाउन सकिन्छ र हटाउने उपायहरू छन् भनी उचित ज्ञान प्राप्त गरेका थिए। उपायहरूमा आठवटा मार्गहरू- सम्यक् दृष्टि, संकल्प, वचन, कर्म, जीवन, व्यायाम, एकाग्रता तथा समाधि छन्। तृष्णा अर्थात् इच्छाशक्तिको अन्त्य गरेमा जन्म मरणको चक्करबाट अलग भई दुःखको भवसागरबाट अलग हुनसक्ने तथ्य बुद्धले बताए। यसलाई निर्वाण भनिन्छ। विभिन्न भक्तजनहरूले बुद्धका उपदेशहरूलाई अवलम्वन गर्दै जाँदा हीनयान, महायान, बज्रयान आदि सम्प्रदायहरू बने। विभिन्न रूपमा उनका उपदेशहरू दिनप्रतिदिन लोकप्रिय हुँदै गएकोले उनीसँग सरोकार राख्ने थलोहरूलाई पवित्र तीर्थस्थल मानी भ्रमण तथा संस्मरणात्मक कार्यहरू सम्पन्न गर्ने परम्परा चल्यो। यसै सिलसिलामा बुद्धको जन्मथलो लुम्बिनी महत्वपूर्ण तीर्थस्थल तथा पर्यटकहरूको आकर्षक केन्द्र बनेको छ।

सन् १८९५-९६ तिर लुम्बिनीको ठीक पहिचान भएपछि राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा यसको ख्याति बढ्दै गयो। १९६७ मा संयुक्त राष्ट्र संघका तत्कालीन महासचिव उत्थान्तले लुम्बिनीको भ्रमण गरेपछि यसलाई अन्तर्राष्ट्रियस्तरमा विकास र विस्तार गर्ने अठोट गरियो। यु.एन.डि.पि. समेतको सहभागितामा जापानका वास्तुविद् प्रा. केन्जो टँगेको सक्रियतामा लुम्बिनीको गुरु योजना तयार पारिएको थियो। यसको लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउने, सडक यातायात, विद्युत्, पिउनेपानी आदि पूर्वाधारहरूको व्यवस्था गर्ने जिम्मा नेपाल सरकारको थियो। गुरु योजनालाई उत्तर-दक्षिण तीन वर्ग माइल क्षेत्रमा छुट्याई दक्षिणदेखि उत्तरतिर क्रमशः पुरातात्विक वगैचा, विहार क्षेत्र तथा नयाँ लुम्बिनी ग्रामको रूपमा विभाजन गरिएको छ। पुरातात्विक क्षेत्रमा अशोकस्तम्भ, मायादेवीको मन्दिर, पुष्करिणी तलाउ, स्तूप तथा विहारहरू रहेका छन्। मन्दिरको गर्भगृहमा पन्ध्रवटा च्याम्बरयुक्त पुरानो खण्डहर, मार्कर स्टोन, बुद्ध जन्मन थालेको दृश्य अङ्कित प्रस्तर प्रतिमा आदि पुरावशेषहरू रहेका छन्। वर्षातको बढ्दो पानीले यहाँ कुनै असर नपारोस् भन्ने उद्देश्यले यसको चारैतिर चारवटा पोखरीहरू बनाइएका छन्। यसको वरिपरि सर्कुलर लेभी बनाइएको छ। धार्मिक तथा पुरातात्विक दृष्टिले यो पवित्र उद्यान जति महत्वपूर्ण छ त्यत्तिनै प्राकृतिक सौन्दर्यताले परिपूर्ण अवस्थामा रहिआएको छ।

मायादेवी मन्दिरको ठीक उत्तरपट्टि विहार क्षेत्र छुट्टिने तथा सेन्ट्रल क्यानलको दक्षिणमा विश्व शान्ति दीप जलिरहेको छ। यसको पूर्वपट्टि शान्तिको ध्वनी गुञ्जाउने शान्ति घण्ट झुण्डिएको छ। यसको दक्षिणपूर्व थाइलैण्ड सरकारले बनाएको तीर्थयात्रीको विश्रामस्थल रहेको छ। क्यानलको पूर्वपट्टि थेरवादी क्षेत्रमा तेह्रवटा प्लटहरू विभाजन गरिएका छन्। यहाँ अन्तर्राट्रिय भिक्षुणी संघ, म्यानमार सरकार, महाबोधि सोसाइटी कोलकोटा, थाई, श्रीलय र कम्बोडियन सरकारले आ-आफ्नो ढाँचामा विहार, अतिथिगृह, स्तूप आदि निर्माण गरिएका छन्। यहाँ विपश्ययना ध्यानकेन्द्र समेत सञ्चालित छ। स्वदेशी एवं विदेशी महानुभावहरूले यहाँ बुद्धका

उपदेशहरूको मनन, चिन्तन, अभ्यास तथा अवलम्बनको लागि निरन्तर साधना गर्दछन्। पश्चिमपट्टि महायानी विहार क्षेत्र छ। यस क्षेत्रमा उन्नतीसवटा प्लटहरू छुट्टाइएका छन्। यहाँ पण्डिताराम अन्तर्राट्रिय ध्यानकेन्द्र, मनाङ सेवा समाजको स्तूप, धर्मोदय सभाको स्तूप तथा विहार, कोरियन स्तूप तथा अतिथिगृह, चिनियाँ विहार, भेतनाम विहार, फ्रान्सको लिङ्गसन, लद्दाकको ध्यानकेन्द्र, जापानको शोक्यो, जर्मनको लोटस स्तूप, नेपालको बज्रयानी विहार आदि निकायहरूले आ-आफ्नो ढाँचामा निर्माण कार्य पुरा गरी सञ्चालन गरेका छन्। सेन्ट्रल क्यानलको दुवैतिर ब्रिक पेभमेन्ट गरिएको छ। डुवा सञ्चालन, लुम्बिनी स्क्वायर, पुल आदि निर्माण कार्य हुँदैछन्।

हरहवा नदीमा अवस्थित फ्रेन्डसिप ब्रिजको उत्तरपट्टि सांस्कृतिक केन्द्र पर्दछ। यहाँ जापानको रेयूकाइले निर्माण कार्य पुरा गरी सञ्चालन गर्दै आएको लुम्बिनी अन्तर्राष्ट्रिय अनुसन्धान संस्था र भारत सरकारले तयार पारी नेपाललाई हस्तान्तरण गरिएको लुम्बिनी संग्रहालय सञ्चालित छन्। प्रस्तावित उत्थान्त सभागृह बन्न बाँकी छ। बसपार्क तथा यसको किनारमा माला पसलहरू सञ्चालित छन्। पर्सा-तौलिहवा सडकको उत्तरपट्टि निप्पोनजान म्योहोजी (जापान बौद्ध संघ) द्वारा निर्माण गरिएको विश्वशान्ति स्तूप, होक्के होटेल, होटेल कासाइ र श्रीलय्न प्लिग्रिमेज हाउस छन्। यहाँ सारस संरक्षण क्षेत्रसमेत छुट्टाईएको छ। सिमस्यार क्षेत्रसमेत भएकोले यहाँ थरीथरीका चराचुरुङ्गीहरूको बासस्थान रहिआएको छ। गुरु योजनाको करिब ८३ प्रतिशत कार्य सम्पन्न भएको बताइन्छ। यसको बाँकी कार्यलाई सरकारले राट्रिय गौरवको योजनामा राखी जतिसक्यो छिटो छरितो ढंगले कार्य अगाडि बढाउने प्रतिबद्धता जनाएको छ। यो कुरा प्रशंसनीय छ।

१८९५ देखि हालसम्म पुरातात्विक अन्वेषण तथा उत्खनन् कार्य जारी छ। उत्खननको क्रममा यहाँका स्तूप, विहार, मन्दिर, पोखरी तथा विभिन्न मूर्तिहरूको अस्तित्व प्रकाशमा आएको छ। बुद्धको जन्मस्थलको खोजिमा भौतारिएका विद्वानहरू लुम्बिनीमा फुहरर तथा खड्ग शम्सेरले अभिलेख समेतको अशोकस्तम्भ फेला पारेपछि मात्र ढुक्क भए। यहाँ फुहरर र शम्सेरपछि पूर्णचन्द्र मुखर्जी, केशर शमसेर, देवला मित्रा, निलरतन वनर्जी, बाबुकृष्ण रिजाल, तारानन्द मिश्र, कोषप्रसाद आचार्य, सातुरो ओसाका, रविन कनिंघम बसन्त विडारीसमेत अन्वेषण तथा उत्खननमा संलग्न भएको पाइन्छ। यस सिलसिलामा प्राप्त स्मारक तथा पुरावशेषहरूले बौद्ध साहित्य तथा चिनियाँ वृतान्तमा उल्लेखित घटना क्रमहरूलाई प्रमाणित गरेकोले लुम्बिनीमा बुद्धको जन्म भएको भन्ने तथ्य स्थापित भएको छ। तर अशोकस्तम्भमा उल्लेख गरिएको प्राचीन लुम्बिनी ग्राम (स्तम्भदेखि करिब ४०० मि. दक्षिण, इलाका प्रहरी कार्यालय रहेको ढिस्को) को वैज्ञानिक ढङ्गले भू-भौतिक अध्ययन गर्दा यसको प्राचीनता शाक्यमुनि बुद्धको जन्मभन्दा प्राचीन हुनसक्ने देखिएको छ।

कलावस्तु समसामयिक समाजको मूर्तरूप भएकोले यहाँ प्राप्त बुद्ध, बोधिसत्व, बुद्ध जन्म दृश्य, बुद्धको यशोधरा समेतको राजकीय शय्या, वाराही आदिका मूर्तिहरूले पनि बुद्ध तथा बौद्धधर्म वारे यथार्थ वस्तुस्थिति जानकारी गराएका छन्। माटोका मानव एवं पशुपंक्षीका आकृतिहरूमा प्रतिबिम्बित लक्षणहरूले समसामयिक समाजको आर्थिक, सामाजिक, सांस्कृतिक एवं राजनैतिक अवस्थाको वारेमा विशेष सूचना प्रदान गरेका छन्। यहाँ प्राप्त माटाका कलावस्तुहरूलाई यिनको प्रयोग, ढाँचा, आकार-प्रकार र किसिमको आधारमा शुङ्गकालदेखि अस्तित्वमा रहेको देखिन्छ। त्यसैगरी माटोका छाप, धातुका मुद्रा आदि कलावस्तुहरूसमेत पाइएका छन्। लुम्बिनीमा उपलब्ध भएका पद्यमाणि अवलोकितेश्वर, भक्त आदिका धातु मूर्तिहरू विशेष महत्त्वपूर्ण छन्। लुम्बिनी क्षेत्रमा प्राप्त माटाका भाँडावर्तनको कालक्रम र प्रविधि हस्तिनापुरको सांस्कृतिक चरणसँग मिल्दो छ। बञ्जराही, निपानिया र लुम्बिनीमा प्राप्त खैरो रङ्गले पोतिएका भाँडावर्तनका टुक्राहरूमध्ये चुच्चो निक्लिएको विट र कन्भेक्स आकारको थाली विशेष महत्त्वपूर्ण छन्।

यहाँ प्रस्तर स्तम्भ, स्तूप, विहार र मन्दिरको अस्तित्व उपलब्ध गरिएको छ। बलौटे चुनार प्रस्तरको मौर्यकालीन

पालिस लगाइएको अशोकस्तम्भमा हुएन-साङ्ग सातौं शताब्दीमा यहाँ भ्रमणमा आउँदा यसको शिरोभागमा एवकस माथि घोडाको आकृति देखेका थिए। बज्रपरी यो आकृति टुटेकोले स-साना चुनार प्रस्तरका टुक्राहरू फेला पारी लुम्बिनी संग्रहालयमा राखिएका छन्। एवकस भने अद्यापि अशोक स्तम्भको छेउँमा देखिन्छ। नेपालको पश्चिम तराईको साँस्कृतिक विकासक्रम, कलाका विशेषता, सामाजिक, आर्थिक एवं धार्मिक जीवनशैली र पद्धति उत्तर-भारतसँग मिल्दोजुल्दो भएकोले लुम्बिनीको सांस्कृतिक अध्ययन र कालक्रम निर्धारण पनि सोही आधारमा गरिएको छ। लुम्बिनीमा फेला पारिएका विहारहरूको खण्डहरको अध्ययन गर्दा एउटै विहार विभिन्न कालखण्डमा निर्माण, मर्मतसम्भार एवं बृद्धि गरिएको देखिन्छ। यसले गर्दा विभिन्न युगको कलाशैली, परम्परा र प्रबृति वारे स्पष्ट रूपमा विशेषताहरू औल्याउन असजिलो छ। सन् १८९८ मा मुखर्जीले मायादेवी मन्दिरको दक्षिण-पूर्व कुनामा वर्गाकारको आधारयुक्त होचो विहारको खण्डहर प्रकाशमा ल्याए। सबै भाग उत्खनन् नभएकोले यसको मौलिक संरचना स्पष्ट भएन। यो ढिस्कोमा भने इँटाले भरिएको थियो। मन्दिरको दक्षिण-पूर्वमा उत्तर-पूर्व तथा दक्षिण-पूर्वपट्टि पर्खाल गइरहेको दोस्रो विहार (चैत्य) फेला पर्‍यो। आवासको अतिरिक्त ध्यान तथा साधनाकेन्द्र समेत भएकोले यहाँका विहारहरूमा विभिन्न आकारप्रकारका कोठाहरूको भौतिक अस्तित्व फेला पारिएको छ। मूलतः त्यस बखत ग्रामीण आवासगृहहरूको अनुकरणमा सादा र सामान्य ढाँचामा यस्ता विहारहरू बनाइन्थे। भिक्षुहरूको आवासगृह भएकोमा नाली, इनार, सभाहल, भान्साकोठा, स्नानगृह आदि अङ्गहरू थिए। यहाँ उपोस्थागारसमेत फेला पारिएको छ। शिखर शैलीको मायादेबीको मन्दिर मौर्यकालदेखि ईशाको आठौं शताब्दीसम्म बारम्बार मर्मत सम्भार र पुनःनिर्माण गरिएकोले यसको प्राचीन मौलिक स्वरूपमा परिवर्तन हुँदै आएको पाइन्छ। च्याम्बर नं. २ मा सात तहको मौर्यकालीन इँटा लगाई त्यसको माथिल्लोपट्टि मार्कर स्टोन राखिएको छ। मध्यकालसम्म यसको मर्मतसम्भार निरन्तर हुँदै आएको छ। यसको गर्भमा बुद्ध जन्मन थालेको दृश्य अङ्कित प्रस्तर प्रतिमा, मार्कर स्टोन र पुरानो मन्दिरको १५ वटा च्याम्वर तथा मौर्यकालदेखिका इँटाहरू छन्। लुम्बिनी एउटा धार्मिकस्थल मात्र नभई सम्पूर्ण विश्वका मानवलाई लोभ्याउने पर्यटकीय थलो पनि भएकोले विश्व सम्पदा सूचीमा समावेश भइसकेको छ। तिलौराकोट, रामग्राम जस्ता बौद्धस्थलहरू सूचीकृतको निम्ति आवश्यक प्रक्रिया सुरु गरिएको छ। लुम्बिनीको विकास भन्नाले गण्डकी क्षेत्रको सम्पूर्ण जनजीवनको विकास हो भन्ने तथ्य यहाँको गुरुयोजनामा किटान गरिएको छ। यसले सबैलाई समेटेको छ। यहाँको समृद्धि र सुखको निम्ति आवश्यकीय संरचनाहरू निजी, सामुदायिक, सार्बजनिक तथा सहकारी क्षेत्रबाट तयार गरिनु पर्दछ। कुनै एक पक्षको करामतले मात्र संभव छैन। यस्तो अवस्थामा लुम्बिनीलाई हट स्पोट मानी यसको वरिपरि रहेभएका स.भावनाहरूको अत्यधिक दोहन गर्नसकेमा मात्र निदिष्ट लक्ष्य हासिल गर्नसकिने छ। यसको लागि भने पूर्वाधार बलियो बनाइनु पर्दछ। वनविहार तथा अनुसन्धान केन्द्रलाई स्थानीय, प्रदेश तथा संघीय सरकारले मजबुत ढंगले टेवा दिनुपर्दछ। नागरिक समाज र समुदायको जुन जोश र जाँगर छ त्यसलाई भरपुर उपयोग गर्दै उत्साह र उतप्रेरणाको लागि उर्जा थपिनुपर्दछ। यस क्षेत्रमा प्रस्तावित बालउद्यान, विभिन्न क्षेत्रको अध्ययन तथा अनुसन्धान, बोटानिकल गार्डेन, जुलोजिकल गार्डेन, सुबिधायुक्त पिकनिक स्पट, पुस्तकालय, सूचना पार्क, नेपाली शैलीका मन्दिर निर्माण, बिहार, स्तूप तथा चैत्य निर्माण, नित्य पूजाआजा संचालन, नाट्य डवली. मगर, थारू, गुरुङ, कुमाल, बाहुनक्षत्रीका सांस्कृतिक रंगमञ्चहरू, विभिन्न खेल आदिको समेत प्रबर्धन गरिनु पर्दछ। यस्ता क्रियाकलापहरूले पर्यटन विकासमा सहयोग पुप्याउने छन्। समृद्ध शंकरनगर, खुसी र सुखी जनताको सपना साकार हुने छ, यसले बुद्धको सम्पन्नता छुने छ, गरिबी तथा भोकमरीलाई धुने छ, यहाँ शान्ति र सबल लोकतन्त्र रमाउने छ।

यहाँको कृषि, नगदे बाली, फलफूल उत्पादन, माछापालन, घरेलु तथा साना उद्योगका उत्पादन, पशुपंक्षी

पालन, फर्म विकास, शिक्षा विकास, जडिबुटी उत्पादन, सीपयुक्त प्रशिक्षण आदिलाई पर्यटन उद्योगसँग जोडी (Linkage) समृद्धिको लक्ष्य पुरा गर्नसकिने छ। यसको लागि कुनै राजनैतिक हस्तक्षेपविना अनवरतरूपले कार्यसम्पादन गर्ने वातावरण सिर्जना हुनुपर्दछ। जल, जमीन, जंगल, जडिबुटी आदि सम्पदासँग जोडी एकीकृत ढंगले पर्यटन उद्योगलाई प्रबर्धन गर्नसकेमा यस क्षेत्रको जनजीवनमा आमूल परिबर्तन हुने छ। यसको लागि कुनै दल, विचार, बर्ग, धर्म, सम्प्रदाय, क्षेत्र, सत्ता र शक्तिको पछि नलागी सबैको साभा प्रतिबद्धताको खाँचो छ। यसलाई मानवमात्रको शान्तिको मुहान बनाउन सकेमा यहाँको गौरव, स्वाभिमान, एकता तथा आर्थिकस्तर अभिबृद्धि हुने छ। यसको लागि निरन्तर सकारात्मक सोचले निर्देश गर्ने नै छ।

**सन्दर्भग्रन्थ सूची**


गिरी, गितु, (२०६७), *पश्चिम तराईका अमूर्त सांस्कृतिक सम्पदा,* (काठमाडौः नेपाल प्रज्ञा प्रतिष्ठानमा प्रस्तुत अप्रकाशित अनुसन्धान प्रतिवेदन)।

. . ., (२०६९), *बृहत् लुम्बिनी क्षेत्रका पर्यटकीय सम्पदा,* लम्बिनीः लुम्बिनी बिकास कोषसमेत।

,, ,, (२०७३), *लुम्बिनी क्षेत्रमा पर्यटन उद्योग,* सिद्धार्थनगरः पर्यटन विभागको ५ नं. प्रदेशमा पर्यटन उद्योग सेमिनारमा प्रस्तुत कार्यपत्र।

घिमिरे, विष्णु प्रसाद, (२०४५), *पाल्पा राज्यको इतिहास,* (भाग १), चितवनःघिमिरे प्रकाशन।

प्रदेश पाँच योजना आयोग, (२०७५), *पञ्चबर्षीय योजनाको अवधारणापत्र,* बुटवलः मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालय।

पुरातत्त्व विभाग, (२०४१-४६), *सांस्कृतिक सम्पदाको प्रारम्भिक प्रतिवेदन,* (१,३,८ भाग ), काठामाडौः नेपाल सरकार।

राष्ट्रिय योजना आयोग, (२०७५), *पन्ध्रौ पञ्चबषीय योजनाको अबधारणापत्र,* काठमाडौः नेपाल सरकार ।

राष्ट्रिय योजना आयोग, (२०७५), *नेपालको दीर्घकालीन योजना,* २१००. काठमाडौः नेपाल सरकार ।

राष्ट्रिय योजना आयोग, (२०७५), *नेपालको दिगो विकासको लक्ष्य,* काठमाडौः नेपाल सरकार।

सूचना विभाग, (२०३१), *मेची देखि महाकाली,* भाग ३, श्री ५ को सरकार, सञ्चार मन्त्रालय।

राजवंशी, शंकरमान (सम्पा), (२०२०), *सेन वंशावली,* काठमाडौः श्री ५ को सरकार पुरातत्त्व विभाग।

श्रेष्ठ, निर्मल, (२०६९) *बुटवल, ऐतिहासिक जीतगढी र पर्यटन,* बुटवलः (अप्रकाशित औद्योगिक प्रदर्शनीमा प्रस्तुत कार्यपत्र)।

Bhatia, A.K., (1997), *International Tourism;* Reprinted, New Delhi: Sterling Publishers Pvt. Ltd.

Bhatia, A.K., (2000), *Tourism Development Pricipal and Practices;* Reprinted, New Delhi Sterling Publishers Pvt. Ltd

Bidari, Basanta, (2002), *Lumbini: A Heaven of Sacred Refuse;* Lumbini: The Author.

Culture, Tourism and Civial Aviation Ministry (2015). *Tourism Promotion Plan for Lumbini and Adjoining Area;* Kathmandu: (Unpublished Report submitted to the Government of Nepal).

Falk, Harry, (1998), *The Discovery of Lumbini;* Lumbini: Lumbini International Research Institute.

Giri, Gitu, (2014), *Lumbini Tourism;* New Delhi: Adroit Publishers Email:gitug2001@gmail.com

# वनविहार संचालनमा आर्थिक क्षेत्रको भूमिका

**गोपाल थापा**
कोषाध्यक्ष

*न्यून आर्थिक, दिगो विकास अभियान,*
*उत्कृष्ट वाटिका  हाम्रो पहिचान ,*

भन्ने नाराका साथ २०६२ सालबाट यसै क्षेत्रका जन स्तरका बुद्धिजीवी, उद्योग व्यवसायी, विभिन्न पेशाकर्मी, राजनैतिक दल, लगायतका व्यक्तिहरुको सहकार्यबाट सुरु भएको यस वन वाटिका रुपन्देही जिल्ला हाल तिलोत्तमा नगरपालिका वडा नं १-२ सिद्धार्थ राजमार्ग देखि १ कि.मी. पूर्व शंकरनगर सामुदायिक वन क्षेत्र भित्र प्राकृतिक सौन्दर्य ले पूर्ण भएको, नेपाली भूमिमा प्रकृतिले दिएको चुरे पहाडको कोखमा रहेको हरियाली वन भएको राजा मणिमुकुन्द सेनको दरबार नजिकै तिनाउ नदीको किनारमा रहेको यस शंकरनगरको भूमि तथा वाटिका आफैमा रमणीय स्थान मा रहेको छ।

यो संस्था २०६२ सालमा विधिवत जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा दर्ता भए पश्चात संस्थाले प्रवेश शुल्क वापत रु २/- वाट सुरुवात गरेको थियो। सुरुका दिनमा ३ जना व्यक्तिले टिकट काटी शुल्क उठ्दा निकै खुशी लागेको महसुस गरिएको थियो भने विभिन्न वर्षहरुमा प्रवेश शूल्कमा वृद्धि तथा संख्यामा वृद्धि हुदै हाल प्रति व्यक्ति प्रवेश शूल्क रु ४०/-, कार पार्किङ्ग रु २०/-, मोटर साइकल पार्किङ्ग रु १०/- र वाल उद्यान तर्फ वाल वालिकाहरुको लागि प्रवेश शुल्क रु २०/- लिने गरिएको छ  भने हाल दिनमा लगभग ४०० जनाले विहारमा प्रवेश गरि यहाँका पशुपंक्षी तथा जनावरहरुको अवलोकन तथा पार्कहरुको सौन्दर्यता हेर्नेको घुईचो लाग्ने गरेको छ।

यो संस्थाको दिगो विकासका लागि विभिन्न संघ संस्था तथा दाताहरुको आर्थिक समन्वय तथा संस्था आफै स्वपूजीबाट निर्माण भएका सेड तथा टहराहरु हालका दिन सम्म आईपुग्दा २४ वटा रहेका छन्। यी सेडहरुमा वनभोज, विवाह आदि कार्यमा प्रयोग गरे वापत हुन आउने रकम यस संस्थाले आफ्नो विकास तथा सम्वृद्धिको लागि खर्च गर्दै आएको छ।

संस्थाले आफ्नै नियमित कार्यक्रमहरुवाट आर्जित गरेका रकमहरु मध्ये यसै संस्थाको आर्थिक सामाजिक सांस्कृतिक पक्षहरुको विकास गर्नका लागि विभिन्न प्रकारका सामाजिक गतिविधिहरु जस्तै व्यापारिक प्रदर्शनी २० दिने मेला राखीएको थियो जसमा १९ दिन थारुहट आन्दोलले गर्दा यो संस्थालाई धरासायी गराएको थियो। नव वर्षको उपलक्ष्यमा प्रत्येक वर्ष विभिन्न सांस्कृतिक पहिचान झल्किने कार्यक्रम गर्दै आएको छ, यस संस्थासंग जोडिई वन वाटिका भित्र रहेका संस्थाहरुलाई समेत केही अनुदान दिदै आएको छ।

संस्थामा प्राप्त भएको आर्थिक र गैहृ आर्थिक श्रोतहरु

मध्ये जम्मा हुन आएको कूल रकमको अधिकांस रकम संस्थामा रहेका विभिन्न प्रजातिका पशुपंक्षी तथा जनावरहरुको लागि घाँस, दाना र वाटिकाको अन्य निर्माण लगायत प्रशासनिक अर्च हुदै आएको छ। यसरी आम्दानी तथा खर्चको संतुलन आजका दिन सम्म आईपुग्दा सन्तोषजनक रुपमा नै रहेको छ।

अहिले सम्मको आकर्षणलाई यसरी नै सन्तुलन मिलाई भावि कार्य योजना तयार गरि अझ उत्कृष्ठ कार्यक्रम ल्याउन सकेमा साच्चिकै हाम्रो ठाउँमा आफ्नो पहिचान झल्किने नमूना वन विहार वनाउन सकिनेमा कुनै द्विविधा हुनेछैन।

कुनै पनि संस्थाको लागि सहयोग अपरिहार्य आर्थिक श्रोतको रुपमा रहने गरेको पाइन्छ। हाम्रो यस संस्थामा पनि यस्ता थुप्रै आर्थिक सहयोगीहरुको अटलभावले गर्दा यसरी सहजताका साथ वन विहार संचालन गरेका छौँ । त्यस्ता आर्थिक दाताहरुलाई विर्सन गयौ भने विहारले उन्मूक्ति पाउने छैन। यसलाई जोड्न खोजेको कुरा यस वन विहारलाई हृदय देखि नै सहयोग गर्ने तत्कालीन रुपन्देही जिल्लाका स्था. वि. अ. ताराबहादुर कार्की, हरि प्रसाद तिवारी, तुलबहादुर, गुरुप्रसाद देवकोटा, सीता गौतम, ज्योति थापा लगायत यस्तै सामाजिक व्यक्तित्वहरुले यस विहार प्रति देखाएको अनुकरणिय सहयोगलाई हामीले सदैव सम्झना गर्नेछौ।

संस्थाको दिगो सम्वृद्ध विकासको लागि केही सरकारी तथा गैह्र सरकारी संस्थाहरुले तत्कालीन जि.वि.स. को कार्यालय रुपन्देही गाँउ विकास समितिको कार्यालय शंकरनगर लुम्बिनी क्षेत्र पर्यटन प्रर्वद्धन विकास समिति, भू संरक्षण कार्यालय, शहरी विकास तथा भवन डिभिजन कार्यालय, हाल तिलोत्तमा नगर पालिका र शंकरनगर सामुदायिक वन उपभोक्ता समूहले दिएको अनुदान रकमलाई संस्थाको निर्माण कार्यमा लगानी गरिएको व्यहोरा सर्वविधितै छ । यस संस्थालाई आगामी दिनहरुमा वलियो आर्थिक कोष खडा गर्न केही रणनितिका सोच बनाएका छौँ । त्यस्ता रणनीतिहरुमा यहिका जनस्तर तथा राज्यका विभिन्न निकायवाट यसलाई मध्य नजर राखेको खण्डमा भविष्यमा अझ बढी आर्कषक वन विहारको रुपमा स्थापित गर्न सकिनेछ। आगामी दिनमा निम्न कार्यक्रमहरु गर्ने लक्ष्य लिएका छौ।

१. वाल रेल संचालन
२. हर्रर हाउस
३. प्राकृतिक पोखरी
४. जडीबुटी संरक्षण कार्य
५. हाल निर्माणधीन अवस्थामा रहेको भ्यू टावर

हाल निर्माणधिन अवस्थामा रहेको भ्यू टावर आकर्षक विन्दु भई आर्थिक अवस्था पनि प्रवल रहने अपेक्षा गरिएको छ।

यस संस्थामा अवलोकन भ्रमण गर्न आउने यहाँका स्थानीय विद्यार्थी वर्ग, शिक्षक पेशा कर्मी, विभिन्न संघ संस्था र नेपालका विभिन्न सांगठनिक संरचना का प्रतिनिधिहरु र विदेशी मुलुकवाट आउने पर्यटकहरुलाई अझ वृद्धि गराउन सक्यौं भने सर्म्वृद्ध वनवाटिका स्थापित हुनेछ ।

# प्राकृतिक सम्पदा र मेरो देश

**सिद्घान्त शर्मा**
तिलोतमा न.पा. २, शंकरनगर

प्राकृतिक सम्पदाले निपुर्ण मेरो देश नेपाल
जैविक विविधताले भरिएको मेरो देश नेपाल
म जहाँ जाऊँ मलाई मेरो देशको याद आउँछ,
यहाँका हिमाल पहाड तराईका दृष्यहरु
विभिन्न भेष भुषामा सज्जिएका शष्टाहरु
मेरो आँखाको वरिपरि निरन्तर छाउँछ,
विहानीको उदाउँदो सूर्यको किरणसँगै
सुनौलो रंग रुपमा सजिएका सुन्दर हिमश्रृखलाहरुले
मलाई नै हेरेर हमेशा मुस्कुराए जस्तो लाग्छ
उठ केही गर र गर्वसाथ वाच भने जस्तो लाग्छ।

तराईका फाँटहरुमा हुर्किएका धानका वालाहरुलाई हेर्दा
किसानका वलिया पाखुराहरुलाई सलाम गर्न मन लाग्दछ
दुःख छ, समस्या छ, अनि समस्या नै समस्या छ यहाँ
तर पनि जागर र जोशबाट जमिन उर्वरा भएजस्तो लाग्दछ।

आफनो सर्वोच्चतालाई अटल राख्दै
ठडिएको सगरमाथालाई हेर्दा
कहिलै नहारेको मेरो देशको ईतिहास याद आउँदछ।

फेवालातलाई ऐना बनाई उभिएको
माछापुछ्रेलाई हेर्दा
प्राकृतिकको वरदान मेरा देश सम्बृद्ध जस्तो लाग्दछ।

सुन्दरता नै सुन्दरताको खानी मेरो देशमा
अब विकासको मुल नफुटाई हुन्न
अब अरु क्रान्ति होईन यहाँ
आर्थिक क्रान्ति नगरी हुन्न।

पहाडहरुमा फक्रिएका गुराँसहरुलाई हेर्दा
हिमालमा सज्जिएका सुनाखरी र सुनगाभालाई हेर्दा
सुन्दरताको अनुपम भूमी मेरो देश जस्तो लाग्छ
भीर पाखा डाडा नभनी ढकमक्क फुलेका गुराँस
अनि मुसुक्क हासेका सुनाखरी र सुनगाभाले
देशको महिमा उजागर गरेको जस्तो लाग्दछ।

# ???????????????
# ??????

**केशवराज न्यौपाने**
पूर्व अध्यक्ष, शंकरनगर सा.व.उ.स.

मलाई शंकरनगरबासीले २०४३ सालमा जनपक्षीय प्रधानपञ्च बनाउनु भयो । जनपक्षीय प्रधानपञ्च भएपछि जनहितका कामको योजना बनाउने क्रममा विभिन्न ठाउँबाट सुकुम्वासी आई बस्न खोजी रहने र शंकरनगरवासीले भगाई रहनु पर्ने अवस्थाको अहिले सामुदायिक वन भएको वन क्षेत्रलाई कसरी जोगाउने भन्नेमा स्थानीय अगुवा बुद्धिजीवी साथीहरुसंग छलफल गरे ।

लिला गिरी,स्व. लेखनाथ ज्ञवाली, अर्जुन ज्ञवाली, वलराम खरेल, खगराज गौतम, दिल बहादुर कार्की, इश्वरी गिरी, स्व. घनश्याम पाण्डे, स्व. हरी प्रसाद श्रेष्ठ, यम बहादुर खत्री, स्व. हरीहर पौडेल, प्रेम खनाल लगायतका साथीहरुले यो वन क्षेत्रलाई जसरी पनि जोगाउनु पर्ने सल्लाह सुझाव सहित विभिन्न संरक्षणका बिभिन्न योजनाहरु पनि प्रस्तुत गर्नुभयो। सुकुम्वासीलाई बस्न गाउपञ्चायतले दिने कुरै भएन संरक्षणका लागि रेखदेख गर्दै गयौं । गाउँपञ्चायतबाट नै साइकल किनेर वडा अध्यक्षहरुलाई वनको निरीक्षण अनुगमनका लागि दिएका थियौ । यो वन क्षेत्र जोगाउन सकिएन सुकुम्वासीले भरियो भने यो क्षेत्रको वातावरण बिग्रने र भावी सन्ततिले दुख पाउनेमा म मात्रै होइन यो क्षेत्रवासी नै चिन्तित भएको पाउँथें । २०४५ सालमा राजा वीरेन्द्रबाट पश्चिमाञ्चल विकास क्षेत्र भ्रमणका क्रममा भैरहवा आउँदा मैले प्रधानपञ्चका हैसियतले भेट गर्ने अवसर पाएँ । त्यस अवसरमा मैले शंकरनगर वन क्षेत्र संरक्षणको कुरा राखे राजाबाट तत्काल अञ्चलाधीशलाई स्थानीयलाई संरक्षणको जिम्मा दिन हुकुम भयो । त्यसपछी अञ्चलाधिशले नदिने कुरै भएन । ५८४ हेक्टर वन संरक्षणको जिम्मा हामीले पायौं ।

भैरहवाबाट फकिएपछि मैले यहाका जनप्रतिनिधि, शिक्षक, कर्मचारी, अगुवा बुद्धिजीवीहरुको बृहत भेला बोलाए। मैले राजाबाट वन प्राप्त भएको र संरक्षणको जिम्मेवारी पाएको कुरा गरे। साथीहरु खुशी हुनु भयो र यसलाई सामुदायिक वनको अवधारणामा अघि बढाउने कुरा भयो ।त्यत्तिबेला यहाँका सस्थाहरुमा प्रधानपञ्च नै अध्यक्ष बन्ने परिपाटी थियो । भेलाको सर्वसम्मतीले म यसको पनि अध्यक्ष भएँ । सामुदायिक वनको अध्यक्ष भएपछि यसको रेखदेख अर्थात संरक्षणमा बढी जोड दिन लागे। पहिलाको तुलनामा स्थानीयमा उत्साह पनि थपियो हरीयाली पनि बढन लाग्यो । २०४६ सालमा बहुदल आएपछि मैले जनपक्षीय प्रधानपञ्च भएपनि पद गएकाले नैतिकताका आधारमा वनको अध्यक्ष पनि छोडैं । म पश्चात् भवानीप्रसाद देवकोटा अध्यक्ष बन्नुभयो । कहाँ कहाँबाट मान्छे आएर रातारात रुख काटेर लैजाने र सुकुम्वासी बस्ने र स्थानीयले भगाउने प्रक्रिया जस्तै चलेको क्षेत्र अहिले पूर्ण हरियाली सहितको सामुदायिक वन क्षेत्र भएको छ । त्यसबेलादेखि अहिलेसम्मका पदाधिकारी सदस्यहरुले यसको संरक्षणका लागि महत्वपूर्ण भूमिका निर्वाह

गर्नु भएको छ। यही सामुदायिक वनको क्षेत्र भित्र शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र छ। २०६२ सालमा स्थापना गरीएको विहार तथा अनुसन्धान  केन्द्र यो क्षेत्रको पर्यटकीय क्षेत्रका रुपमा विकास भएको छ। ठूला ठूला रुख हुर्किन नसक्ने जस्तो क्षेत्रमा विहार तथा अनुसन्धान केन्द्र बनाईएको छ। बिभिन्न फलफूलका बगैचा, वन्यजन्तु सहित बाल उद्यान राखिएको छ। अहिले भ्यु टावरको शिलान्यास नै भएको छ। पूर्वदेखि पश्चिम नेपालका विभिन्न स्थानबाट अवलोकन भ्रमणका क्रममा यहाँ आएको देख्छु। यो ठाउँमा आफै घुम्दा हेर्दा छुट्टै आनन्द आउँछ। यो ठाउँमा यत्ति छिटो भएको विकासले मलाई यो ठाउँ रुपन्देहीको महत्त्वपूर्ण पर्यटकीय क्षेत्र बन्छ भन्नेमा पुर्ण विश्वास छ। यसलाई अन्य पर्यटकीय क्षेत्र विशेष गरी लुम्बिनीसँग कसरी जोडने भनेर हामीले योजना बनाउनु पर्दछ।

# पार्कको सौन्दर्यीकरण जति सकिन्छ राम्रो गरौँ

**प्रेम बहादुर भण्डारी**

शंकरनगर क्षेत्रको यो वन जोगाउन स्थानीयले ठूलो संघर्ष गरीरहनु परेको थियो। सुकुम्वासीदेखि हुकुमवासीसम्मले यसमा पटक पटक आखाँ लगाउँदै आए। सरकारी कर्मचारी र निकायलाई पनि यो वन जोगाउन सके हुन्थ्यो भन्ने लागेको रहेछ। २०४५ सालमा तराई सामुदायिक वनले अहिलेको वनवाटिका नजिकैको गुम्वामा शिसौका बिरुवा लगायो। त्यत्तिबेला रुपन्देहीका सहायक वन अधिकृत इन्द्र प्रसाईले हामीलाई यो वनको संरक्षण तपाईहरु स्थानीयले नै गर्नुस सामसुदायिक वनको अवधारणा पनि आएको छ यो पास भएपछि त्यही अनुसारले गरौला प्रक्रिया हामीले मिलाई दिन्छौ भन्नुभयो। पञ्चायी वन र पञ्चायत संरक्षित वन भनि २ प्रकारका वन नामाकरण गरी ५ सय ३ हेक्टर हामीले प्राप्त गर्‍यौ। २०४६ सालमा सामुदायिक वनको अवधारणा पारित भएपछि दुबै वन हस्तान्तरणको प्रक्रिया अघि बढाउन समिति बनाउन सहायक वन अधिकृत प्रसाईले भन्नुभयो। हामीले शंकरनगरमा बृहत्त भेला गर्‍यौं। केशवराज न्यौपानेको संयोजकत्वमा समिति बनार्यौं। एक डेढ वर्ष उहाँले काम गरेपछि सामुदायिक वनको चुनाव भयो भवानी प्रसाद देवकोटा सभापति चुनिनु भयो। त्यसपछि २०५१ सालमा चुनाव भयो म सभापति चुनिएँ। सभापति भएको एक वर्ष नहुदै ८२ बिगाहाको मुद्धा आयो। अहिलेका प्रदेश ५ का उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रि लिला गिरीलाई सहित यथार्थ बुझन वन कार्यालयलाई जानकारी दिएर जिल्ला प्रशासन कार्यालय गर्यौं। प्रमुख जिल्ला अधिकारीले जिल्ला वन कार्यालयका प्रमुख, नापी कार्यालयका प्रमुख, मालपोत कार्यालयका प्रमुखलाई बोलाएर छलफल गर्दा थाहा भयो २०४६।०४७ सालमा सुकुम्वासी आयोगका अध्यक्ष एकनाथ भाटले १४६ वटा लालपूर्जा दिएका रहेछन, पोका भेटाइयो। त्यसपछि पूर्जा बदर गरी पाउ भनि मुद्धा दिइयो। जिल्लाले पुनरावेदन पठायो ७ वर्ष तारिक बोकेपछि मुद्धा सर्बोच्च पुग्यो अहिले पनि त्यही छ होला मुद्धा। शंकरनगरबासी कम्तीमा ५० पटक पुनरावेदन अदालत गएर गवाई गरेका छन्। जिल्ला वन र प्रशासनका त कुरै छोडौं सरकारी जग्गाको प्रमाण सहित अख्तियार गर्यौं त्यसले पनि फैसला गर्‍यो तर यत्ति धैरै जग्गा के के गरेर पूर्जा लिएका हुन मुद्धा अल्झाई रहेका छन।

म सभापति भएकै समयमा ४६ हेक्टर जग्गा जिल्ला वन कार्यालयबाट स्वीकृती लिएर सामुदायिक वनमा थपिएको थियो। स्थानीयका लागि यो सामुदायिक वन बरदन नै भएको छ। अहिलेजस्तो बिद्युत छ्याप छ्याप्ती नहुँदा हामीले सामुदायिक वनबाट गोवर ग्याँस जडान गर्नेलाई ३ हजार रुपैया सहयोग गर्‍यौ। २ छोरीसम्म जन्माएर परिवार नियोजन गर्नेलाई १० हजार रुपैया प्रोत्साहन स्वरुप पुरस्कार दिने गर्‍यौं। शंकरनगरका सबै सामुदायिक विद्यालयलाई आवश्यक काठ त भयो नै त्यसका अतिरिक्त प्रत्येक विद्यालयका दुई

दुई जना जेहेन्दार विद्यार्थीलाई पाँच पाँच हजार छात्रवृत्ति, शंकरनगरका बाटो पिच हुदा ४० प्रतिशतसम्म यही सामुदायिक वनबाट सहयोग गर्‍यौँ । महिलालाई आत्म निर्भर बनाउन बाख्रा किनेर निर्ब्याजी सहयोग, पटक पटक सिलाई कटाई तालिम, घर जल्नेलाई निशुल्क काठ दाउरा, मृत्यु हुँदा घाट जादा निशुल्क दाउरा दिने जस्ता काम हामीले गर्‍यौँ । अहिले पनि त्यस्ता धेरै काम भइरहेका छन् ।

नेकपा माओवादीको द्वन्दका कारणले चुनाव नभएपछि १२ वर्षसम्म सभापति भएर काम गरे । बिचमा २ वटा हुनुपर्ने चुनाव हुन सकेन । २०६३। ६४ मा उमानाथ कंडेल अध्यक्ष हुनुभयो । लामो समय सभापति भएको र यसलाई जोगाउन, बनाउन सुरु देखि लागेको भएर होला आफनो घरको जत्तिकै माया लाग्छ ।

म सभापति भएकै समयमा वनवाटीका सुरु भएको हो । सामुदायिक वन भित्र थप सौन्दर्यता बढाउनका लागि हो । म सभापति भएकै समयमा अन्तिमतिर बाबुराम अर्यालले १० वर्षे गुरुयोजना बनाएर बनाएर अघि बढ्नु भएको हो । जिल्ला वन कार्यालयबाट वनवाटीका अर्थात सामुदायिक वनमा भवन बनाउन अनुमति नपाएपछि क्षेत्रीय निर्देशनालय पोखराबाट अनुमति ल्याएर भवन बनाइएको थियो ।

अहिले वनवाटीका अर्थात शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रमा सौन्दर्यीकरण राम्रो छ । आकर्षक बनाइएको छ । सामुदायिक वनभित्र यस खालको पार्क, बिभिन्न वन्यजन्तुको संरक्षण अति राम्रो हो । यहाँ धेरै ठाउँबाट मान्छेहरु घुम्न पनि आईरहेका छन् । मेरो यो वाटिकाका सम्वन्धमा छुट्टै धारणा छ । यस भित्र ठूला ठूला भवन बनाउने वा वन मास्ने काम नगरौँ । पार्कको सौन्दर्यीकरण जति सकिन्छ राम्रो गरौँ । सामुदायिक वन अर्न्तगत राखौँ । पार्कमा भर्खरका केटाकेटी पनि घुम्न अभिभावक बिना नै आउँछन् भन्ने सुन्छु । पार्कमा विकृति हुन नदिऊ । केटाकेटी घुम्ने होइन पर्यटक आउने र सबैले यहाँ आउँदा गर्व गर्न सक्ने बनाऊ । अहिलेको जमाना पर्यटन विकासको हो पर्यटक भित्र्याउ लुम्विनी आउने हुन्छन् कि अन्यत्रबाट यसलाई पर्यटकीय गन्तव्य बनाऊ ।

# ???????????????
# ??????

**प्रेम खनाल**
संयोजक बासु स्मृति पुस्तकालय

सानैदेखि राजनीतिमा लागेको भएर हो वा के हो मलाई पढ्न मन लागि रहन्छ। पढ्ने ज्ञान हासिल गर्ने कुरा एक्लै गरेर मात्र हुदैन। समाजको परिवर्तन रुपान्तरणका लागि सबै नागरिक सचेत र जानकार हुनु पर्दछ। म कही गएको समयमा पुस्तकालय देखे भने त्यहाँ कस्ता पुस्तक राखिएका छन्। त्यसको सजावट कस्तो छ हेर्छु र पढन को आउँछ जस्ता बिषयमा जिज्ञासा राख्छु। शंकरनगरमा सामुदायिक वनले एउटा स्वरुप लिएपछि सबै दलको सहमति र निणर्यमा पर्यटकीय क्षेत्र वनवाटिका बनाउने निणर्य भएपछि र यसले स्वरुप ग्रहण गर्दै गएपछि यहापनि एउटा पुस्तकालय बनाउनु पर्छ भन्ने भन्ने सोच आयो। वनवाटिका बनाउन लागिरहेको भएर होला मेरो व्यक्तिगत सोचमा के गर्न सकिन्छ लागिरहन्थ्यो। त्यसैक्रममा यहाँ आउने पर्यटक वा शंकरनगरवासीलाई विभिन्न विषयमा जानकारी लिन खोज अध्ययन गर्न पुस्तकालय र प्रतिभा प्रष्फुटनका लागि र वैचारिक तथा सामाजिक, आर्थिक विषयमा बहस गर्न वाचनालय सहितको पुस्तकालय बनाउँदा राम्रो हुन्छ जस्तो मलाई लाग्यो। वाचनालय सहितको पुस्तकालय बनाउन मैले अध्यक्ष ज्युसँग कुरा गरे बनाउने बिषयमा उहाँ सहमत हुनुभयो। तर बजेट अभावले कसरी गर्न सकिन्छ यहाँ यसैको सौन्दर्यीकरण तथा अन्य काममा नै रकम पुगिरहेको छैन भन्नुभयो। अन्य साथीहरुसँग पनि सल्लाह गर्दा बनाउने विषयमा सकारात्मक देखिनु भयो। नाम के राख्ने भन्ने सम्वन्धमा पनि हामीहरुले छलफल गर्‍यौं। धेरै नेताका नामबाट यस्ता पुस्तकालय खोलिएका छन् सामाजिक कामहरु भएका छन्। तर २०३४ सालदेखि राजनीति र सामाजिक आन्दोलनमा सहभागि भई १० वर्षे जनयुद्धमा लागेर शोषित पीडित जनताको पक्षमा निरन्तर काम गर्नु भएका सुरेश आलेमगर (बासु) जसलाई जनयुद्धका क्रममा तत्कालीन सरकारले निर्ममतापूर्वक हत्या गरेको थियो। उहाको स्मृतिमा पुस्तकालय स्थापना गरौ भन्ने प्रस्ताव वनवाटिकाको समितिमा राखे सबैले मान्नु भयो। त्यसपछि पुस्तकालय बनाउन बजेटको खोजीमा लाग्यौं। बिभिन्न ठाउबाट सामान्य सहयोग पनि लियौं। तत्कालीन सभासद बालकृष्ण खाँण र समानुपातिक सभासद सोनीया यादवसंग यही पुस्तकालयका लागि कुरा गर्‍यौं उहाँहरुले संसद विकास कोषबाट १० लाख रुपैया उपलब्ध गराउनु भयो। त्यसपछि अर्को वर्ष पनि उहाँहरुले ९ लाख रुपैया बढी उपलब्ध गराउनु भयो। पुस्तकालय भवन निर्माण गर्‍यौं। तत्कालीन स्थानीय विकास अधिकारी युवराज सुवेदीले संसद विकास कोषबाट पुस्तक किन्न मिल्दैन भन्नुभयो। हामीले भवनबाट बचेको रकमबाट पुस्तक किन्यौं। अहिले पुस्तकालयमा राजनीतिक, धार्मिक, सास्कृतिक, सबै खालका पुस्तक राखेका छौं। शंकरनगर बौद्धिक व्यक्तिहरुको थलो हो। पुस्तकालयमा पुराना साथीहरु आउने अध्ययन गर्ने विभिन्न पुस्तक पत्रपत्रिका माग गर्ने गर्नुहुन्छ। नयाँ पुस्ता विशेष गरी युवाहरुलाई हामीले यसमा आकर्षित गर्न सकेका छैनौं। अहिले इलेक्टोनिक लाईब्रेरीको अवधारणा पनि आएको छ। युवालाई आकर्षित गर्न त्यसतर्फ पनि लाग्नु पर्छ भन्ने हामीले साचेका छौं। वनवाटिकामा भ्यूटावर बनिरहेको छ यो पुरा हुँदा यसको आर्कषण ह्वात्तै बढेर जान्छ। त्यति बेला यहाँ आउनेहरुले यो पुस्तकालयमा बसेर सहज तरिकाले अध्ययन गर्न पाउने छन्।

# पार्कको सौन्दर्यीकरण जति सकिन्छ राम्रो गरौं

**राम गिरी**
अध्यक्ष, शंकरनगर सामुदायिक वन उपभोक्ता समूह

नेपालमा राज्यको पुर्ण नियन्त्रणमा रहेको वनमा विनाशको दर नघटेपछि समुदायलाई जिम्मेवार बनाउनु पर्छ भन्ने सोच २०३० सालको दशकमा विकास भएको पाईन्छ । त्यस दशकको सुरुका वर्षमा पञ्चायत मार्फत जनसहभागिताका लागि वन सुम्पने कार्यको थालनी सिन्धुपाल्चोक जिल्लाबाट भएको पाइन्छ। तर यसको कानुन २०३५ सालमा मात्रै बनेको थियो। हाम्रो शंकरनगरमा त्यसको एक दशक पश्चात सामुदायिक वनले मान्यता पाएको हो। देशका अन्य स्थानका वन जस्तै शंकरनगरको वन पनि राज्यको पूर्ण नियन्त्रणमा थियो । यसको संरक्षणको पूर्ण जिम्मेवारी वन कर्मचारीहरुको थियो । वनका रुखहरु घट्दै गएका थिए। सुकुम्वासी वसाल्न विभिन्न व्यक्तिले पटक पटक प्रयास समेत गर्थे तर शंकरनगरबासीले लखेटने गर्थे। अहिले यो सामुदायिक वनको कार्यालय भएको ठाउँबाट पूर्वपश्चिम राजमार्गमा गाडी हिडेको देखिन्थ्यो । शंकरनगरवासीलाई आफनो वन मासिने र वन कर्मचारीहरुलाई जोगाउन नसकेकोमा चिन्ता थियो । यसै क्रममा पटक पटकका छलफल पश्चात २०४५ साल चैत्र २९ गते पञ्चायती वन र पञ्चायत संरक्षण वनको नाममा रहेको हालको ५८४ हेक्टर वन जिल्ला वन कार्यालय मार्फत शंकरनगर सामुदायिक वन उपभोक्ता समूहलाई प्राप्त भयो । सामुदायिक वन प्राप्त भएपछि सबै शंकरनगरबासी थप सक्रिय भयौँ । तारवार गर्‍यौं । विस्तारै वन हरीयो हुदै गयो सालका रुखहरु हुर्कदै गए। सडे गलेका, ढले पडेको रुख काटेर उपभोक्तालाई दाउरा बिक्रि गर्ने र त्यसबाट आएको रकम वन संरक्षणमा लगाउँदै आएका छौं । यस सामुदायिक वनको नेतृत्व स्थापनाका समयमा २०४५ देखि २०४७ सम्म केशवराज न्यौपानेले गर्नु भएको थियो। त्यसपश्चात २०४७ देखि २०५२ सम्म भवानी प्रसाद देवकोटा, २०५२ देखि २०६१ सम्म प्रेम बहादुर भण्डारी, २०६१ देखि २०६७ सम्म उमानाथ कंडेल र २०६७ देखि २०७२ सम्म डिल बहादुर कार्कीले नेतृत्व गर्नुभयो । २०७२ सालदेखि मैले यसको नेतृत्व गर्ने अवसर पाएको छु।

यो सामुदायिक वनको संरक्षणका लागि भवानी प्रसाद देवकोटाको पालामा अस्थायी कार्ययोजना बनाएका थियौ। अहिले २०७३ सालमा ८० वर्षे वाली चक्र अवधिको वन व्यवस्थापन शाखा सहितको पहिलो दश वर्षे वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना लागु गरेका छौं। यो सामुदायिक वनलाई नेपालको एउटा उत्कृष्ठ वन बनाउन हामी लागि रहेका छौं। अहिले यस सामुदायिक वनलाई हामीले ३ क्षेत्रमा बाडेका छौं ।३५५ हेक्टरमा सालका रुख विद्युतका पोल साइजका छन् । ११८ हेक्टर सामान्य अन्य रुखहरु छन् भने ११० हेक्टर बृक्षारोपरण क्षेत्र छ। वृक्षारोपण क्षेत्रमा टिक, मसला, जामुनो, विभिन्न आँप, कागती,मेवा फल र फूलका विरुवा रोपेका छौ।

यसलाई पर्यापर्यटन क्षेत्रको रुपमा विकास गर्ने पनि हाम्रो योजना रहेको छ। त्यसका लागि विभिन्न सामुदायिक वनको अध्ययन अवलोकन र यसको अध्ययन गरिरहेका छौँ। यस सामुदायिक वनबाट भएको आम्दानी यसै क्षेत्रको सामाजिक विकासमा लगाउने गरेका छौँ। गोवर ग्यास जडान गर्ने उपभोक्तालाई ५ हजार रुपैया अनुदान दिन्छौँ। यहाँका स्थानीय प्राथमिक विद्यालयलाई वार्षिक १५ हजार रुपैया र माध्यमिक विद्यालयलाई २० हजार अनुदान दिन्छौ। त्यस्तै स्थानीय महिलाहरुलाई आय आर्जनमा सहभागि गराउन समूहको शिफारिसमा ५० हजार रुपैयासम्म न्युन ब्याजमा उपलब्ध गराउने गरेका छौँ।

यो सामुदायिक वन उपभोक्ता समुह अर्न्तगत ४ वटा उपसमिति रहेका छन। २०६२ सालमा उमानाथ कंडेल अध्यक्ष हुँदा यो वनको एउटा क्षेत्रमा वन सहित पर्यटकीय क्षेत्र वनाउन बाबुराम अर्याललाई वनवाटिकाको संयोजकको जिम्मेवारी दिइएको थियो। अहिले वन वाटिका यस क्षेत्रको पर्यटकीय क्षेत्रका रुपमा स्थापित भएको छ। २०७३ को कार्ययोजनामा पनि हामीले ५१. ३६ हेक्टर जग्गा वन वाटिका सहित वनचौकीको घाटगद्दी, नर्सरी कार्यालय भवन, बितरामा परेका जंगली जनावर संरक्षण गर्न टहरा पिकनिक स्थल, विभिन्न पार्क र स्मारक बनाउने योजना समावेश गरेका छौ। वनवाटिकाको समितिमा भएका साथीहरु खटिरहनु भएको छ। कसरी राम्रो बनाउने भन्ने उहाँहरुलाई छ तर कतिपय निर्माण र योजना सामुदायिक वनले गर्न नमिल्ने वा सम्वन्धित निकायको पुर्व स्वीकृति लिनुपर्नेमा पनि अलि बल मिच्याई गर्न खोज्नु भएको छ। वनवाटिका सामुदायिक वनको गहना हो तर यहाँ हुने विकास निर्माण वा अन्य गतिविधिबाट सामुदायिक वन उपभोक्ता समिति बेखवर हुन सक्दैन। वन वाटिकाको समितिले वन उपभोक्ता समूह र अन्य सम्वन्धित सस्था कार्यालयको मातहतमा रहेर योजना बनाओस् भन्ने हाम्रो चाहना छ।

# शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र

नारायणप्रसाद पौडेल

सन्तुलित आहार र स्वच्छ विहारले मान्छेको विचारलाई परिष्कृत पार्छ भन्ने चलन छ । मान्छेको शरीर स्वस्थ र विचार स्वच्छ हुन/राख्नका लागि सन्तुलित आहारले मात्र पुग्दैन, विहार पनि तदनुसारको चाहिन्छ नै । त्यो विहार भित्र आराम, व्यायाम र मनोरञ्जन पनि पर्छन्, जो शारीरिक र मानसिक उर्जाका आधार हुन् ।

आधुनिक विकासले जति तीब्र गतिमा भौतिक निर्माणमा योगदान दिएको छ, उपकरणको आविस्कार गरेको छ, उति नै प्रदुषित हुँदै गएको छ तन, मन र वातावरण, वर्णशंकर अन्न, फलफूल, तरकारी र मरमसलाको उत्पादन र उपभोगले पहिलेको जस्तो ताकत दिदैन, शक्ति मिल्दैन, बुद्धिसहितको बल हुँदैन । अझ त्यसैमाथि विषादिरहित खाद्यान्न पाउनै मुस्किल छ। आन्तरिक शक्ति प्रदान गर्ने खाद्यान्न जति विषाक्त भयो, बनाइयो, उति स्वच्छ हावा, पानी र वायुले निर्मलीकरण गर्ने मौका पनि गुम्दै गयो । छड, सिमेन्ट, इटा र बालुवाका थुप्राले भरियो जमिन वन मासिदै गयो । पानीका मूल सुक्न थाले । बजारीकरणले छोप्यो गाउँलाई पनि सहरको कोलाहल, धुँवा र धुलोबाट मुक्त हुन खोजेको समूह (तन र मन) बाट नजिकका गाउँ प्रभावित भए, भरिए । जनघनत्व बढ्यो, वस्ती घना हुँदै गयो, सवारी साधनको आवागमनले सडक पार गर्न मुस्किल पर्न थाल्यो । हिजो गाउँ भनेको ठाउँ आज आफै सहरमा परिणत भयो । नौकोटी, जो- योगीकुटी र ड्राइभरटोल हराए, अर्कै आवरणमा अनावरण भए, उदाए । उहिलेको त्यो घना जंगल मासियो, जोगीहरु बस्न छाडे, कुटी छैनन् । ड्राइभर (चालक) टोल बनाउने तीनजनाको टोली परलोक पुग्यो, उनका सन्तान छन् । पुर्खाको गौरव/पौरख/इतिहास जोगाउन सकेनन् । शंकरप्रसाद उपाध्यायका अनुयायीले शंकरनगर बनाए, भनाए । तिलोत्तमाको किनार, उर्वर फाँट र बगर, बटौलीको यो पुच्छार, उछाररहित हुने डर पैदा भयो । त्यही डर भगाउन, सुख र शान्तिप्रति आश्वस्त गराउन विहार बन्यो, बनाइयो ।

समाजिक तथा वातवरणीय उन्नयन र पर्यटन क्षेत्रको प्रवर्द्धनमा अग्रसर बाबुराम अर्यालको संयोजकत्वमा 'शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रको स्थापना गरियो २०६२ सालमा जसरीतसरी आहार जुटाएका, विहार तथा विचरण गर्ने उचित ठाउँ र वातावरण नपाएका, जस्तोतस्तो विचार त भएका तर अध्ययन, अनुसन्धान र मनोरञ्जनका अभावले ज्ञानानुभव तिखार्ने/निखार्ने आधार नभेटेका शक्ति, समूह र व्यक्तिका लागि शंकरनगर पुगेपछि तीर्खा मेटिन्छ । शारीरिक र मानसिक रुपमा आराम, व्यायाम र मनोरञ्जन गर्ने र पुनःताजगी भर्ने ठाउँ भेटिन्छ ।

एक ठाउँमा पुगेर धेरै थोकको सुविधा लिन सकिने, धेरैतिर धाउन नपर्ने, पायक परेको हुनाले 'शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र'ले छिट्टै प्रगति गऱ्यो । आन्तरिक र

बाह्य पर्यटकको मन जित्यो र तन तान्यो। लुम्बिनी आएका, बुटवल र भैरहवाको सहरी वातावरण तथा ध्वनी, धुवा र धुलोबाट आजित भएकाहरु ५१ हेक्टर क्षेत्रफलमा बनेको सुन्दर, शान्त र मनमोहक शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र जान्छन्। विश्राम लिन्छन्, विचरण गर्छन् र रमाउँछन्। जे खोज्यो त्यही छ।

जो जुन राजनीतिक विचार र दलसँग आवद्ध छन्, उनैका आदरणीय अगुवाका स्मृतिमा निर्मित रमणीय र भ्रमणीय उद्यान बनाइएका छन्। वि.पी. वाटिका, पुस्पलाल पार्क, शहीद पार्क, लखन थापा पार्क, सुकदेव पार्क, थारु संग्रहालय आफै आकर्षणका केन्द्र हुने नै भए। सूचना केन्द्र र पुस्तकालयले ज्ञानानुरागीका आवश्यकताको परिपूर्ति गरेकै छन्। चिडियाखाना छ, जहाँ २३ प्रजातिका १६७ वटा जनावर छन्, हेर्नेहरु आफै रमाउँछन्। बाल उद्यान छ, जहाँ पुगेपछि बालबालिकाहरु बाहिर निस्कनै मान्दैनन्। सुविधायुक्त २१ वटा वनभोज स्थल छन्। विवाह तथा व्रतवन्ध आदि कार्य र सभा सम्मेलनका लागि आवश्यक पर्ने सभाहल छ। आँपको बगैचा छ। खाजा घर, पिउने पानी र शौचालयको सुविधा छ। हरेक खालका आगन्तुक अतिथि (पर्यटक) का लागि आवश्यक पर्ने आश्रयस्थल र विश्रामस्थल छन्। अर्थात् जे चाह्यो त्यही छ। सहरको भीड-भाड, हल्ला-खल्ला, धुँवा-धुलो, ठेलम्-ठेलाबाट मुक्त भएर मज्जाले रमाउन र उल्लासपूर्वक समय कटाउन सकिन्छ, पाइन्छ। गागरमा सागर छ। पुगेपछि आफै देखिन्छ।

**आगन्तुकका आग्रहानुसार बनाइदै छन्**

स्थानीय किम्वदन्ती अनुसार महामाता मायादेवी कपिलवस्तुबाट माइत, गौतमबुद्ध मावली/ससुराली देवदह जाँदा बाटोमा विसाएर पानी पिउने गरेको प्राचीन कुवा(इनार) अद्यपि देख्न सकिन्छ। प्रवर्द्धनका लागि पुरातत्व विभागलाई अनुरोध गरिएको छ।

अत्याधुनिक उपकरणले सुसज्जित र सवै किसिमका सुविधा सम्पन्न ११ तलाको १३५ फीट अग्लो भ्यू टावर निर्माण कार्य जारी छ। १४ करोडमा ठेक्का पनि लागिसकेको छ। जसबाट भैरहवा, बुटवल, लुम्बिनी, देवदह, रामग्राम, कपिलवस्तुको सवै भू-भागको दृश्यावलोकन गर्न सकिने छ। दूरवीनका सहायताले भारतीय बजार गोरखपुर र गोण्डासम्मको चहपहल हेर्न सकिने छ।

विपी वाटिकामा सुन्दर सरोवरको निर्माण गरी जलविहारको व्यवस्था मिलाइदै छ। बालरेल सञ्चालनका लागि समेत प्रयास जारी छ। हर्रर हाउस अर्थात् भूत बंगला र नाट्यशाला निर्माणका लागि श्रोत संकलन हुँदैछ। वानस्पतिक अध्ययनको उद्यानमा रुपन्तरण र अभावको परिपूर्तिको प्रयास जारी छ। अनुसन्धान केन्द्र र स्नेक (सर्प) पार्क निर्माण कार्य यसैवर्ष पूरा हुने सम्भावना छ।

**साथ, सहयोग र संलग्नता**

नेपाल सरकार, प्रदेश सरकार, तिलोत्तमा नगरपालिका तथा सामुदायिक वनको पूर्ण सहयोग र साथ रहेको छ। खानेपानीको समस्या समाधानका लागि बोरिङ्गको व्यवस्था सीता राइस मिलका खुमबहादुर भण्डारीबाट भएको छ। नेवा कुच समाज, रोटरी क्लव, पम्फुके समाज, गौतम समाज सानो र ठूलो, पौडेल समाज, अर्याल समाज, कँडेल समाज, लखन थापा मगर समाज, गुरुङ समाज, पोखेल समाज, क्षेत्री समाज, विश्वकर्मा समाज सानो र ठूलो, रास्कोटी चेलीबेटी पोइन्ट, गौतम नयाँ सेड, लायन्स क्लव, पाण्डे समाज आदि।

**निरन्तर लागि पर्नेहरु**

क्रियाशील सञ्चालक समितिमा श्री बाबुराम अर्याल अध्यक्ष, श्री कृष्णबहादुर थापा उपाध्यक्ष, श्री खिमलाल पाण्डे सचिव, श्री गोपाल थापा कोषाध्यक्ष र सदस्यहरुमा श्री रामप्रसाद ज्ञवाली, श्री तीलबहादुर थापा, श्री प्रेमराज खनाल, श्री बालकृष्ण कुँवर, श्री राममाया पौडेल, श्री कमला पाण्डे, श्री ज्योती थापा हुनुहुन्छ। सवै समयमा जुट्ने, खट्ने र डट्ने, जस्तो बाधा अडचन आइपरे पनि पन्छाउन सक्ने, समावेशी र सहयोगी टिम भएकैले प्रगति गर्न सफल भएको हो। सल्लाहकारमा श्री उमानाथ कँडेल, श्री रामबहादुर खत्री, श्री केशव न्यौपाने, श्री बेलप्रसाद शर्मा, श्री अर्जुन ज्ञवाली, श्री तुल्सीप्रसाद सापकोटा र श्री राजु राना रहनु भएको छ जसले जतिबेला पनि उत्थान र उन्नयनका उपाय सुझाउनुहुन्छ। लेखा समितिमा श्री गुरुदत्त ज्ञवाली संयोजक, श्री मनिराम

भट्टराई सदस्य, श्री युवराज पराजुली सदस्य हुनुहुन्छ। हिसावकिताव चुस्त र दुरुस्त राख्नु हुन्छ। कुनै कुराको कमी हुन नपाएपछि र सर्वदलीय तथा सर्वपक्षीय सक्रियता रहेपछि उदाहरणीय काम हुन्छ भन्ने प्रमाण हो - शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र। जसलाई बाबुरामको राम, प्रेमराजको प्रेम, अर्जुनको दृष्टिले श्रृष्ठि गरेको भन्न र मान्दा फरक नपर्ला।

**उपसंहार**

जी+वन = जीवन। मान्छेका लागि वनको महत्व कति छ भनेर अर्थ्याउन पुग्छ यत्तिले। तोड्ने र फोड्ने, काट्ने, फाँड्ने र विगार्नेहरुको रजाई चलिरहेका बेला जोड्ने, बनाउने र सिंगार्ने काम गरेको छ शंकरनगर वन विहार तथा अनुसंधान केन्द्रले वनको वहुपयोगले तन र मनलाई सुव्यवस्थित पार्न मात्र सघाउँदैन, जति प्रयोग गरे पनि अघाउँदैन, पुग्दैन र अन्तिम भयो भन्न सकिन्न। जीवनमा महामाता मायादेवी माइत र गौतबुद्ध मावली/ससुराली जाने बाटोमा पर्ने यो सुन्दर उद्यान बुद्धमार्गीका लागि बुद्ध हिडेको बाटोको माटो हुनाले पवित्र र एकपटक पुग्नै पर्ने ठाउँ हुने नै भयो। अरुहरुका लागि पनि इच्छाएको, खोजेको, रोजेको ठाउँ हेर्न र प्रयोग गर्न पाउने सूवर्ण अवसरका रुपमा लिन सकिन्छ।

०७५ पुस १४ गते, तौलिहवा- कपिलवस्तु

*npaudelg@gmail.com*

# हाम्रो वनवाटिका

**के.बी. रास्कोटी**

संसारमा दोश्रो विश्व युद्ध विराम भएपछि सर्वप्रथम बेलायतले चिडियाघरको अवधारणा ल्याएर यसको सुरुवात गरेको हो । त्यसै अवधारणालाई आधार बनाएर तत्कालीन प्रधानमन्त्री जुद्धशमसेर राणाले काठमाण्डौमा आफ्नो व्यक्तिगत चिडियाघर बनाएका थिए। त्यसैलाई पंञ्चायत कालमा सदर चिडिया घर बनाइयो र त्यो चिडिया घर अहिले पनि काठमाण्डौमा विद्यमान छ। त्यस्तै यूरोप र एसियाका विभिन्न देशहरुमा पनि आफ्नो भौगोलिक क्षेत्र अनुसारका विभिन्न प्रजातिका जनावर तथा चराचुरुङ्गीहरुको अधारमा पर्यटकीय स्थलको रुपमा चिडिया घर बनाउने होडबाजी नै चल्यो । छिमेकी देश भारतको सबै भन्दा पुरानो चिडियाघर कल्कत्तामा अहिले पनि छदैछ।

हाम्रो छिमेकी देश चीनले पनि पर्यटकीय स्थलको रुपमा चिडियाघरलाई विशेष प्रकारले सुविधा सम्पन्न बनाएको छ । त्यसो त अहिले पर्यटकीय स्थल भन्नाले कुनै पनि संग्रहालय, धार्मिक स्थल, ठूला ठूला पोखरी, सिमसार लगायत अहिले आएर निकुञ्जले पनि वनभोज स्थल तथा सवारी साधनबाट जनावरहरु अवलोकन गर्न सकिने व्यवस्था थालेको अवस्था छ।

यसैलाई मध्यनजर गर्दै शंकरनगर निवासी श्री बाबुराम अर्यालले शंकरनगरमा पनि एउटा पर्यटकीय स्थल निर्माण गर्नुपर्ने विचार ल्याउनुभएको हो र त्यसैलाई सबै स्थानीयबासी, राजनीतिक दल, समाजसेवी तथा बुद्धिजीवीहरु मिलेर शंकरनगर सामुदायिक बन भित्रको क्षेत्रमा पर्यटकीय स्थल बनाउने निर्णय गरियो। तत्कालीन सामुदायिक वनका अध्यक्ष श्री उमानाथ कँडेलले विभिन्न कानूनी बाधा अवरोधको बाबजुद पनि यो पर्यटकीय स्थल बनाउने कुरामा सहजै समर्थन दिनुभयो र पर्यटकीय स्थल बनाउने योजना सुरु गरिएको थियो । योजना सुरु गर्नु अघि शंकरनगर सामुदायिक वन समितिबाटै यसका लागि एउटा उपसमिति निर्माण भयो ।

**वन सम्पदा प्रबर्द्धन एवं अनुसन्धान उपसमिति मितिः २०६३/१०/०४**

| | | |
|---|---|---|
| १. | संयोजकः | बाबुराम अर्याल |
| २. | सचिवः | लेखनाथ ज्ञवाली |
| ३. | सदस्यः | कृष्ण थापा (प्राविधिक) |
| ४. | सदस्यः | यम बहादुर खत्री |
| ५. | सदस्यः | मनोरमा शेरचन |
| ६. | सदस्यः | डा. लक्ष्मण घिमिरे (पशु विकास अधिकृत) |
| ७. | सदस्यः | डा.षडानन्द पौडेल (वनस्पतिविद्) |
| ८. | सदस्यः | रामु परियार |
| ९. | सदस्यः | शान्ति भुसाल |
| १०. | सल्लाहकारः | खेटराज दाहाल (इन्जिनियर) |
| ११. | सल्लाहकारः | अजय चौधरी |

| | | | |
|---|---|---|---|
| १२. | सल्लाहकार | : | गोपालमणि गौतम |
| १३. | सल्लाहकार | : | अर्जुन थापा |
| १४. | सल्लाहकार | : | उमापति न्यौपाने |
| १५. | सल्लाहकार | : | प्रेम खनाल |
| १६. | श्री प्रसाद क्षेत्री | : | (अन्तर्राष्ट्रिय दातृ संघसंस्थासित सम्बद्ध) |

यस प्रकार उपसमिति गठन भएपछि सर्वप्रथम पर्यटकीय स्थलको नाम म आफैले वनवाटिका राख्ने प्रस्ताव राखेँ। वनवाटिकाको लोगो पनि डिजाइन गरेँ। वन उद्यान कसरी आकर्षक बनाउने भन्ने विषयमा व्यापक विचार विमर्श हुन थाल्यो। जसको परिणाम अहिलेको वनवाटिका हो। तत्पश्चात् वनवाटिकाभित्र विभिन्न पार्कहरु, वनभोज स्थल, चिडिया घर, कार्यलय क्षेत्र विस्तार गर्ने कार्य सुरु भयो। सबैतिर झाडी तथा रुखहरु भएकोले जमिन माथि फिता लगाएर नाप्नु परेको कुरा मैले अझै बिर्सेको छैन। यसरी मैले सबै पार्कहरु- पुष्पालाल पार्क, शहीद स्मृति पार्क, बि.पी. पार्क, पिकनिक स्पटहरु, लखन थापा स्मृति पार्क, सुखदेव गुरुङ्ग पार्क, थारु सङ्ग्रहालय पार्क एवं चिडियाघरको डि.पि.आर. तयार गरी कार्य प्रारम्भ भएको हो।

आजको मितिसम्म आइपुग्दा के कति विकास भएको छ र हुँदैछ भन्ने कुरा सबैलाई विदित्तै छ। सबैभन्दा ठूलो योजना भ्यू टावर नै छ र अर्को योजना किन्डर गार्डेनमा सानो बालरेल चलाउने योजना छ। बाटोघाटोलाई राम्रो बनाउने काम भइरहेको छ। मूल प्रवेशद्वार तथा टिकटघर निर्माण भइसकेको छ।

**भविष्यमा के गर्दा राम्रो हुन्छ ?**

१. प्रवेशद्वार दुइटा हुनुपर्दछ। एउटा घुम्न जाने पर्यटकहरुका लागि दक्षिण दिशावाट र पिकनिक तथा अन्य कार्यक्रमहरुका लागि पश्चिम दिशावाट काउण्टर सहितको प्रवेशद्वार बनाउने,

२. वि.पी. पार्कको पश्चिम तर्फ खनिएको ठूलो खाडलतर्फ पक्की पोखरी बनाई चारैतिर पोखरीको माटोको ढिस्कोलाई पहाडको रुप बनाई उक्त पहाडमा नेपालका ठूलाठूला धार्मिक स्थल तथा महत्वपूर्ण प्रतिष्ठानहरुको मोडेल बनाई राख्ने र डुङ्गाबाट पर्यटकलाई घुमाउने प्रबन्ध हुनुपर्छ।

३. पिकनिक स्पटलाई प्राकृतिक रुपमा नै राख्न सक्नु उत्तम हुन्छ। यहाँ धेरै सिमेन्ट कंक्रिटको काम गर्नु उत्तम हुँदैन। वनभोज क्षेत्रलाई विस्तार गर्नुपर्छ।

४. हाम्रो चिडिया घर चिडिया घर नभै नेपाल सरकारले सामुदायिक वन अन्तर्गत उद्धार केन्द्र (रेस्क्यू सेन्टर) भनी कागजमा प्रमाणित छ। अतः अहिले बनाएको चिडिया घरलाई रेस्क्यू सेन्टर बनाउने र चिडिया घर नेपाल सरकारले इजाजत दिएको खण्डमा अर्न्तराष्ट्रिय मापदण्ड अनुसारको बनाउने। त्यस्तो चिडिया घर सामुदायिक वनले थप जग्गा उपलब्ध गराएमा बनाउन सकिन्छ। चिडिया घरको इजाजत प्राप्त भएमा जंगली जनावर, पाटेबाघ, हात्ती, गैंडा जस्ता अन्य जनावरहरु सहजै नेपाल सरकारबाट प्राप्त गर्न सकिनेछ। त्यसो भएमा केही दाना खर्च सरकारबाट प्राप्त गर्न सकिनेछ।

५. कर्मचारीहरु तालिम प्राप्त हुनुपर्छ। तिनीहरुको सही मूल्याङ्कन गरी उचित पारिश्रमिकको व्यवस्था गर्नुपर्ने हुन्छ र कर्मचारीको पोशाक पनि सही प्रकारले चयन गर्नुपर्ने हुन्छ। कर्मचारी संञ्चयकोष, दुर्घटना विमा, उपादान आदिको व्यवस्था गर्नुपर्छ। वनवाटिकामा सुरक्षाको राम्रो व्यवस्था गर्नुपर्छ र भविष्यमा राति ६-९ सम्म नाइट पार्क पनि खोल्न सकिने देखेको छु।

६. यो शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र बहुउद्देश्यीय हिसाबले विकास भएको छ। पार्कहरु, पिकनिक स्पट, चिडियाघर, किन्डरगार्डेन, भ्यू टावर सबै एकै ठाउँमा नै छन्। अझ त्यतिले नभएर बोटानिकल गार्डेन पनि वनबाटिकामा नै बनाउनुपर्छ भन्ने चर्चा चलेको छ। बोटानिकल गार्डेन भनेको रिसर्च गर्ने ठाउँ हो र यहाँ विद्यार्थीहरु आउँछन्, रिसर्च गर्दछन्। त्यसैले बोटानिकल गार्डेन अलग कम्पाउण्डमा शान्तिपूर्ण क्षेत्रमा बनाउनुपर्ने हुन्छ।

जसमा २० फुटे बाटो कम्पाउडको बिचोबिच भागबाट चिरेर बनाउनुपर्ने हुन्छ। त्यसको दाँया बाँया ३ फुटे बाटो बनाई स्वदेशी वा बिदेशी बोटविरुवाहरु लगाउन सकिन्छ। यहाँ एउटा नर्सरीको पनि व्यवस्था गर्नुपर्ने हुन्छ । पार्किङ्कको व्यवस्था हरेक ब्लकमा वा कम्पाउण्डमा गर्नुपर्ने हुन्छ। कुनै पनि पार्क बनाउँदा वा संग्राहलय बनाउँदा अवलोकन गर्ने मान्छेले केही न केही ज्ञान प्राप्त गरेर जान सकोस् भन्ने उद्देश्यले त्यसको डिजाइन गर्नुपर्दछ। जे होस्, वन विहार तथा अनुसन्धान केन्द्रको भविष्य अति उज्जल छ। यो त्तिलोत्तमा नगरपालिकाको लागि गहनाको रुपमा रहेको छ। सबै मिलेर यसको विकासमा टेवा पुऱ्याउन सबैलाई मेरो आग्रह छ।

**अन्त्यमा**,

- सुरुमा जो कोहीले पनि एक हजार तिरेर वर पिपल र शमीको विरुवा लगाएर हुर्केको रुखहरुमा कसैले चौपारी पनि बनाएका छन् तर पनि धेरै विरुवाहरु हुर्काउन सकिएन। त्यसको लागि हामी क्षमाप्रार्थी छौं।
- लायन्स क्लबले पिकनिक स्पटमा आँपको बगैंचा बनाएको छ। जसले फल पनि दिन सुरु गरिसकेको छ। यसमा लायन्स क्लबलाई धन्यवाद छ।
- उमानाथ कँडेलको अगुवाइमा कटहर पनि लगाइएको छ। जसले फल दिन सुरु गरेको ३/४ बर्ष भैसकेको छ। त्यसैले उमानाथ कडेलज्यूलाई पनि धन्यवाद छ।
- सम्पूर्ण पिकनिक सेड बनाउने व्यक्ति, संस्थाहरुलाई पनि धन्यवाद छ।
- म नेपाल प्रहरीको डि.एस.पी. पदबाट रिटायर्ड भएपछि श्री बाबुराम अर्यालले मलाई यहाँ ल्याउनुभएको हो। जसले गर्दा मैले धेरै अनुभव बटुल्न पाएँ, वहाँप्रति म कृतज्ञ छु।

(लेखक वनवाटिकाका उपाध्यक्ष हुनुहुन्छ।)

# शंकरनगर वनको आत्म कथा

इश्वरी गिरी

यो शंकरनगरमा सुकुमवासीका नाममा फडानी नै दर्ता भएर वाकी रहेको जंगल रहनु को कारण शंकरनगरमा बसोवास गर्नेहरुले आफ्नो चरी चरन र दाउरा घास गर्ने जंगलको रुपमा राख्न चाहेकाले हो।

उदाहरण यो जंगलमा २४ सालमा हजारौंको संख्यामा बाहिरबाट मानिसहरु आइ बसे. जंगलमा हाड बजार घरका छापा बनाइ रोधी घर यही बनाइ बसे वन सुरक्षाकर्मीको केही लागेन तिनै निकाएका सुरक्षाकर्मी परासी र मर्चवारवाट १२/१५ हात्ती ल्याई लखेट्न सुरु भयो शंकर नगरका मानिस पनि सयौको संख्यामा सामेल भएका थिए र जंगल खाली गराएर धेरै वर्ष जंगल रह्यो। दुरभाग्यवस जंगललाई चुनावी जंगल हुन पुग्यो १२/१५ चुनाव र उपभोक्त कारण जंगल थला परि नाङ्गो चौरका रुपमा ४० सालमा देखियो। तेस्तैमा एउटा २०४२ तराई सामुदाहीक वन भन्ने प्रोजेक्टले सवभन्दा माथी ५० हे तेस मुनी १३ हे. ६०हे. १७ हे.गरी सिसौ, मसला, केसेसिमिया इत्यादी विरुवा लगायो शंकरनगर गाविसबाट हामीलाई पंचायती वनको रुपमा माग भए अनुसार २०४६ साल मंसीर २६ गते केसव न्यौपाने अध्यक्ष खगराज गौतम् उपाध्यक्ष भएको १३ सदस्य समितिलाई हस्तान्त्रण गरेको हो त्यस समितिमा म पनि सदस्य थिए जंगल नाप्ने सबै काम मलाई खटाएका थिए वन विभागसँग नापी गरी ५०३ हे. जमिन पञ्चायती वनको रुप आयो।

वन विभागले पञ्चायती वन प्रमाण फिर्ता लिएर शंकरनगर सामुदाहिक वनको प्रमाणपत्रको समितिलाई हस्तान्तर गरी केही समय पछि १०४ हे. लगाइएको तराई सामुदाहिक वन यो समितीलाई ह.गरियो र यो समितिले आफ्नो कार्य अगाडि वडाउँदा वनलाई जिम्मा लिएको समिति सुस्त सुस्त आफ्नो नियन्त्रण गर्दा गर्दै २०४६ चैत महिनामा जन आन्दोलन सुरु भयो। २०४६ चैत २६ गते वहुदलीय व्यवस्था घोषणा भए पछि फेरी वन माथि आक्रमण सुरुभयो किरन नेपाली जत्था र अरु सुकुमवासीको नाउँमा वन वस्ने लाजे शंकरको हजारौं मानिसहरुले ती वनमा वस्नेहरुलाई त्यहाबाट लखेट्नी काम भयो र यसबाट यो वन जहाँका जनताले जोगाएका थिए।२०४७ को वैशाखमा पुरानो समितिलाई भंगरि नया समिति गठन गरेका थिए तो समिति भवानीप्रसाद देवकोटा अध्यक्ष इश्वरी गिरी उपाध्यक्ष रहेको नया समिति गठन गरे यो समितिले काम गर्दै जाँदा सर्व प्रथम शंकर नगरका उपभोक्तालाई जंगल भएको आफ्नो घरमा ल्याउने जंगल चोरे पनि कसैको चुक्लि नगर्ने बानी परेकोलाई जंगल जोगाउन पर्छ भनि बानी पार्न ठूलो कठिन कार्य थियो रुपन्देही जिल्लाको आधा मान्छे वस्ने जंगल यहि थियो दिनमा गणना गर्दा २५०० हसियासँग २५०० वन्चरो लिएर दैनिक जंगल पस्दथे फेरी गणेश नगरबाट पसेको सुकमवासी भन्नेहरु बुटवल सैनिक व्यारेक घिउ संम फैलिए यिनिलाई लखेट्न सारै गारो भयो एक दिन इंपेक्टर लगायत

हामीलाई आफ्नो भित्र पारे अब हाम्रो उम्कने उपाय खोजन परो यति बेला झलनाथ खनाल वन मन्त्री थिए इंपेक्टरले तपाईंहरु जग्गा पाउनु पर्छ हामी वन मन्त्रिसँग कुरा गर्छौ भोलि बिहान १०/१५ जना भएर ठानामा आउनुस् भने पछि अर्को दिन ठानामा गएपछि ती सुकुमबासीलाई ५ जनाको काठमान्डौ जाने समिति बनाएर पठाए पछि गणेश नगरमा राती पाटी गरेछन् र रक्सी खाएर लडेछन् एक जना मरेछ तिनको भागाभाग भयो शंकर नगरले २ घण्टामा तिनका सबै छाप्रा भत्काइ सबै लाई लखेटे मैले यो किन भनिरहेको छु भने शंकरनगरका मान्छेले यो जंगल आफ्नो चरिचरन दाउरा घाँसको वन रहिरवस भन्ने थियो। यदि जहाँका मान्छे वस्न चाहेको भए यो जंगल वसोवास भएको देख्ने थियौ २०४७/४८/४९ साल समन उपभोक्तालाई वानी पार्न ठूलो दुख भयो। दुस्मनको रुप यो समिति रह्यो त्यस पछि विस्तारै ......दै गएर २९ वर्षको अंगालमा आइ पुगेको शंकरनगर सामुदाहिक वनले शंकरनगर वन विहार अनुसंधान केन्द्र बाबु राम अर्यालको पहलमा स्थापित भएको छ । अहिले परेटकिय क्षेत्र बनाउने पहल भएको छ। यसमा मेरो गहिरो समर्थन छ। भ्यू टावरको सिलान्यास भएको छ राम्रो कुरा हो मेरा सुझावहरु सामुदायिक वन र वन विहार अनुसन्धान केन्द मिली यसलाई अगाडि बढाउन पर्छ। यस जंगलमा रहेको ऐतिहासिक कुवाभन्दा ७५ मिटर देखिन तिर इटा खपडा भएको गारो लगाएका घरहरु भगना वेससमा जमिन भित्र छन्, त्यसलाई उत्खनन गरि कैले देखिको वसोवास हो भन्ने पत्ता लगाई राखे प्रटेनको लागि टेवा पुऱ्याउने थियो। ऐतिहासिक कुवा भन्दा २०० मिटर माथि एउटा पोखरी खनि पानी राखे वन सधै हरियाली रहने थियो पिकनिक स्पोट र चिडिया खाना सारै नजिक भएकोले यसलाई विस्तारै आवाज नआउने ठाउँतिर लानु पर्छ र चिडिया खानाको महत्तो हुने थियो र अन्तर्राष्ट्रिय मान्यता पाउने थियो इमेरा सुझाव हुन्।

यस जंगललाई हामीलाई हस्तान्त्रण गर्ने र मार्ग दर्शन .....वन विकास गर्न सिकाउने डि.ए.फु गणेश राय, र गोपालमान श्रेष्ठलाई मेरो धेरै धेरै शुभकामना धन्यवाद छ। किनभने यो जंगल हामीलाई दिवा कहिका पनि यस प्रकारका जंगल थिएनन् त्यसो भएको हुनाले यो जोगाउन पर्छ भन्ने कसैलाई थिएन। ज्यान वाजी लगाएर बचाएको वन ठूला घटनामात्र यसमा सामेल गरेको छु साना तिना घटना कति छन् वर्णन गरेर सकिदैन। २०५२ सालमा हाम्रो समितिबाट हटी नयाँ समिति आइ काम गर्दै आएको छ। केहीले राम्रो काम गर्नु भएको छ त्यसैमा शंकरनगर वन विहार अनुसन्धान केन्द्रले पर्यटनलाई टेवा पुऱ्याउने काम सारणीय छ। म आफूले पनि ठूलो योगदान दिएको संस्थालाई अगाडि वडाउदाको गौरव हुदैन र ? यो वन विहार अनुसंधान केन्द्र र सामुदाहिक वन का प्रगतिका लागि अगाडि बढाउन लाग्नु हुने सबैमा मेरो धन्यवाद छ, मोरी लानु केही छैन तपाईंहरुले गरेको कृति रही रहनेछ भन्दै यस संस्थाको प्रगति अगाडि बढाउन सफलता मिलोस उत्तर उत्तर प्रगतिको कामना गर्दछु। पञ्चायती वनको स. सदस्य सामुदाहिक वनको उपाध्यक्ष २०४७/२०५२ सम्म
इश्वरी गिरी ति.न.पा २
शंकरनगर

# उत्कृष्ट गन्तव्य शंकरनगर वन वाटिका र मेरो दृष्टिकोण

**चण्डी प्रसाद पाण्डेय**
*संयोजक, शंकरनगर दुर्गादत्त मा.वि, तथा शंकरनगर बहुमुखी क्याम्पस*

२०६२ सालमा तत्कालीन शंकरनगर गा.वि.स तथा हाल तिलोत्तमा नगरपालिका, रुपन्देहीको उत्तर पूर्वी भागमा अवस्थित शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र, यस क्षेत्रकै उत्कृष्ट गन्तब्य स्थलको रुपमा विकसित हुँदै आइरहेको छ। सिद्धार्थ तथा महेन्द्र लोकमार्गवाट छोटो समयमा पुग्न सकिने मनोरञ्जनात्मक खुल्ला विश्राम स्थल, वनभोज तथा कार्यक्रम स्थलको रुपमा पहिचान वनाउन सफल वनवाटिका पछिल्लो समयमा वाल उधान, वन्यजन्तुहरुको उद्धार तथा संरक्षण केन्द्र, वोटविरुवा र जडिवुटीहरुको संरक्षण तथा प्रवर्द्धन केन्द्र, वोटानिकल गार्डेन, विवाह, पार्टीहरुको उत्तम स्थल साथै वन, पर्यटन तथा पर्यावरणीय विकासको लागि सूचना तथा अध्ययनकेन्द्रको रुपमा समेत विकास हुँदै जानु हामी सवैको लागि गौरबको विषय हो।

यस शंकरनगर वन विहार तथा अनुसन्धान केन्दसँगै जोडिएको यस क्षेत्रकै पुरानो र लोकप्रीय शंकरनगर दुर्गादत्त मा.वि.मा २०५० देखि निरन्तर सेवा गर्दै आइरहने क्रममा यस वन विहार तथा अनुसन्धान केन्द्रको स्थापना काल पहिले देखि हालको अवस्थासम्म आइपुग्दा थुप्रै आरोह अवरोहहरु पार गरेको इतिहास सबैको माझमा छ। यसको स्थापना र क्रमिक विकासमा संलग्न सम्पूर्ण समाजसेवी तथपा अगुवाहरुको नाम स्वर्णिम अक्षरले लेखिनु पर्दछ। नेपालकै मध्य विन्दु रुपन्देही जिल्लाको प्रचुर सम्भावनाहरु वोकेको तिलोत्तमा नगरपालिकामा अवस्थित यस सुन्दर वनवाटिकाले शान्त र मनोरम वातावरणको साथै स्वच्छ हावा, सुन्दरता र हरियाली प्रदान गरिरहेको र छोटो समयमा विकास भएका संरचनाहरुबाट यहाँ आउने जो कोहीले पनि शान्ति, सितलता र मनोरन्जनको अनुभुति गर्न सक्दछ।

नेपालमा प्रगतिपथमा लम्किरहेका सफल सामुदायिक वनहरु मध्ये एक नमुना सामुदायिक वन शंकरनगर सामुदायिक वन उपभोक्ता समितिबाट सम्बन्धन प्राप्त यस वनविहार तथा अनुसन्धान केन्द एक स्वायत्त संस्थाका रुपमा थुप्रै सम्भावनाहरु साथ अगाडि बढिरहेको छ। यसको खुल्ला क्षेत्र, विपश्वना ध्यान केन्द, वुद्ध विहार, ऐतिहासिक कुवा,कलात्मक प्रवेशद्धार, तिलोत्तमा नगरपालिकाको महलमा निर्माण हुन लागिरहेको वहुआयामिक तिलोत्तमा भ्यू टावर, क्ले मेडिकलहरु, सहिदपार्क, क्षेत्रीय स्तरको चिडियाखाना, प्राकृतिक पोखरी, वोटानिकल गार्डेन, आकाशे पुलहरु, जडिवुटी संरक्षण, विभिन्न देवी देवताहरुका मन्दिरहरु आदि यसका आकर्षक पक्षहरु हुन्। वन्यजन्तु संरक्षण, उद्दार कार्य र पुनस्थापनाको क्षेत्रमा यस संस्थाले गरेको महत्वपूर्ण योगदानलाई उच्च मूल्याङ्कन गर्दै ग्ल्भ्क्त्रझइ अन्तर्गत ध्ँ नामक अन्तराष्ट्रिय संस्थाद्धारा शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र पुरस्कृत भइसकेको छ। यस संस्थाले हाँसिल गरेका सफलताहरुलाई दिगो राखी नेपालकै नमुना वनविहार तथा अनुसन्धान केन्द्रको रुपमा

अगाडि वढाउन निम्नानुसार रणनीतिहरु लागु गर्नुपर्दछ भन्ने दृष्टिकोण निम्न बुँदाहरुमा उल्लेख गर्न चाहन्छु :-

१) यस शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रको मातृ संस्था शंकरनगर सामुदायिक वन उपभोक्ता समितिसँगको सु-सम्वन्ध अझै प्रगाढ र जीवन्त हुनुपर्दछ। वन विहार तथा अनुसन्धान केन्द्रको प्रगति र उन्नति नै सामुदायिक वनको प्रगति र सामुदायिक वन उपभोक्ता समितिको उन्नति र प्रगति नै वन विहार तथा अनुसन्धान केन्द्रको प्रगति हो।

२) सिमित क्षेत्रफलमा थुप्रै संरचनाहरु दिगो र वातावरणीय सन्तुलनको साथ निर्माण र विकास गर्नुपर्दछ जसको लागि शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक वातावरणीय प्रभावहरुलाई मूल्याङ्कन गरी योजनावद्ध गुरुयोजना निर्माण गर्नुपर्दछ।

३) वन, वातावरण, पर्यावरणीय पर्यटन (Eco Tourism) तथा वन्यजन्तु संरक्षण (wild life conservation) सम्वन्धि आधुनिक तथा विधुतीय सूचना केन्द्र र अनुसन्धानात्मक पुस्तकालय स्थापना गरी खोजमूलक प्रकाशन तथा अनुसन्धान कार्यलाई अगाडि वढाउनु पर्दछ, जसले गर्दा प्रदेश नं. ५ कै नमूना अध्ययन केन्द्र वन्न सकोस्।

४) विद्यार्थी र शिक्षकहरु अध्ययनका जिज्ञासु र सूचनाका संवाहक हुन्। त्यसैले स्थानीय सामुदायिक तथा संस्थागत विद्यालय तथा कलेजका विद्यार्थी र शिक्षकहरु बीच वाल क्लव तथा स्कूल क्लवका संजाल मार्फत अन्तरक्रिया, भ्रमण, सूचना आदान प्रदान गर्ने योजना अगाडि बढाउन पर्दछ जसले गर्दा संस्थागत सहयोग आदान प्रदान, सामाजिक उत्तरदायित्व वहन र सकारात्मक प्रचार प्रसारमा सहयोग गर्दछ।

५) विगतको समयमा बहसमा आइसकेको आन्तरिक रेल सेवालाई सम्वन्धित सम्पूर्ण सरोकारवाला संघ संस्थाहरुको सहकार्यमा अगाडि बढाई सफल कार्यान्वयन गर्न सकेमा दिगो तथा वातावरणीय योजनासाथ पर्यटक आगमनमा उल्लेख्य वृद्धि हुने र यस क्षेत्रकै आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण योगदान पुग्न सक्दछ।

६) यदाकदा पार्क, पिकनिक क्षेत्र तथा वनक्षेत्रमा हुने सामाजिक विकृतिहरु जस्तै मध्यपान, अशिष्ट तथा विकृत क्रियाकलापहरु, झै झगडा, सांस्कृतिक तथा सामाजिक विकृतिहरु यस वनविहार तथा अनुसन्धान केन्द्रमा भित्रन नसकून भन्ने कुरामा हामी सबै सचेत रहनु जरुरी छ।

७) वन पर्यावरणको संरक्षणको साथसाथै स्थानीय स्तरमा अहिले सम्म दुई दर्जन भन्दा बढी व्यक्तिहरुले यस संस्थामा रोजगारी प्राप्त गरिसकेका छन्। आगामी दिनहरुमा थप रोजगारीको सृजना गरी मानिसहरुको आयस्तर तथा जीवनस्तर उकास्न यो संस्था कोशेढुँगा (mile-stone) सावित हुनु पर्दछ।

८) तिलोत्तमा नगरपालिका देशकै शैक्षिक हव (Educational Hub) को रुपमा विकास हुँदै जाँदा शंकरनगर सामुदायिक वन उपभोक्ता समिति र शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रले संयुक्त पहलका साथ वन विज्ञान तथा वन्य जन्तु र जडिवुटी संरक्षणको विषयमा उच्च तहको शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको रुपमा पनि अगाडि पढ्ने योजना ल्याउनु पर्दछ। यसैसँग जोडिएको शंकरनगर दुर्गादत्त मा.वि. तथा शंकरनगर बहुमुखी क्याम्पसको तर्फबाट यस शैक्षिक अभियानमा ससक्त सहकार्यको लागि आह्वान समेत गर्दछु।

९) सामाजिक कल्याणको क्षेत्र अन्तर्गत समाजका जेष्ठ नागरिकहरुलाई प्रवेश शुल्कमा केही प्रतिशत छुट, अपाङ्ग, मैत्री, वालमैत्री वातावरण सृजना गर्ने तर्फ पनि सरोकारवाला निकायहरुको ध्यानाकर्षण हुनु जरुरी छ। Lions Club को सक्रियतामा निर्माण भएको वालउद्यान, निर्माणाधीन दन्त अस्पताल यसका नमूनाहरु हुन्।

१०) संस्थागत आदान प्रदान अन्तर्गत यस वनविहार तथा

अनुसन्धान केन्द्र आर्थिक तथा भौतिक रुपमा सम्पन्न हुँदै जाँदा विपन्न, असहाय तथा न्यून आर्थिक अवस्था भएका वालवालिकाहरु अध्ययन गर्ने सामुदायिक विद्यालयहरु तथा क्याम्पसहरुलाई आर्थिक सहयोग, छात्रवृत्ति अक्षयकोष, शैक्षिक सामग्री वितरण, शैक्षिक भ्रमण, अन्तरक्रिया, कार्यशाला, तालिम तथा प्रशिक्षणका अवसरहरु प्रदान गर्न सकेमा सामाजिक उत्तर दायित्वको साथ यो संस्थाको गरिमा अझै माथि जानेछ।

११) यस क्षेत्रकै समग्र विकास, प्रचार प्रसार र प्रवर्द्धन गर्नको लागि प्रचुर सम्भावना बोकेको तिलोत्तमा नगरपालिकाको आयोजना वा सहकार्यमा यस वनवाटिका परिसरमा पर्यटन, कृषि तथा वातावरणीय मेला वा महोत्सव वार्षिक रुपमा आयोजना गर्ने परम्पराको अविलम्ब सुरुवात गर्नुपर्दछ।

१२) देशमा संघीयता कार्यान्वयन भई सिंह दरवारको अधिकार गाउँघरमा आइसकेको परिवर्तित परिप्रेक्ष्यमा स्थानीय नगरपालिका, सरोकारवाला संघ संस्थाहरु, प्रदेश सरकार, उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सदर चिडियाखाना, केन्द्रीय सरकार जस्ता सम्वन्धित संघ संस्थाहरुसँग सुमधुर सम्बन्ध र समन्वय कायम गरी नवीनतम योजनाहरु अगाडि बढाउनु पर्दछ।

अन्त्यमा, यस संस्थालाई आफ्नो जीवन भन्दा प्यारो ठान्ने समाजसेवी अगुवाहरु, सम्पूर्ण कर्मचारीहरु, कार्य समिति तथा विभिन्न उप-समितिका पदाधिकारीहरु, विभिन्न दातृ संस्थाहरु, सामाजिक संघ संस्थाहरु, स्वयंसेवकहरु, यसको चिन्तन गर्ने शुभ चिन्तक तथा सर्जकहरु, निर्वाचित जनप्रतिनीधिहरु लगायत यस शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आवद्ध सम्पूर्ण संघ संस्था तथा ब्यक्तित्वहरु प्रति परिवर्तित परिस्थितिमा थप उत्साह, एकता र योजनाका साथ अगाडि बढ्ने प्रेरणा मिलोस् भन्ने कामना साथ मेरा दृष्टिकोण (POINT OF VIEW) लाई पूर्ण विराम दिन चाहन्छु।

धन्यवाद

# शंकरनगर वनविहारमा बौद्ध विहारको झल्को

कृष्ण प्रसाद पन्थी

भगवान बुद्धले तत्कालीन पाली भाषामा धर्म चक्र प्रवर्तन शीर्षकमा पहिलो प्रवचन दिनु भयो । बुद्धले त्यस प्रवचनमा चारवटा आर्य सत्य विषयलाई उच्च प्राथमिकता दिनु भएको पाइन्छ। दुःख, दुःखसमुदाय, दुःखनिरोधको उपाय, दुःख निरोध गामिनी यी चारवटा विषयमा प्रवचन केन्द्रित थियो । त्यसमा दुःख निरोध अर्थात दुःख नियन्त्रण गर्नका लागि आर्य अष्टाङ्गिक मार्गको अनुशरण गर्नु पर्छ। भगवान बुद्धद्वारा, धर्म चक्र प्रवर्तनको पहिलो प्रवचन मानवको लागि जीवन र जगत सम्बन्धी सुन्दर अवधारणा विकसित गर्न लायक देखिन्छ। ज्ञान वृद्धि उच्च सतर्कता पूर्वक सबैले गर्नु पर्ने, जीवनलाई निरन्तर कर्मशील बनाइरहनु पर्ने र सात्विक भक्ति भावले शान्तिपथमा गतिशील रहनु पर्ने विषयलाई प्राथमिकता दिइएको देखिन्छ। कर्मलाई पनि यसरी छुट्याएर हेरिएको छ। क्रियामाण कर्म, सञ्चित कर्म, प्रारब्ध कर्म तीन वर्गका कर्मलाई यदि मानिसले आफ्नो क्षमताको उपयोग गरेर सुधार गर्न सक्ने क्षमता पनि राख्दो रहेछ। पुण्यकर्म, पापकर्म, मिश्रित कर्म, दिव्यकर्म कर्मका कोटीहरुमा दिव्य कर्मले मानिस निर्वाण पुग्छ भन्ने देखिन्छ।

कपिलवस्तुको राजदरवारमा राजकुमार सिद्धार्थ शाक्य रहनु हुँदाको एउटा प्रसङ्ग कसरी उहाँलाई तपस्या प्रति उत्प्रेरणा मिलेको रहेछ हेरौं :-

**प्रसङ्ग** : बुद्धको जीवन कथाबाट

आसित कालदेव दरवारको नजिकै कूटीमा बस्नु हुने रहेछ। उहाँलाई विशेष अनुरोध गरेर मेरो पिता शुद्धोधनले मेरै शिक्षाका लागि राख्नु भएको रहेछ। उहाँ पनि मसंग बस्न, मसँग कुरा गर्न र मैसँग यसो बाहिर निस्कने गर्नु हुन्थ्यो । मलाई पनि वहासँग बस्न, कुरा गर्न रमाइलो लाग्यो । म उहाँसंग रमाउँथें उहाँले जीवन र जगतका कुराहरु गर्ने गर्नु हुन्थ्यो । जीव, आत्मा, परमात्माका कुरा गर्ने, स्वर्ग, नरक, चरित्र र चिन्तनका कुराहरु सुनाउने गर्नु हुन्थ्यो। खास गरी कसरी मानवलाई दुःख रहित बनाउने भन्ने कुराको विषयमा उहाँलाई विशेष रुचि थियो। शरीरमा साधनाद्धारा शक्ति प्राप्त गरेर मन र मस्तिष्कलाई स्वच्छ राख्ने कुराहरु उहाँलाई आउँथ्यो। उहाँले हिमालयमा धेरै ठूलाठूला दिव्यशक्ति भएका महात्माहरुको दर्शन पाएको सेवा गर्ने मौका पाएको कुरा बताउनु हुन्थ्यो। योगवाट आफूलाई आवश्यक परको र पर्ने सारा सामग्री उत्पादन गर्न सकिन्छ भन्ने विश्वास उहाँमा थियो । वायु मार्ग गरेर जान सक्ने, आकाशमा उड्न सक्ने, पानी माथि हिड्न सक्ने, आगोमा हिड्न सक्ने, खानै नपर्ने छोएरै सबै परिवर्तन गर्न सक्ने जस्ता अनेकौं कुराहरु गर्न सकिने कुराहरु बताउनु हुन्थ्यो । उहाँले त्यस बेला बताउँदा त मलाई आश्चर्य लागेको थियो । तर मैले पछि पछि कपिलवस्तु छाडेर जङ्गलको तपस्यामा गएपछि

यी सबै कुरालाई बुझ्रें अहिले ममा त्यो शक्ति पनि रहेको छ। म पनि योगवाट सारा कुराहरु पूरा गर्न सक्छु, तर म त्यस्तो गर्दिन। किनभने, योगबाट केही गर्नु भनेको आफूले कमाएर राखेको सम्पत्ति सिध्याउनु जस्तै हो भने प्रकृतिको पनि आफ्नै नियम छन्। जस्तो योगबाट एउटा बिरुवालाई तुरुन्तै ठूलो बनाएर फूलफुलाएर, फल फलाएर, पकाएर खान सकिन्छ। ठूलो बनाएर फूल फुलाएर, फलफलाएर, पकाएर खान सकिन्छ। ठूलो समय लाग्ने काम एकै छिनमा पूरा गर्न सकिन्छ। तर यसो गर्दा प्रकृतिका नियम र सिद्धान्तलाई थिचोमिचो गर्नु पर्छ र यस्तो गर्दा प्रकृतिको नियम विग्रन जाने हुन्छ। त्यसकारण यस्ता कार्यतिर ध्यान दिनु हुँदैन भन्ने मेरो मान्यता हो -बुद्ध।

ध्यान र योगमा पारंगत बुद्धका भनाइ हुन। मम् कर्म र वचनले कुनै पनि प्राणीलाई, वनस्पति वा प्रकृतिलाई हानी पुऱ्याउनु हुन्न। कुनै प्राणीलाई शारीरिक र मानसिक दुःख दिनु हुन्न, यो नै अहिंसा हो। आत्मवल सर्वभुतेषु-अरुलाई पनि आफू जस्तै देख्नु भन्ने सिद्धान्तमा अडिग रहनुहुने बुद्धका विचार हुन्। भगवान बुद्ध शान्तिका लागि प्रेरणाका स्रोत हुनुहुन्छ। बुद्ध अहिंसाको सिद्धान्त नयाँ किसिमको प्रतिपादन गर्ने महापुरुष मानिनु हुन्छ। बुद्ध शिष्टता, नम्रता, भद्रता, शालीनता, सभ्यता, शिक्षा र सद्गुरुका अद्धितीय महामानव हुनुहुन्छ। उहाँ नै बौद्ध धर्मका प्रवर्तक हुनुहुन्छ। ईसा पूर्व ४६५ वर्ष पहिले रुपन्देहीको लुम्विनीमा जन्मिएर कपिलवस्तुको तिलौराकोटमा २९ बर्ष विताउनु भयो। आफ्नो जीवनमा लगनशील, परिश्रमी, र समाजप्रति जिज्ञासु स्वभाव राख्नु भएकोले उहाँले मानव जीवनको उद्देश्य पत्ता लगाउने कठिन यात्रा सफलतापूर्वक पूरा गर्नु भयो सिद्धार्थ शाक्यबाट तपस्या गर्दा गर्दा ज्ञान प्राप्त हुने अवस्थासम्म पुग्दाको एउटा घटना हेरौं।

**प्रसङ्ग** : बुद्धको तपस्यामय ध्यानस्थ अवस्थाबाट म ध्यानको समाधिमा नै थिएँ। मेरो भौतिक शरीर त्यही बोधि वृक्षमुनि नै थियो। तर मेरो सूक्ष्म शरीर मलाई थाहा नै हुने गरी मेरो स्थूल शरीरवाट निस्कियो मलाई कसैले के के सिकाइरहेको थियो। मैले सिकाए बमोजिमका क्रियाकलापहरु गरिरहेको थिएँ। मेरो सूक्ष्म शरीर भएको ठाउँमा एउटा विमान आयो। म त्यो विमानमा बसैं। अनेकौं लोकहरु पार गरेर मलाई स्वर्ग लोकमा लगियो। त्यहाँ इन्द्रले मलाई ठूलो सत्कार गरेर, मेरो अगाडि उभिएर हात जोडेर भने। प्रत्येक युगमा एउटा न एउटा मानवले संसारमा आफ्नो उच्च वर्चस्व आर्जन गरेर, प्रमाण बनाएर अध्यात्मको कारणबाट मानव जीवनलाई परमार्थ प्राप्तिका लागि मार्ग निर्देश गर्दछ, यसबाट दुःखमय संसारलाई सुखमय अमृतमय बनाउँछन्। यो युग तपाईंको युग हो।

त्यसकारण तपाई शस्ताको स्वरुपमा अवस्थित हुनुहुनेछ। तपाईले युगान्कारी अध्यात्म शक्तिको नेतृत्व सृजना गरी यो संसारलाई शान्तिमय बनाउनुहोस्। यही मेरो कामना छ। अब तपाईलाई यो सारा ब्रह्माण्डको सृजना, उत्पत्ति र संरचना सम्बन्धी ज्ञान हुने छ। तपाईलाई भगवान गौतम् बुद्धका नामले संसारभरिका मानव समुदायले मनन गर्ने छन्। ब्रम्हा, विष्णु, महेश्वरले तपाईका अनुयायीहरुलाई आफ्नु अनुयायीको रुपमा अवस्थित गराउनु हुनेछ। तपाँईले अनेकौं जन्मजन्म सम्म वेदको अध्ययन गर्नु भएको छ। ती जन्मजन्मका वेदका अध्ययनका आधारमा तपाँईको आफ्नू दर्शन प्रादुर्भाव हुने छन्। असंख्य अनुयायीहरु तपाईको शान्तिका दूत हुनेछन्। तपाईका मार्ग दर्शक दीपङ्कर र त्यस्तै अन्य चौविसो बुद्धका ज्ञान समेत बाट र त्यो समयका लाखौं भिक्षुहरुको सेवा र दानका पुण्य कर्मबाट नै मानव कल्याणका कार्यहरु हुनेछन्। असतो मा सद्गमय,तमसो मा ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय, शान्ति शान्ति भनेर इन्द्रले मलाई आदरभावले अभिवादन गरे र ठूलो आसनमा राखे अनि आफू तलको आसनमा बसे। म उनका कुरा ध्यान दिएर सुनिरहें। त्यस बेला सबै सप्तऋषिहरु पनि आए। सबैले मलाई अभिवादन गरे। उहाँहरुले सुमेध ब्राह्मणले गरेको सङ्कल्प र दीपङ्कर बुद्धले दिनु भएको वरदानको विषयमा सम्झाउनु भयो। दश पारमिताका सम्पूर्ण नियमहरु जन्मजन्ममा गरेका कुराहरु सम्झाए। मलाई पनि सबै पूर्व जनित कर्महरुका सम्झना र ज्ञानको संस्मरण हुँदै गयो। म मनमनै कृतार्थ भएँ। यस्तैमा

त्यही पहिलाकै आवाज फेरि आयो,"तिम्रो स्थूल शरीर रुखमुनि छ। त्यसको रक्षा गर्ने कोही छैन, तिमी आफ्नो स्थूल शरीर छाडेर आएको सात दिन भयो। जनावरले शरीरमा आक्रमण गरे सबैको सपना अधुरो हुन्छ। त्यसैले अब तिमी फर्क, अर्को पटक म सम्पूर्ण नक्षत्र मण्डलको भ्रमण गराउँला, अहिलेलाई नक्षत्र मण्डलको पनि समग्र ज्ञान तिमीलाई हुने छ। अहिले म तिमीलाई त्यही रुखमुनि लगेर छाडिदिनेछु। त्यस पछि त्यहाँका सारा कुराहरु हराए। लोप भयो को कता गए थाहा भएन। तर त्यो रथ त्यही आयो। म फेरि त्यहाँबाट आफ्नै शरीरमा फर्किएर आएँ। मेरो शरीरको सबै भाग राम्रै रहेछ। म शरीरभित्र प्रवेश गरें। मलाई यो अलौकिक अनुभवको एक झलकले ठूलो प्रभाव पाऱ्यो। त्यसपछि मैले आफूले पाएको दिव्यताको कारणले ब्रम्हाण्डका अनेकौं ज्ञानका कुराहरु स्वत हुँदै गयो - बुद्ध।

भगवान बुद्ध नगर सभ्यताबाट जङगल प्रस्थान गर्नु भयो। राजघराना, राजकुमार, सुख शयल र आरामका साथमा हुर्केको एउटा युवक एकाएक जङगलको बासमा रहनु, कन्दमूल खाएर तपस्यामा मग्न हुन सक्नु वहाँभित्रको इच्छाशक्तिले शक्ति जुटाइ दियो। मानिसको पन मस्तिष्कलाई प्रकृतिको सुन्दर संरचनाले अझ वल पुऱ्याउँछ। हिमाल, झरना, ताल र नदीहरु, उषाकाल सन्ध्याकाल, जुनेली रात यी सबैले प्रकृतिमा सौन्दर्य भर्छन्। चिन्तक र साधकलाई शक्ति प्रदान गर्छन्। जल सिंचनद्धारा धरातलमा वृक्ष वनस्पतिलाई हराभरा पारेर फुलाउँछन्, फलाउँछन्। वन वन्यजन्तु र वनमा आश्रित पंक्षीका लागि जलाधार अनिवार्य हुन्छ। नेपाल जलस्रोत तथा जलाधार सम्पन्न भौगोलिक संरचनामा रहेको हुँदा ऋषि-तपस्वी महर्षिहरुको साधना भूमि रहेको छ। नेपालको महत्त्व भौगोलिकता, सांस्कृतिकता, जैविक विविधताका दृष्टिले विश्वमा अपूर्व महत्व छ। यिनै प्राकृतिक विशेषताले गर्दा नेपाल विश्वमा पर्यटकीय गन्तव्य देश मध्ये पहिलो पँक्तिमा पर्छ। पर्यटनका लागि पहिलो रोजाइमा रहेको नेपाल। विश्वमा सजिलैसँग पहिचान गराउने हामीसँग दुई विशेषता अझ बलिया छन्। हिमालय र भगवान गौतम्बुद्ध। नेपालको पहिचानका बलिया आधार हामीले पाएका छौ हिमालय प्राकृतिक पहिचान र गौतम् बुद्ध द्धारा प्रतिपादन गरिएको बौद्ध दर्शन र साँस्कृतिक पहिचान विश्वमा अपूर्व महत्व राख्छन्। बौद्ध दर्शन र सांस्कृतिक पहिचानले विश्वमा सदाचार, शान्ति र सुस्थीरता चाहनेहरुले श्रद्धापूर्व आत्मसात गरेका छन्। आत्मिक शान्ति प्राप्त गर्न आध्यात्मिक चिन्तन आवश्यक रहन्छ। भौतिक सम्पन्नता पछि मानिसले चाहने भनेको आत्मिक शान्ति हो। आत्मिक शान्ति भौतिक साधनाको माध्यमबाट पाइदैन। आत्मिक शान्ति एक अनुभूति जन्य परिणाम हुनसक्छ। इश्वरप्रति हाम्रो प्रेम, श्रद्धा र भक्तिको माध्यमबाट सरल, नम्र, दयालु, प्रेमपूर्ण हृदयमा परमशान्तिको अनुभूति प्रकट हुन्छ। त्यहाँ समय सापेक्ष साधन र वस्तुको प्रयोग त्यसमा सहायक हुन सक्छन्। त्यसपछि सात्विकता, सच्चरित्र, सरल व्यवहार, मित्रता, सामाजिक भावना, उदारदिल, सहयोगी मानसिकता जस्ता मानवीय संवेग जनित भावात्मक वस्तुतत्वको सम्पूर्णताबाट मानिसले स्वयं शान्तिको अनुभव गरेको हुन्छ। यो सबै गर्नका लागि भगवान बुद्धले दश पारमिताका अभ्यासका तरिका बताउनु भएको छ।

| | |
|---|---|
| १. दानपारमिता | स्वेच्छाले सबैकुरा त्याग्नु |
| २. शील पारमिता | सम्पत्ति छाडेपनि शील छाड्नु हुँदैन |
| ३. नैष्कर्म पारमिता | ज्ञान जो सुकैसंग बाट लिनु पर्छ |
| ४. प्रज्ञा पारमिता | ज्ञान आर्जनको विषयमा भेदभाव गर्नु हुँदैन |
| ५. वीर्य पारमिता | वीर्यको रक्षा गर्नु पर्छ |
| ६. शान्तिपारमिता | सम्मान र अपमान दुवैमा समान देख्नु |
| ७. सत्य पारमिता | सत्यमा सदा अडिग रहनु |
| ८. अधिष्ठान पारमिता | आफ्नो दृढ निश्चयमा प्रतिबद्ध रहनु |
| ९. मैत्री पारमिता | सबैलाई समान व्यवहार गर्नु |
| १०. उपेक्षा पारमिता | सहनशील हुनु, धैर्य र शान्तिमा रहनु |

बौद्ध संस्कृतिमा विहार शब्द निकै प्रचलित रहेको देखिन्छ। विहार शब्दले भ्रमण, आनन्द, यात्रा, आवास प्रवन्ध जस्ता धेरै अर्थ लाग्ने क्षमता राख्छ। बौद्ध संस्कृतिमा संधाराम बुद्धविहार जस्ता प्रचलित शब्द छन्। बौद्ध भिक्षुहरुको बासस्थान सात्विक शान्ति र सभाव उत्पन्न गर्ने परमतत्व प्रति

उन्मुख साधकहरुको उपस्थितिमा बौद्ध दर्शन तथा संस्कृतिको अभ्यास गर्ने स्थल विहार हो।

रुपन्देही जिल्लाको तिलोत्तमा नगर पालिकाको शंकरनगरमा अवस्थित वन विहार तथा अनुसन्धान केन्द्र (वन वाटिका) पर्यटन प्रवर्धन तथा बौद्ध संस्कृतिका अनन्त आयामहरुलाई अनुभूतिमा संगाल्ने माध्यमका रुपमा विकसित गरिदै छ। जसरी विहारका लागि आनन्दमय, सुन्दर पार्क-उधान-बगैंचा तथा पुण्य कोमलता, हार्दिकता आदिको आवश्यकता देखिन्छ। तदनुरुप वनवाटिकामा राष्ट्रमा महत्वपूर्ण योगदान गरेका ऐतिहासिक व्यक्तित्वहरुको नामबाट सुन्दर उधान, फूल, जल पोखरी, फलफूलका बोटवृक्ष र घना जङ्गलका विकास भएको छ। ऐतिहासिक रुपमा रुपन्देहीलाई राष्ट्रमा मात्र नभई अन्तर्राष्ट्रिय तहमा पहिचान गराउने लुम्बिनीको अवलोकनमा भित्रिने आन्तरिक पर्यटकलाई अर्को पर्यटन तथा अवलोकन भ्रमणका लागि अभिप्रेरित गर्ने गन्तव्य स्थल तयार छ, यो वनवाटिका वनविहार सिद्धार्थ राजमार्गको किनारमै अवस्थित रहेकोले आवागमनको सुलभ स्थान रहेको छ। अझ राष्ट्रिय वन निकुञ्जकै रुपमा शंकरनगर सामुदायिक संरक्षित वन रहेको र यहाँ वन्यजन्तु असंख्य पंक्षीहरुको क्रिडास्थल रहेको हुँदा पर्यटक आगमन र अवलोकनको लागि उपयुक्त जङ्गल रहेको छ।

शंकरनगर वनविहार सँगै विकसित बौद्ध विहारको संरचना तथा निर्माण भएको हुँदा प्राचीन बौद्ध सँधारामको झलको यहाँ पर्याप्त रुपमा अवलोकन गर्न पाइन्छ। शान्तिको खोजीमा रहेका कुनै पनि मानिसलाई शंकरनगर बौद्ध विहार आकर्षण स्थल बनेको छ। सघन वनभित्र निर्माण गरिएका भिक्षु संधाराम कुटीहरु, यहाँको एकान्तप्रिय सुस्थीर आवास क्षेत्र, भिक्षुद्धारा गरिने दैनिक संबोधी प्रवचन, पारायण अनन्त दैनिक शान्तिदीप प्रज्ज्वलन जस्ता कार्यले बौद्ध विहारको गरिमालाई गतिशील राखेको छ। शंकरनगर सामुदायिक वन भित्रका शंकरनगर वनविहार वनवाटिका तथा शंकरनगर बौद्ध विहार संरचनाहरु प्राचीन बौद्ध संस्कृतिका परिचायक धरोधर बन्न पुगेको देखिन्छ। शंकरनगर वन विहारमा निर्माण भएका शहिद स्मृति पार्क, पुण्यलाल पार्क र वि.पि वाटिका, मन्दिर, वनभोज तथा विवाह पूजा उत्सवका लागि निर्मित सुविधायुक्त सडकहरु पर्याप्त खानेपानी तथा सरसफाइको उपलब्धता सभा र गोष्ठीका लागि शीतल वातावरणहल आदिको व्यवस्था छ। श्री शंकरनगर दुर्गादत्त मा.वि., शंकरनगर वहुमुखी क्याम्पस जस्ता शैक्षिक प्रवर्द्धनका संस्था छिमेकमा रहेका छन्। सुविधायुक्त शंकरनगर स्वास्थ्य चौकी तथा लायन्स दन्त उपचार अस्पताल सेवा मूलक छिमेकी संस्था र नगर यातायातको बसपार्क सुविधा उपलब्ध छ। गौतम बुद्ध विमान स्थलबाट १९ कि.मीको दुरीमा रहेको र बुटवल बसपार्कबाट ४ कि.मी.मात्र दुरीमा रहेको यहाँ सिद्धार्थ राजमार्गबाट पूर्व १=१/२ किमी मात्र दुरी रहेको छ।

# वनवाटिका चिडिया घर (रेस्क्यू सेन्टर) - एक चिनारी

**टिका राम थापा**
(व्यवस्थापक)
शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र

यस शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र (वनवाटिका) परिसर भित्र रहेको चिडियाघर यस संस्थाको स्थापनाकाल देखि नै रहेको छ । यस चिडियाघर आगन्तुकहरुका लागि अध्ययन अवलोकन बाहेक जनावरहरुको रेस्क्यू सेन्टरको रुपमा पनि रहदै आएको छ। वार्षिक झण्डै ४ लाख आगन्तुकहरु भएको यस संस्थाको चिडियाघर भित्र हाल २३ प्रजातिका १६७ वटा जनावरहरु छन् । ती मध्ये केही प्रमुख जनावरहरु यस प्रकार रहेका छन् ।

- **चितुवा** : वैज्ञानिक नाम Panthera Pardus. यसको प्राकृतिक वासस्थान भनेको खाना प्रशस्त मात्रामा पाइने भिन्न प्रकारका वातावरण जस्तै सुख्खा, खुल्ला जंगल देखि घना जंगलसम्म, गर्मी समथर भूभागदेखि हिमाली क्षेत्रसम्म हो । यो पाइने देशहरुः नेपाल, भारत, बंगलादेश, श्रीलंका, अफ्रिका, पाकिस्तान, इन्डानेशिया, भियतनाफ अफगानिस्तान यसको औसत आयु १५ वर्ष देखि २० वर्ष सम्म र तौल ३० के.जी. देखि ८० के.जी. सम्म हुन्छ । यसको आहारा मांसाहारी मृग, हरिण, बाँदर, बदेल, दुंम्सी, खरायो, चरा, स-साना घर पालुवा जनावरहरु हो। यसले ९० देखि १०५ दिनको गर्भधारण अवधीमा १ वेतमा २-४ वटा सम्म बच्चाहरु जन्माउन सक्दछन् । चितुवाले आफूभन्दा दोब्बर तौल भएको शिकार बोकेर अग्लो रुखमा लगेर खान सक्छ ।
- **अजिङ्गर** : वैज्ञानिक नाम Pythonmolurus. यसको प्राकृतिक वासस्थान भनेको तराईका जंगलहरु हुन् । यो पाइने देशहरु : नेपाल, भारत, श्रीलंका, पाकिस्तान, चीन, इण्डोनेशिया आदि यसको औसत आयु २० देखि ३० वर्षको र २५ देखि ४० के.जी. सम्मको तौल हुन्छ । यो मांसाहारी जनावर मुसा, छेपारो, मृग, बंदेल, कुखुरा आदि खान्छ । यसले एक पटकमा १०० वटा अण्डा पाउन सक्छ । यसको लम्बाई ५ देखि ७ मी. सम्मको हुन्छ । यो ओथारो बस्ने बेला २ देखि ३ महिना सम्म बस्छ । नेपालमा पाईने सर्पहरुमध्ये सबै भन्दा ठूलो विष नभएको सर्प हो । सर्प प्रजातिहरु जाडो महिनामा जमिनमुनि लुकेर नखाई बस्छन् जसलाई शितनिन्द्राको अवस्था (Hibernation) भनिन्छ ।
- **अस्ट्रिच** : वैज्ञानिक नाम Struthia Camelus. यो संसारकै सबैभन्दा ठूलो चरा हो । यो अफ्रिका, अस्ट्रेलिया, मेक्सिको आदि देशहरुमा पाईन्छ । यसको औसत आयु करिब ४० देखि ४५ वर्षको हुन्छ । यसको तौल १५६.८ के.जी. सम्मको हुन्छ । यसको

आहारा भनेको घाँस, अन्न, फलफुल, किराहरु हो।

- **सारस** : वैज्ञानिक नाम Grus Antigone . यिनीहरुको प्राकृतिक वासस्थान प्राय सिमसार क्षेत्र, दलदल तथा धापिलो जमिन हुन्। सारसहरु सर्वभक्षी हुन् तर सिनो खादैनन्। यिनीहरु अग्ला, कलिलो जिउडाल तथा लामा खुट्टा र घांटि भएका आक्रामक चराहरु हुन्। सारसहरुले एउटा जोडी बनाएर जीवनभर त्यहि जोडीसंग बस्दछ। यसको औसत तौल ५ देखि ६ किलो सम्म र औसत आयु ४० देखि ५० वर्ष सम्मको हुन्छ।
- **ईमु** : वैज्ञानिक नाम Dromaius Novachollandiance. यो अस्ट्रिज पछिको दोस्रो ठूलो चरा हो। यो उड्न नसक्ने चरा हो। यसको उचाई करिब २ मि. सम्मको हुन्छ। यसको खुट्टा बलियो र शक्तिशाली हुन्छ र यसको सहायताले ५० कि.मी. प्रतिघण्टाको दरले हिड्न सक्छ। यसको आहरा भनेको घाँसपातहरु, किराहरु, फलफुल आदि हुन्।
- **गिद्ध (सिकारी चरा)** : यसले सिकार गरेर खाने भएकोले यसलाई सिकारी चरा पनि भनिन्छ। यो पूर्णरुपमा मांसाहारी चरा हो। सिकार समाउन तथा खान यी चराहरुको विशेष प्रकारको ठुंड र नङग्रा हुन्छ। यिनीहरु सबैका आंखा ठूला र हेर्ने शक्ति एकदम राम्रो हुन्छ। रात्रीचर सिकारी चराहरुको विशेष प्रकारको कान हुने हुँदा सुन्ने शक्ति पनि एकदम राम्रो हुन्छ।
- **स्याल** : वैज्ञानिक नाम Canisaures . स्यालको प्राकृतिक बासस्थान भनेको तराई देखि उच्च पहाडी क्षेत्रका खुल्ला चउर, गाँउबस्ती नजिक पाईन्छ। बढी वर्षा हुने ठाउँ देखि लिएर मरुभूमिमा पाइन्छ। यो पाइने देशहरुमा नेपाल, भारत, म्यानमार, थाईल्याण्ड, द.प. एशिया र द. पूर्वी यूरोप हुन्। यसको औसत आयु १० वर्ष देखि १५ वर्ष सम्मको हुन्छ। यसको तौल ८ देखि १२ किलो सम्मको हुन्छ। यो सर्वभक्षी जनावर हो र यसले साना स्तनधारी जीव, पन्छीहरु, भ्यागुता, उखु, फलफुलहरु खाने गर्छन्। यसले २ महिनाको समयावधिको गर्भधारणमा १ वेतमा २ देखि ४ वटा बच्चाहरु जन्माउछन्।
- **चित्तल (बाह्रसिङ्गा)** : वैज्ञानिक नाम Axis Axis. चित्तलको प्राकृतिक बासस्थान भनेको तराईका खुला घाँसे मैदान, नदीतटीय जंगल, सालको जंगल तथा नजिको चुरे क्षेत्र पर्दछन्। यो नेपाल, भारत, श्रीलंका आदि देशहरुमा पाइन्छन्। यसको तौल ४५ देखि ८५ किलो सम्मको र यो १२ देखि १८ वर्ष सम्म बाच्न सक्छ। यसले ७ देखि ८ महिनाको गर्भधारण अवधीमा १ वेतमा १ वटा मात्र बच्चा जन्माउछ। यो शाहाकारी जनावर भएकोले यसको आहारा भनेको घाँसपात, फलफूल, हाँगाविंगा हुन्। चित्तल भालेको हाँगाजस्तै सिंग हुन्छ भने हरेक वर्ष नयाँ सिंग पलाउने र झर्ने गर्दछ।
- **रतुवा मृग** : वैज्ञानिक नाम Muntiacus muntjak. यसको प्राकृतिक बासस्थान भनेको सुख्खा घाँसपात हुने ठाँउदेखि चिस्यान बोट बुट्यान हुने ठाँउसम्म, पातलो देखि घना जंगलका साथै तराईबाट उच्च पहाडी क्षेत्र सम्म पाईन्छन्। यो नेपाल लगायत भारत, भूटान, श्रीलंका, चीन, पाकिस्तान, कम्बोडिया, इन्डोनेशिया, मलेशिया, म्यानमार, भियतनाममा पाईन्छ। यो शाहाकारी जनावर भएकोले यसको आहारा भनेको घाँसपात, हांगाविगा, रुखका बोक्रा तथा फलफुलहरु हुन्। यसको औसत आयु भनेको १५ देखि १९ वर्षको हुन्छ र तौल १५ देखि २५ किलो सम्मको हुन्छ। यसले रातको समयमा चर्ने गर्दछ र कुकुर भुकेझै जस्तो गरी आवाज निकाल्ने हुँदा यसलाई Barking Deer भनिन्छ।
- **खरायो** : यसको प्राकृतिक बासस्थान भनेको खुल्ला घाँसे मैदान तथा बगैंचा हो। यो घरपालुवा जनावर

भएकोले संसार भरी नै पाईन्छ। यसको औसत आयु ५ वर्षको हुन्छ र तौल ५०० ग्राम देखि २ किलो सम्मको हुन्छ। यो जनावर शाकाहारी भएकोले फलफूल, गेडागुडी आदि खान्छन्। यसको २८ देखि ३४ दिनको गर्भधारण अवधिपछि १ वेतमा ३ देखि ६ वटा सम्म बच्चा जन्माउँछ।

- **बाँदर** : यसको प्राकृतिक वासस्थान भनेको सदाबहार जंगल हो र मौसम अनुसार बसाईसराई गर्छ। यो पाईने देशहरुमा नेपाल, भारत, म्यानमार, चीन आदि हुन्। यसको औसत आयु १२ देखि १५ वर्षको हुन्छ भने तौल १० किलो देखि १५ किलो सम्मको हुन्छ। यो सर्वभक्षी जनावर भएकोले यसको आहारा भनेको फलफुलहरु, रुखका कलिला पात, मुनाहरु, गुडागुडी तथा किरा फट्याङग्रा हुन्। यसले ५/६ महिनाको गर्भधारण अवधिपछि १ वेतमा १ वटा मात्र बच्चा जन्माउँछ।
- **नील गाई** : यसको प्राकृतिक बासस्थान भनेको घाँस तथा झाडीहरु मिश्रित खुल्ला जंगल हो। यो नेपाल तथा भारतमा पाईन्छ। यसको औसत आयु २० देखि ३० वर्षको हुन्छ र तौल ११० देखि २२० किलो सम्मको हुन्छ। यो शाहाकारी जनावर भएकोले घाँसपात, हाङ्गाबिङ्गा तथा फलफूलहरु खान्छ। यसले ८ देखि ९ महिनाको गर्भधारण अवधिमा १ वेतमा २ वटा सम्म बच्चाहरु जन्माउँछन्। यसको भालेको सिङ हुन्छ भने पोथीको हुदैन।
- **गिनी पिग** : यसको प्राकृतिक बासस्थान जंगल आसपासका चट्टानीय सिमसार क्षेत्र तथा घाँसे मैदान हो। यो पाइने देशहरुमा पेरु, अर्जेन्टिना, ब्राजिल, कोलम्बिया, गिनी, गुयाना, पाराग्वे, उरुग्वे र भेनेजुएला भएतापनि घरपालुवा जनावर भएकाले संसार भरि नै पाईन्छ। यसको औसत आयु ३ देखि ५ वर्षको हुन्छ र तौल ४०० ग्राम देखि ६०० ग्राम सम्मको हुन्छ। यो शाहाकारी जनावर हो र फलफूल, गेडागुडी, घाँसपात खान्छ। यसको गर्भधारण अवधि ६० दिनको हुन्छ र १ वेतमा २ देखि ६ वटा सम्म बच्चाहरु जन्माउछ।
- **सेतो मुसा** : यो घरपालुवा जनावर भएकोले संसार भरि नै विभिन्न फार्म तथा चिडियाखानाहरुमा पाईन्छ। यसको औसत आयु २ वर्षको हुन्छ र तौल २०० देखि २५० ग्राम सम्मको हुन्छ। यसले फलफूल गेडागुडी तथा घाँसपात खान्छ। यसले १ वेतमा ६ देखि ९ वटा सम्म बच्चा जन्माउँछ।
- **दुम्सी** : यसको प्राकृतिक वासस्थान भनेको गर्मी ठाँउ सम्मका झाडी तथा घाँसे जंगल हो र नेपालको तराई देखि उच्च पहाडी क्षेत्रका चट्टानीय भागका गुफा तथा दुलोहरु बस्छन्। यसको औसत आयु १२ देखि १५ वर्षको हुन्छ र तौल ११ देखि १८ किलो सम्मको हुन्छ। यो शाहाकारी जनावर भएकोले सागपात, फलफूल, अन्वाली, रुखका बेक्रा, जरामुरा तथा कन्दमुल खान्छन्। यसले ९० देखि १२० दिनको गर्भाधारण अवधिमा एक वेतमा २ देखि ३ वटा सम्म बच्चा जन्माउँछ। यस जनावरको शरीरभरि तिखा काँडा हुन्छन्। यसले आफूलाई खतरा महसुस गरेमा यी काँडाहरु ठाडा गराउछन्। यो रातको समयमा सक्रिय हुने रात्रीचर जीव हो।
- **रानी हाँस/पानी हाँस** : हाँसहरु प्रायजसो सर्वभक्षी हुन्छन्। यिनीहरु दिनको समयमा मात्र सक्रिय हुन्छन्। यिनीहरुको खुट्टा पौडनको लागि विशेष किसिमको हुन्छ। यिनीहरुले पानीमा हुने बोटबिरुवा, लेउ, कीरा,स-साना माछा, फलफूल, गेडागुडी, बिउबिजन, कलिला बिरुवाका जरा तथा मुना आदि खाने गर्दछन्।

# "सर्प बचाऔं प्रकृति जोगाऔं" अभियानमा शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र

**कमल देवकोटा**
कन्जर्भेशन बायोलोजिस्ट
devkotakamal67@gmail.com

नेपालको तराई क्षेत्रमा सर्पदंश अर्थात् सर्पको टोकाई एकदमै डरलाग्दो सामुदायिक स्वास्थ्य समस्या हो । विश्व स्वास्थ्य सङ्गठन (ध्ज्इ) ले सन् १९८७ मा सार्वजनिक गरेको तथ्यांक अनुसार नेपालमा वर्षेनी २०,००० मानिस सर्पदंशबाट प्रभावित हुन्छन् जसमध्ये करिब १,००० जनाले ज्यान गुमाउने गरेका छन् । यो निकै पुरानो तथ्यांङ्क हो ।नेपालका सबै ठाउँमा सर्पदंशबाट प्रभावित र ज्यान गुमाउने मानिसहरु अझ धेरै हुने अनुमान गरिएको छ । किनकि कतिपय विरामीहरु अस्पताल नपुगी झारफुक गर्ने गुरुहरुकोमा गई उपचार गराउने हुँदा ठ्याक्कै कति मानिसले वर्षेनी ज्यान गुमाउँछन् भन्ने तथ्यांङ्क हालसम्म पनि अधुरै छ । नेपालका करिब २६ वटा जिल्लाहरु सर्पदंशबाट धेरै नै प्रभावित छन् । यी २६ वटा जिल्लाहरुमध्ये तराईका सबै जिल्लाहरु र केही मध्य पहाडी जिल्लाहरु पर्दछन् ।

**सर्पका प्रजातिहरु**

विश्वमा करिब ३,५०० भन्दा बढी प्रजातिका सर्पहरु पाइन्छन्, जसमध्ये ६०० प्रजातिका सर्पहरु मात्र विषालु हुन्छन् । नेपालमा विभिन्न अनुसन्धानकर्ताहरुका अनुसार करिब ७९ देखि ८२ सम्म (Shah and Tiwari 2004, Kästle et al., 2013) प्रजातिका सर्पहरु पाइन्छन्, जसमध्ये अहिलेसम्म चिकित्सकीय महत्वको हिसाबले १८ प्रजातिका विषालु सर्पहरु रेकर्ड गरिएको छ (Sharma et al., 2013). नेपालमा तराईको १०० मि. देखि हिमालको ४८०० मि. सम्म सर्पहरु पाइन्छन् । नेपालका विषालु सर्पहरु Elapidae, Viperidae /Colubridae परिवार अन्तर्गत पर्दछन् । Elapidae परिवार अन्तर्गत पनि धेरै नै विषालु सर्पहरु जस्तै Cobras, Kraits र Coral snakes पर्दछन्, जसको न्यूरोटक्सिन भेनोम हुन्छ । राजगोमन अर्थात् King Cobra -Ophiophagus hannah, विश्वकै सबैभन्दा लामो विषालु सर्प हो र यो नेपालमा पनि पाइन्छ । Viperidae परिवार अन्तर्गत बाघे सर्प (Russell's viper) र Pit vipers सर्पहरु पर्दछन्, जसको हेमोटक्सिन भेनोम हुन्छ । Colubridae अन्तर्गत नेपालमा Rhabdophis प्रजातिको सर्प मात्र विषालु पाइएको छ । नेपालका सबैजसो अविषालु सर्पहरु Typhlopidae, Boidae/Pythonidae र Colubridae परिवार अन्तर्गत पर्दछन् । नेपालमा पाइने सबैभन्दा लामो अविषालु सर्प अजिंगर (Python) हो । नेपालमा वार्षिक रुपमा करिव २०,००० सर्पदंशका घटनामध्ये लगभग १,००० जनाले अकालमै ज्यान गुमाउने गरेको तथ्यांङ्क छ (WHO 1987) । नेपालका करिब २६ वटा जिल्लाहरु सर्पदंशबाट बढी प्रभावित रहेका छन् (Shah et al. 2003) ।

**सर्पले मानिसलाई किन टोक्छ ?**

सबै सर्पहरु बिषालु हुँदैनन् । सर्पले मानिसलाई टोक्ने भनेको पेट भर्नका लागि नभई यो त आफ्नो बचाउका लागि सर्पले गर्ने प्रतिक्षा आक्रमण मात्र हो । यसको मुख्य आहारा त ससाना जीवहरु जस्तै मुसा, भ्यागुता, कीराफट्यांग्रा आदि हुन् । सर्पले आफूलाई खतरा महशुस भएमा मात्र मानिसलाई टोक्ने वा आक्रमण गर्ने हो । जब मानिसले झुक्किएर वा जानाजान सर्पलाई चलाउन पुग्छ, तब सर्पले आफ्नो प्रतिरक्षा स्वरूप टोक्न पुग्छ । सर्पलाई समात्न खोज्दा, जिस्क्याउँदा वा मार्न खोज्दा प्रायजसो सर्पदंशको घटना हुने गर्दछ । सर्पले मानिसलाई आक्रमण गर्छु वा टोक्छु भनि कुरेर बस्दैन, तिनीहरु मानिसलाई देख्दा त सकेसम्म भाग्नै खोज्छन् ।

सर्पदंशबाट कसरी जोगिने ?

- सर्पलाई जथाभावी रुपमा समात्न खोज्ने, जिस्क्याउने र छुने गर्नु हुँदैन ।
- घर वरीपरी सर्पहरु बस्न सक्ने सम्भावित ठाउँहरु जस्तै दाउराको चांग, काठ, पराल, इट्टा, ढुङ्गा आदि बेलाबेलामा सफा गरिराख्नु पर्दछ ।
- घरको वरीपरी दुलो छ भने त्यसलाई तुरुन्त टालिहाल्नु पर्दछ ।
- साना केटाकेटीहरु खेल्दाखेल्दै सर्प बस्न सक्ने सम्भावित ठाउँमा हात हाल्न सक्ने हुनाले उनीहरुलाई सावधान हुन सिकाउनु पर्दछ ।
- सम्भव भएसम्म खेतमा काम गर्दा बाक्लो पन्जा र जुत्ता लगाउनु पर्दछ ।
- रातिमा अथवा अँध्यारोमा हिंड्दा वा काम गर्दा टर्चलाइटको प्रयोग गर्नु पर्दछ ।
- राती सुत्दा झुलको प्रयोग गर्नुपर्दछ र सकेसम्म पलंग र खाटमा सुत्नु पर्दछ ।
- घरभित्र मुसा छिर्न दिनुहुँदैन । कुखुरा, हाँस, परेवा आदिको खोर पनि घरभित्र बनाउनु हुँदैन ।
- आफ्नो क्षेत्रको वरीपरी पाइने बिषालु र अबिषालु सर्पहरुको बारेमा जानकारी राख्ने कोशिश गर्नु पर्दछ ।

**सर्पले टोकेमा के गर्ने ?**

- नआत्तिनुहोस्, नडराउनुहोस् र बिरामीलाई सान्त्वना दिनुहोस् ।
- बिरामीलाई आरामदायी र सुरक्षित तरिकाले पल्टन लगाउनुहोस् ।
- कसिएर लगाएको लुगा वा गहना केहि छन् भने खोलिदिनुहोस् ।
- स्प्लीन्ट वा स्लींगको प्रयोग गरी टोकेको हात वा खुट्टालाई हलचल हुन नदिई स्थिर राख्नुहोस् ।
- टोकाइको अवस्था हेरिकन Pressure Immobilization Bandaging (PIB) method or Local Compression Pad Immobilization (LCPI) method को प्रयोग गर्नुहोस् ।
- बिरामीलाई जतिसक्दो चाँडो नजिकैको सर्पदंश उपचार केन्द्रमा लैजानुहोस् ।

**सर्पले टोकेको बेलामा के गर्नुहुँदैन ?**

- समय खेर फाल्नु हुँदैन ।
- सर्पलाई समात्ने वा चलाउने गर्नुहुँदैन ।
- टोकेको हात वा खुट्टा हलचल गर्नु हुँदैन, दौड्नु हुँदैन ।
- टर्निक्वेटले कसेर बाँध्नु हुँदैन ।
- टोकेको ठाउँ काट्ने, जलाउने र चुस्ने गर्नु हुँदैन ।
- टोकेको ठाउँ चिरेर रगत झार्ने गर्नु हुँदैन ।
- रक्सी पिउनु हुँदैन ।
- खुर्सानी खानु हुँदैन ।
- टोकेको ठाउँमा गरुड ढुङ्गा (झारमौरो, जहरमौरो) वा बरफ वा कुखुराको मलद्वार लगाउनुहुँदैन ।
- टोकेको ठाउँमा मलम वा जडीबुटीहरु लगाउनु हुँदैन ।
- पोटासियम परम्याग्नेटको प्रयोग गर्नु हुँदैन ।
- विधुतीय झट्का दिने काम गर्नु हुँदैन ।
- कुनै पनि आर्युवेदिक वा अन्य दबाईहरु डाक्टरको

सल्लाह विपरित प्रयोग गर्नु हुँदैन।

- विरामीलाई धामी, झाँक्री वा सपेराहरुकोमा लग्नु हुँदैन।
- लक्षण देखिएपछि मात्र अस्पताल पुर्याउँछु भनि कुर्नु हुँदैन।
- विरामीलाई सर्पदंशको उपचार हुने अस्पताल लान ढिलो गर्नु हुँदैन।
- सर्पले टोकेजति सबै बिरामीलाई सर्पको प्रतिविष (ASVS) चढाउँनु हुँदैन।
- आवश्यक परेको खण्डमा प्रतिबिष (ASVS) चढाउँन ढिला गर्नु हुँदैन।
- आवश्यक परेको खण्डमा Ventilation र Dialysis गर्न ढिला गर्नु हुँदैन।

नेपालको "पश्चिमाञ्चल विकासक्षेत्रमा सर्पदंशको महामारी" भन्ने बिषयमा केहि वर्ष अगाडि यो स्तम्भकार र उनको टिमले गरेको अनुसन्धानमा रुपन्देही जिल्लामा (लुम्बिनी अञ्चल अस्पताल र भैरहवा भिम अस्पताल) मात्रै सर्पदंशको बिरामी बर्षेनी करिब १,८०० को हाराहारीमा भर्ना हुने गरेको जसमध्ये करिब २०० को हाराहारीमा विषालु सर्पको टोकाई हुने र करिब ३० जनाको ज्यान जाने गरेको तथ्यांक उल्लेख छ। उक्त अनुसन्धानमा रुपन्देही, नवलपरासी, कपिलवस्तु र पाल्पा जिल्लालाई समावेश गरिएको थियो। प्रायजसो जेष्ठ, असार, साउन र भदौ महिनामा सर्पसदंशका बिरामीहरु बढ्ने गर्दछन्। नेपालमै सर्पदंशको औषधी नबन्ने र हरेक वर्ष भारतबाट किन्नुपर्ने हुनाले प्रत्येक वर्ष नेपालका अस्पतालहरुमा औषधी अपुग हुने गर्दछ र विरामीलाई अन्य अस्पताल रिफर गर्नुपर्ने समस्या छ। नेपालमै प्रशस्त मात्रामा औषधी उत्पादन गर्न सके र समयमै विरामीलाई अस्पताल पुराउन सके सर्पदंशबाट धेरैले ज्यान गुमाउनु पर्दैन। सर्प संरक्षण किन गर्ने त ?

**पर्यावरणीय महत्त्व**

- सर्पले पनि यस पृथ्वीमा मानिस जत्तिकै महत्व बोकेको हुन्छ, किनकि सर्प पनि पारिस्थितिक पद्धति (Ecosystem) को एउटा अभिन्न अङ्ग हो।
- सर्पले ससाना कीराफट्यांग्रा, माछा, भ्यागुता, छेपारो, चरा र स्तनधारीहरुको आहार गर्दछ भने चिल, बाज़, न्याउरी मुसो आदि प्राणीहरुले सर्प र तिनीहरुको अण्डा आहार गर्दछन्। यसरी नै Ecosystem Balance भैराखेको हुन्छ।
- सर्पले प्रतक्ष्य वा अप्रतक्ष्य रुपमा वातावरण र जीवजन्तुहरुलाई फाईदा नै पुर्याइरहेको हुन्छ। वर्षेनी लाखौँ रुपैयाँ वरावरको वालीनाली नष्ट गर्ने मुसा र अन्य कीराफट्यांग्रा मार्न किसानहरुले विभिन्न Pest Control Chemicals प्रयोग गर्छन्। सर्पले प्राकृतिक तरिकाले नै यी मुसा र कीराफट्यांग्रा खाइदिएर एकातिर किसानको उत्पादन बढाईरहेको हुन्छ भने अर्कोतिर एभकत ऋयलतचर्या ऋजभ्ष्अबकि को प्रयोगमा कमी ल्याई वातावरण जोगाउन पनि मद्दत पुर्याइरहेको हुन्छ।

**धार्मिक तथा सांस्कृतिक महत्व**

- धार्मिक तथा सांस्कृतिक महत्वको हिसाबले पनि सर्प सम्बन्धी धेरै नै किम्वदन्तीहरु सुन्नमा आउँछन्। हिन्दु धर्ममा नागपञ्चमीका दिन सर्पलाई देवताको रुपमा पूजा गर्ने चलन छ। यसो गर्नाले सर्पदंशबाट बच्ने र सुख शान्तिले बास गर्छ भन्ने धार्मिक आस्था रहिआएको छ।

**चिकित्सकीय महत्व**

- सर्पको विष, Anti-Snake Venom Serum (ASVS) बनाउन प्रयोग हुन्छ जुन फेरी सर्पकै टोकाईको उपचार गर्न प्रयोग गरिन्छ।
- मानिसको ज्यान बचाउन सक्ने अन्य धेरै औषधीहरु बनाउन पनि सर्पको विष प्रयोग गरिन्छ।
- न्युरोटक्सिन विषबाट बनाइएका औषधीहरु मस्तिष्कको चोट, स्ट्रोक, मानसिक तनावको उपचारका साथै पीडा कम गर्ने औषधीको रुपमा प्रयोग हुन्छ।
- हेमोटक्सिन बिषबाट बनाइएका औषधीहरु हृदयघात

र रक्तचाप सम्बन्धि उपचार गर्न प्रयोग गरिन्छ ।

**सर्प संरक्षणमा शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र**

तर यहाँ सर्प, सर्पदंश र सर्प संरक्षण सम्बन्धी जनचेतनाको कमिको कारणले मानिस र सर्प बीचको द्वन्द बढ्न गइ मानिस र सर्प दुबैले अकालमा ज्यान गुमाउनु परेको छ। त्यसैले यही मानव र सर्प बिचको द्वन्द न्यूनीकरण गर्न यस स्तम्भकारको नेतृत्वमा र शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रको सहकार्यमा रुपन्देही जिल्लामा "सर्प बचाऔं प्रकृति जोगाऔं" अभियान शुरु गरिएको छ, जसअन्तर्गत यो समूहले रुपन्देही जिल्लाका विभिन्न ठाउँहरुमा सर्प, सर्पदंश र सर्प संरक्षण सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु गर्दै आएको छ। सन् २०१६ बाट सुरु गरिएको यो अभियान अन्तर्गत जनचेतनामूलक कार्यक्रम मात्रै नभई सर्पको विविधता, बासस्थान र आनीबानीको समेत अद्ध्यानअनुसन्धान गर्दै आएको छ।

कार्यक्रमको शिलसिलामा रुपन्देही जिल्लाको विभिन्न समुदाय र शैक्षिक संस्थाहरुमा सर्प सम्बन्धी अनुसन्धानात्मक सर्वेक्षण पनि गरिएको थियो । उक्त सर्वेक्षण अनुसार करिब ८०५ भन्दा धेरै मानिसहरुले  सर्प मन नपराउने र धेरै जसोले देख्नासाथै मार्ने गरेको पाइयो र करिब ७०५ भन्दा बढी मानिसले गोमन सर्प सजिलै सँग चिन्ने गरेको पनि पाइयो । तर अन्य सर्प चिन्न भने धेरैलाई गाह्रो भयो र धेरै जसो मानिसले सर्प चिन्न सक्छु भने पनि उनीहरु विषालु र अविषालु सर्पमा झुक्किने गरेको पनि पाइयो । त्यस्तै कतिपय त उपचार गर्न अस्पताल नगई अन्यत्र धाउने गरेको पनि पाइयो भने कतिपय सहि तरिकाले प्राथमिक उपचार नगरी झन् जटिल कार्यहरु गरेर अस्पताल जाने गरेको पाइयो । यी सबै कुराहरुलाई मध्यनजर गरी नेपालमै पहिलो पटक रुपन्देहीमा सर्प सम्बन्धी जिल्लास्तरीय कार्यक्रम नै गरियो। उक्त कार्यक्रममा भएको छलफल र सल्लाह अनुसारले जिल्लाका विभिन्न समुदाय र शैक्षिकसंस्थाहरुमा सर्प सम्बन्धी गोष्ठी, कार्यशाला र जनचेतनामुलक कार्यक्रम नै चलाइयो । जसअन्तर्गत रुपन्देही जिल्लाका ३० भन्दा बढी शैक्षिक संस्थाहरुमा चेतनामूलक कार्यक्रम गरियो, साथै १० भन्दा बढी समुदायमा सर्प समात्ने र सहि तरिकाले उद्धार गरि सर्पको प्राकृतिक बासस्थानसम्म पुऱ्याउने खालका तालिमहरु पनि संचालन गरियो। सर्प समात्ने बैज्ञानिक लौरो अर्थात् "स्नेक टंग" पनि वितरण गरियो र तालिम पश्चात तालिम लिएर फर्किएका केही ठाउँहरुलाई "सर्प सूचना केन्द्र" को रुपमा अगाडि लैजाने निर्णय पनि गरियो, जसमध्ये तिलोत्तमा नगरपालिका अवस्थित शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रले यो अभियानको मेरुदण्डको रुपमा भूमिका खेलिरहेको छ । साथै लुम्बिनी संस्कृतिक नगरपालिकाको तर्फबाट अर्जुन कुर्मी र उहाँको समुह ग्रीन युथ लुम्बिनी, रोहिणी गाउपलिका लक्ष्मीनगरबाट प्रभुनारायण प्रजापति र उहाँको समूह र तिलोत्तमा नगरपालिका मक्रहरबाट जगदीश थारु र उहाँको समूहले "सर्प सूचना केन्द्र" को लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ । यो "सर्प सूचना केन्द्र" को अवधारणा भनेको समुदायका मानिसहरुलाई आवश्यक परेको खण्डमा सर्प, सर्पदंश र सर्प संरक्षण सम्बन्धी आवश्यक जानकारीहरु प्रदान गर्न हो । तालिम लिएका व्यक्ति स्वयमले अथवा ब्रोसर, पोस्टर, होर्डिङबोर्ड, किताब आदिका माध्यमबाट पनि उक्त जानकारी दिने व्यवस्था गरिएको छ ।

रुपन्देही जिल्लामा यदि कसैको घरभित्रै आएर सर्पले दुख दिएको खण्डमा सहि तरिकाले सर्पको उद्दार गरी उचित बासस्थानमा लगेर छोड्ने कार्यको पनि शुरुवात यसै अभियान अन्तर्गत भएको छ।  यो उद्दार कार्यमा सक्रिय रुपमा खटिरहनु भएको मध्ये तिलोत्तमा नगरपालिका अवस्थित शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रका सचिब खिमलाल पाण्डे, त्यस्तै लक्ष्मीनगरका प्रभुनारायण प्रजापति र मक्रहरका जगदीश थारु अग्रपंक्तिमा हनुहुन्छ। उहाँहरुको यो कार्यले मानव र सर्प बिचको द्वन्द न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ । त्यस्तै केही समय अगाडि मात्रै अमेरिकाका केही वैज्ञानिकहरु यो स्तम्भकारको निमन्त्रणामा शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रको स्थलगत भ्रमण गरेर जानु भएको छ। उक्त भ्रमणमा यो क्षेत्रमा कसरी अझै सक्रिय रुपमा सर्प

सम्बन्धी कार्यक्रम गर्न सकिन्छ भन्ने बारेमा साथै शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रलाई देशकै नमूना "स्नेक पार्क" बनाउने र यसै "स्नेक पार्क" कै माध्यमबाट पनि धेरै जनचेतनामूलक कार्यक्रम गर्न सकिने भन्ने बारेमा बृहत् छलफल भएको थियो।

शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रले अहिले थोरै भएपनि सर्प पालन गरिरहेको छ, यसले वनवाटिका घुम्न आउने पर्यटक र बालबालिकाहरुलाई आकर्षित मात्र गरिरहेको छैन उनीहरुलाई सर्पको बनावट र आनिबानिको बारेमा बुझ्न मद्दत पुगेको छ। सर्प भन्ने वित्तिकै डराएर भाग्ने र सर्पलाई मार्ने बानी गलत रहेछ भन्ने कुरा धेरैले बुझ्न थालेका छन्। अहिले स्थानीय क्षेत्रमा कसैले ठूला सर्प देख्ने वित्तिकै वनवाटिकामा खबर गर्ने र वाटिकाका कर्मचारीहरु गएर सर्प समातेर लैजाने गरेको भन्ने सुनिएको छ। यस्ता कार्यले शंकरनगर वनवाटिकालाई सर्प पालन तथा अनुसन्धान केन्द्रको रुपमा विकास गर्न सकिने आधार र विस्वास प्राप्त भएको छ। वनवाटिकालाई अझ बढी व्यवस्थित गर्ने र त्यहाँका कर्मचारीलाई सर्प संरक्षणको व्यवहारिक सिप प्रदान गरि यो क्षेत्रमा पाइने सबै किसिमका सर्पहरु संकलन गरि पालन सकेमा यो कार्य पर्यटन र सर्प संरक्षणमा महत्वपूर्ण कदम हुने निश्चित छ। नयाँ वन ऐनको मस्यौदा र सामुदायिक वनमा पर्या पर्यटन प्रवर्द्धन कार्यविधिले समेत सामुदायिक वनलाई वन्यजन्तु पालन गरि पर्यटन व्यवसाय संचालन गर्न पाउने अधिकार प्रदान गरेकोले तिलोत्तमा नगरपालिका, शंकरनगर सामुदायिक वन उपभोक्ता समूह र शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले सर्प पार्क निर्माण गरेर संरक्षण र पर्यटनका कार्यहरुलाई अघि बढाउन ढिला गर्नु हुदैन।

**सर्प संरक्षणमा कसरी योगदान पुर्याउने ?**

- सर्प, सर्पदंश र सर्प संरक्षण सम्बन्धि कुनै पनि जनचेतनामूलक कार्यक्रममा भाग लिई आफ्नो क्षेत्रको वरिपरि पाइने विषालु र अविषालु सर्पहरुको बारेमा जानकार हुनुहोस्।
- आँफूले जानेबुझेको भ्रम र सत्यतथ्य केलाई आफ्ना नजिकका मानिसहरुलाई पनि जानकार गराउनुहोस्।
- यदि आफ्नो घरभित्र वा बाहिर वरपर कतै अचानक सर्प देखिएमा त्यसलाई नमार्नुहोस्, बरु तुरुन्त उद्धार केन्द्रमा खबर गरिदिनुहोस्।
- बढ्दो शहरीकरण, औधोगिकरण र वनविनासले अन्य जीवजन्तुहरुका साथै सर्पको बासस्थानमा पनि असर पारी मानिस र सर्प बिचको द्वन्द बढ्न गई दुवै पक्षलाई हानी गर्ने हुँदा, यिनीहरुको बासस्थान जोगाउन र प्रकृति संरक्षण गर्नमा योगदान पुर्याउनुहोस्।
- सर्प वा अन्य जीवजन्तुहरुसंग सम्बन्धित कुनै पनि गैरकानुनी क्रियाकलापहरु जस्तै चोरीशिकारी गर्ने वा तस्करी गर्ने वा अनावश्यक रुपमा सर्प खेलाउँदै हिड्ने सपेराहरु वा स्टन्ट देखाउँदै हिड्ने मान्छेहरुको बारेमा थाहा पाउनुभयो भने तुरुन्त नजिकैको वन विभाग वा जिल्ला वन कार्यालय वा प्रहरी प्रशासन वा सर्प सूचना केन्द्र वा प्राणी उद्धार केन्द्र वा कुनै सम्बन्धित निकायमा खबर गरिदिनुहोस्।
- 'सर्प बचाऔं प्रकृति जोगाऔं' "Save Snakes Save Nature" अभियानलाई देशब्यापी र अन्तरास्ट्रिय रुपमा अघि बढाउन हातेमालो गर्नुहोस्।

(कन्जर्भेशन बायोलोजिस्ट कमल देवकोटा सर्प अनुसन्धान र संरक्षणमा सक्रिय छन्)

# सबैको मन बहलाउने स्थल वनवाटिका

**वेल प्रसाद शर्मा**
सल्लाहाकार

तिलोत्तमा नगर पालिका अन्तर्गत तत्कालीन शंकरनगर गा.वि.स. वडा नं १ र २ को संगमस्थल ऐतिहासिक शारदा स्कूलको नामले परिचित शंकरनगर दुर्गादत्त उच्च मा.वि.को समिपमा रहेको २०६२ सालमा स्थापित शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र(वनवाटिका) तिलोत्तमा नगर पालिकाकै एउटा महत्वपूर्ण गहना भएको छ।

यस केन्द्रको स्थापना तत्कालीन शंकरनगर गा.वि.स. (हाल ति.न.पा. १-४) भित्र रहेका सम्पूर्ण राजनैतिक दल यस क्षेत्रका समाजसेवी वौद्धिक व्यक्तित्वहरुको पहलमा यस क्षेत्रमा एउटा आकर्षक चिडियाघर सहित मनोरम पार्क निर्माण गर्ने उद्धेश्यका साथ स्थापना गरिएको थियो । जसबाट यसक्षेत्रको विकासमा टेवा पुगोस् र यस क्षेत्रका जनताहरुको आर्थिक विकासमा योगदान पुगोस् र यस स्थानमा बसोवास गर्ने जनताको मनोरन्जनको आकर्षक स्थल बनोस् भन्ने चाहाना पनि यससँग जोडिएको छ।

शंकरनगर सामुदायिक वन उपभोक्ता समूहको कार्ययोजना अन्तर्गत तत्कालीन समयका सामुदायिक वनका अध्यक्ष श्री उमानाथ कंडेलको पहलमा र यस क्षेत्रका प्रवुद्ध वर्गको सहभागितामा यसको निर्माण कार्य सुरु भै हालको स्थितिमा आईपुगेको छ। यसको स्थापनाको अवधारण तत्कालीन शंकरनगर गा.वि.स. का उपाध्यक्ष तथा यस क्षेत्रका बौद्धिक व्यक्तित्व श्री बाबुराम अर्याल हुनुहुन्छ। वहाँको परिकल्पनाले बनेको यस मनमोहक स्थलले कुनै पनि कुराको परिकल्पना नगर्ने हो भने विकास सम्भव छैन भन्ने तथ्य जाहेर गर्दछ। नविनतम विकास गर्ने हो भने सपना अवश्य देख्नुपर्छ भन्ने कुराको पुष्टि पनि यसको परिकल्पनाबाट थाहा हुन्छ।

यस शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र (वनवाटिका) भित्र त्यस्ता मानिसको मन बहलाउने के के कुराहरु छन् त ? भन्ने जिज्ञासा लाग्नु स्वभाविक छ। तसर्थ यस भित्र रहेका आकर्षक चिजहरुको वारेमा संक्षिप्तमा केही कुराहरु राख्ने अनुमति चाहान्छु।

सर्व प्रथम त यस केन्द्रको विकास गर्नका लागि तत्कालीन शंकरनगर गा.वि.स.मा रहेका राजनैतिक दलहरु र यस क्षेत्रका समाजसेवी, बुद्धिजीवी, नियमक निकायहरुको पहलमा स्थापनाभै हालको यो मनोरम दृष्य सहितको पार्कले यो क्षेत्रमा एउटा यस्तो किसिमको संस्था आवश्यक रहेछ भन्ने कुराको वोध गराउँछ। यसको विकास गर्नका लागि यस केन्द्रले विभिन्न राजनैतिक दलहरुलाई आफ्नो पहिचान झल्कने पार्कहरु निर्माण गर्न जिम्मा दिइएको छ। जस मध्ये पुष्पलाल पार्क, शहिद स्मृति पार्क, वि पि वाटिका, लखन थापा पार्क, शुकदेव गुरुङ्ग स्मृति पार्क, थारु संग्राहलय, वासु स्मृति पुस्तकालय आदिको निर्माण कार्य निरन्तर रुपमा अघि बढिरहेको छ। जस मध्ये शहिद स्मृति पार्कले उत्कृष्टता हासिल गरेको छ। यसका साथै यस पार्क भित्र वन भोजका लागि आकर्षक विभिन्न प्रकारका सेडहरु निर्माण गरिएका छन् जस्तै नेवा पूचः, क्षेत्री समाज, थैव समाज, पाण्डे समाज, लायन्स क्लव, रोटरी क्लव लगायतका छन्। स्मरण रहोस् उक्त सेडहरु निर्माण जसले गरेको हो उसको उक्त सेडमा नाम

अंकित गर्ने व्यवस्था यस संस्थाले गरेको छ। यी सेडहरु निर्माण गर्दा प्राकृतिक सुन्दरतामा असर नपुर्‍याउन वनवाटिका सजग छ।

दोश्रो महत्वपूर्ण पक्ष यस संस्थामा रहेको जनावरको रेस्क्यू सेन्टरको रुपमा रहेको चिडियाघर पनि यस क्षेत्रको आकर्षक नमूना हो। यस चिडिया घरमा चितुवा, अष्ट्रिज चरा, अजिङ्गर, निल गाई, स्याल, खरायो, गिद्ध, मयूर, दुम्सी, ईमु लगायतका जिव जन्तु देख्न पाईन्छ। तेस्रो महत्वपूर्ण पक्ष यस क्षेत्रका वालवालिकालाई आकर्षण गर्ने उद्धेश्यले वाल उधान निर्माण गरिएको छ। यसवाट यस क्षेत्रमा रहेका बालबालिकाको मुखमै वनवाटिका झुण्डिएको छ। यस भित्र बालबालिकाले खेल्ने पिङ्ग, चिप्लेटी, वाल पौडीस्थल, साईकल, बल लगायतका खेलका सामाग्रीहरु राखिएको छ। यसले बालबालिकाको शारीरिक साथै मानसिक विकासमा टेवा पुर्‍याएको छ। यस केन्द्र भित्र बौद्धिक व्यक्तित्वहरुको लागि वासु स्मृति पुस्तकालय समेत अवस्थित छ जसले स्वस्थ्य, मनोरम वातावरणमा बौद्धिक खुराक प्रदान गरेको छ। यसै भित्र तत्कालीन शंकरनगर गा.वि.स. (हाल ति.न.पा. १-४) को दृष्य झल्किने क्ले मोडल समेत हेर्न लायक छ। यस बाहेक शहिद स्मृति पार्क भित्र आकर्षक बगैंचा, पोखरीहरु, शहिद स्तम्भ छन् यसै गरि यस केन्द्र भित्रै रहेको पिकनिक स्पटसँग जोडिएको आँपको बगैंचा, पुष्पलाल पार्कमा रहेको पानीको फोहोरा पनि आकर्षणको अर्को नमूना हो।

यस केन्द्र भित्र निमार्णाधीन अवस्थामा रहेको तिलोत्तमा भ्यू टावर सबै भन्दा आकर्षणको केन्द्र रहनेछ। यो भ्यू टावर निमार्णको अवधारणा यस संस्थाका कार्य समिति सदस्य श्री प्रेम खनाल ज्यूले उठान गर्नु भएको हो। तत्कालीन कार्यसमितिले यसलाई मूर्तरुप दिदै छलफललाई अगाडि बढायो। यसपछि स्थानीय तहको निर्वाचन पश्चात तिलोत्तमा नगरपालिकामा स्थानीय जनप्रतिनिधि आइसकेपछि ति.न.पा.का प्रमुख श्री वासुदेव घिमिरेले उच्च महत्वका साथ प्राथमिकतामा पारि यसलाई अगाडि बढाउन महत्वपूर्ण पहलकदमि लिनुभयो। यसको लागत करिव १४ करोडको अनुमान गरिएको छ जसमध्ये तिलोत्तमा नगरपालिका ले ७० प्रतिशत र यस संस्थाले ३० प्रतिशत व्यहोर गर्नेगरि सम्झौता भै निर्माण कार्य तिव्रतम गतिमा अघि बढिरहेको छ। बिचमा कुनै अवरोध सृजना नभएमा करिब १.५ वर्ष भित्र निर्माण सम्पन्न गर्नेछ। अहिले सम्म तीन तलाको ढलान भैसकेको छ। १० तला सम्म निर्माण हुने यसको उचाई करिव १४० फिट हुनेछ। सम्भवतः राजधानीमा रहेको सुन्धरा पछिको टावर हुनेछ।

यसको साथै निर्माणधिन अवस्थामा थुप्रै आयोजनाहरु सन्चालित छन् जस्तै वाल रेल, वोटानिकल गार्डेन, शहिद स्मृति संग्राहलय आदि पर्दछन्। यसैगरि संस्थाले दिर्घकालीन रुपमा पनि केही परियोजनाहरु परिकल्पना गरेको छ। ती योजनाहरुको लागत मूल्य बढि पर्ने हुँदा एक्लै संस्थाले गर्न सक्दैन यसको लागि यस क्षेत्रका माथिल्लो स्तरमा पहुच पुग्ने व्यक्तित्वहरुको भूमिका महत्वपूर्ण रहन्छ। यसको विकासको लागि तिलोत्तमा नगरपालिका बाहेक जिल्ला विकास समिति, प्रदेश सरकार, संघीय सरकारबाट बजेट निकासका लागि स्थानीय तहदेखि प्रदेश र केन्द्रीय तह सम्मका जनप्रतिनिधिहरुको महत्वपूर्ण योगदान रहनेछ भन्ने आशा गरिएको छ।

अन्तमाः यस संस्था स्थापना महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने संस्थाका तत्कालीन सचिव श्री लेखनाथ ज्ञवाली, स्व. सु.जय बहादुर भण्डारी प्रति श्रद्धा सुमन व्यक्त गर्दै सम्मान गर्न चाहान्छु। यसै गरि यस संस्थाको स्थापना र विकासका लागि महत्वपूर्ण योगदान दिनुहुने तत्कालिन राजनैतिक दलका प्रतिनिधिहरु माननीय सांसद लिला गिरी, प्रेम नारायण खरेल, केशवराज न्यौपाने, यम बहादुर खत्री, कृष्ण बहादुर गौतम, राजु राना, वेल प्रसाद शर्मा, खिमलाल पाण्डे, तुलसी प्रसाद सापकोटा, टिकाराम घिमिरे, अर्जुन ज्ञवाली, गोपालमणि गौतम, वासुदेव घिमिरे र सामुदायिक वनका तत्कालीन अध्यक्ष उमानाथ कंडेल लगायतका व्यक्तित्वहरु हुनुहुन्छ। युसका साथै यस संस्थालाई सहयोग पुऱ्याउने यस क्षेत्रका माननीय सांसद तथा पूर्व सिचाई मन्त्री बालकृष्ण खाँण, पूर्व संविधान सभाका सांसद उमा भुजेल (सिलु)लाई पनि स्मरण गर्दै सम्मान व्यक्त गर्दछु। यस संस्थाको दिगो विकासका लागि रातदिन खटेर काम गर्ने कार्य समिति प्रति पनि आभार व्यक्त गर्न चाहान्छु। यस लेखमा लेख्नैपर्ने थुप्रै व्यक्तित्वहरु छुट्नु भएको छ आगामी दिनमा यहाँहरुलाई सम्झने वाचा गर्दै यो लेखलाई यहि अन्त गर्न चाहन्छु।

धन्यवाद।

प्रदेश सरकार
प्रदेश नं. ५ को

# प्रथम आवधिक योजनाको आधार पत्र

**(आ.व. २०७६।७७ - आ.व. २०८०।८१) बाट साभार ४.२.४ पर्यटन**

**विद्यमान अवस्था**

विश्व सम्पदा सूचीमा रहेको गौतम बुद्धको जन्मस्थल लुम्बिनी र बुद्धसँग सम्बन्धित प्राचीन कपिलवस्तु लगायतका देवदह, रामग्राम,कुदान निग्लिहवा लगायतका धार्मिक क्षेत्र रुरु, ऋषिकेश, रेसुङ्गा, रुन्टीगढी, स्वर्गद्धारी,जलजला, गौमुखी , वागेश्वरी, ठाकुरद्धार, सुपा देउराली, पाल्ही भगवती, मर्चावारीमाई, ऐतिहासिक स्थलको रुपमा जितगढी, रानीमहल, पाणिनि तपोभूमि, बाँके एवम् बर्दिया राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्ष क्षेत्र, रामसार सूचिकृत जगदीशपुर ताल र एसियाकै ठूलो दाङ्ग उपत्यका यस प्रदेशमा रहेका छन्। साथै रुकुम पूर्वमा रहेका हिमाल तथा तातोपानीका मुहान र प्रदेशका विभिन्न जिल्लामा ताल, झरना र प्राकृतिक गुफाहरु रहेका छन् । ऐतिहासिक बाइसे चौविसे राज्यका राजधानीका रुपमा रहेका कोट र किल्लाहरु पनि यस प्रदेशमा रहेका छन्। भौगोलिक, प्राकृतिक, कला र संस्कृति, धार्मिक र जातिगत विविधता रहेकाले यो प्रदेश प्रमुख पर्यटकीय गन्तव्यस्थल बन्न सक्ने प्रशस्त संम्भावना रहेको छ। युद्ध पर्यटनको रुपमा रोल्पाको टिला, चुनवाङ, गाम लगायतका स्थलहरु पनि पर्यटकीय आर्कषण बन्न सक्छन् । नेपालको संविधानले पर्यटनलाई संघ र प्रदेशको साझा अधिकार सूचिमा राखेको छ।

**प्रमुख समस्या**

यस प्रदेशमा भ्रमण गर्ने पर्यटकहरुको बसाइ अवधि छोटो रहेको, पर्यटकीय स्थलहरुको विकास र पर्यटनमैत्री सेवा अपेक्षित रुपमा हुन नसक्नु यस क्षेत्रका समस्याहरु हुन् ।

**चुनौती र अवसर**

प्रदेशमा विद्यमान पर्यटकीय स्थलहरुको पहिचान गरी आवश्यक भौतिक पूर्वाधारको निर्माण गर्नु, पर्यटनको विकासको लागि पर्याप्त सुविधा, सूचना र सुरक्षाको वातावरण तयार गर्नु र पर्यटन क्षेत्रमा निजी लगानी आर्कषित गर्नु प्रमुख चुनौतीको रुपमा रहेका छन्।

यो प्रदेश प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक विविधतायुक्त हुनु, भैरहवामा निर्माणाधीन अन्तर्राष्ट्रिय स्तरको गौतम बुद्ध विमानस्थल छिट्टै संचालनमा आउने स्थिति रहनु, लुम्बिनी आएका पर्यटकलाई अन्य पर्यटकीय स्थल भ्रमण गर्ने वातावरण सिर्जना गरी बसाइ लम्ब्याउन सकिने अवस्थामा हुनु, मानसरोवर जाने प्रस्थान विन्दुको रुपमा रहेको नेपालगन्जमा क्षेत्रीय विमानस्थलको विस्तार हुने क्रम रहनु, उच्च जनसंख्या भएका छिमेकी देशहरुको आयस्तर बढ्दै जानु, दक्षिण सीमामा रहेका बेलहिया, कृष्णनगर, रुपेडिया जस्ता प्रमुख नाका यसै प्रदेशमा रहनु र हवाइ सम्पर्क बढ्दै जानु यस क्षेत्रका अवसरका रुपमा रहेका छन् ।

**दीर्घकालीन सोच**

पर्यटन क्षेत्रको विकास एवम् वृद्धि मार्फत समृद्धिमा योगदान ।

**लक्ष्य**

पर्यटन क्षेत्रको प्रर्वधनबाट रोजगारी एवम् आय आर्जनमा वृद्धि गरी गरिवी निवारणमा योगदान गर्ने ।

**उद्देश्य**

१. प्रदेशमा भएका पर्यटकीय अवसरहरुको विकास, बजारीकरण, प्रर्वर्द्धन र संरक्षण गर्नु,

२. आय र रोजगारीका लागि पर्यटनलाई प्रमुख क्षेत्रको रुपमा विकास गर्नु ।

| रणनीति | कार्यनीती |
|---|---|
| १. प्रदेशको पर्यटनको विकासको लागि नीतिगत कानूनी एवम् संस्थागत व्यवस्था गर्ने । | १. प्रदेशको पर्यटनको विकासको लागि कानूनी व्यवस्था एवम् प्रादेशिक संस्थागत संरचनाको रुपमा पर्यटन विकास परिषद् बनाइने छ । |
| २. प्रदेशमा रहेका पर्यटकीय स्थलहरुको संम्बर्द्धन संरक्षण गर्दै आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरी विकास गर्ने । | १. लुम्विनी आएका पर्यटकहरुलाई यस प्रदेशका अन्य स्थानहरुमा आर्कर्षित गर्ने गरी पर्यटकीय स्थलहरुको विकास गरिने छ।<br>२. यस प्रदेशका सबै जिल्लाहरुमा रहेका ताल, धार्मिक र ऐतिहासिक मठमन्दिर तथा सम्पदालाई आधार बनाएर आवश्यक पूर्वाधारहरु सहित पर्यटकीय स्थलहरुको विकास गरिने छ।<br>३. यस क्षेत्रको प्रमुख धार्मिक क्षेत्र तथा तीर्थस्थलहरुको विकास गरी धार्मिक पर्यटन प्रर्वद्धन गरिनेछ।<br>४. रुकुम र रोल्पा जिल्लाहरुमा पर्यटन प्रर्वद्धन गरी गुरिल्ला मार्ग, युद्ध संग्राहलय, यार्सा मार्गहरु निर्माण गरिनेछ।<br>५. संग्रहालय, उद्यान र इको भिलेजहरु निर्माण गरी नयाँ पर्यटकीय गन्तव्यको विकास गरिनेछ।<br>६. उपयुक्त ठाउँहरुमा हिलस्टेशनहरु निर्माण गरी आन्तरिक वा वाह्य पर्यटकहरु आर्कषित गरिनेछ।<br>७. पहाडी तथा हिमाली जिल्लाहरुमा भएका तातोपानीका मुहानहरुलाई संरक्षण र सवर्धन गदै स्वास्थ्य प्रर्यटनको रुपमा विकास गरिनेछ।<br>८. पर्यटन उद्योगहरुलाई सहयोग पुग्ने गरी भौतिक पुर्वाधार पूऱ्याईने छ। |
| ३. पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्ने | १. गौतम बुद्धको जन्मस्थल लुम्बिनी, प्राचीन कपिलवस्तु, मावली देवदह, अस्तु धातु रहेको स्थान रामग्राम, नारायणी नदीको ठाडीघाट लगायत बुद्धसँग सम्बन्धित स्थलहरुलाई बुद्धिष्ट सर्किटको रुपमा विकास र प्रचार प्रसार गरिनेछ। |

| रणनीति | कार्यनीती |
|---|---|
| | २. राष्ट्रिय तथा छिमेकी देश भारत र चीन लगायत अन्तर्राष्ट्रिय स्तरमा पर्यटकीय स्थल तथा गन्तव्यको सूचना, प्रचार प्रसार नेटवर्किङ्ग गरिनेछ।<br>३. प्रदेश प्रवेश गर्ने नाकामा व्यावसायिक रुपमा स्थानीय तहको सहकार्यमा पर्यटन सूचना केन्द्र स्थापना गरी संचालन गरिनेछ। |
| ४. पर्यटनलाई आन्तरिक उत्पादन र रोजगारीसंग जोड्ने। | १. पर्यटन उद्योगलाई चाहिने वस्तु तथा सेवाहरु आन्तरिक रुपमा उत्पादन गर्न प्रोत्साहित गरिनेछ।<br>२. अर्गानिक खाद्यान्न, तरकारी, फलफूल, दूध तथा मासु उत्पादन एवम् माछा पालनका सफल फर्म वा गाउँहरुलाई होमस्टे सँग जोडी कृषि पर्यटनको रुपमा संचालन गर्न प्रोत्साहित गरिनेछ।<br>३. पर्यटन क्षेत्रका लागि चाहिने जनशक्ति उत्पादन र स्थानीय समुदायहरुलाई पर्यटनमैत्री बनाउने गरी क्षमता विकास गर्न निजी क्षेत्र तथा सामुदायिक संस्थाहरुसँग सहकार्य गरिनेछ।<br>४. बुद्धसँग सम्बन्धित पर्यटकीय क्षेत्रहरु जोड्ने गरी पर्यटकीय बस सेवा संचालन गरिनेछ।<br>५. थारु र मगर लगायतका विभिन्न सँस्कृतिलाई प्रर्वद्धन गर्दै सम्भावित त्यस्ता बस्तीहरुमा होमस्टे संचालनमा सहयोग गरिनेछ।<br>६. परम्परागत आकर्षक बस्ती भएका ठाउँहरुमा स्थानीय तहको सहकार्यमा पाहुना घर बनाउन सहयोग गरिनेछ। |
| ५. पर्यटन विकासको लागि अन्य प्रदेश, स्थानीय तह र निकायहरु संग सहकार्य गर्ने। | १. प्रदेश भित्रका स्थानीय तह र छिमेकी प्रदेशसँग पर्यटन प्रवर्द्धन गर्न सहकार्य गरिनेछ।<br>२. पर्यटन विकाससँग सम्बन्धित सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।<br>३. भैरहवा - नेपालगन्ज र पोखरा - नेपालगन्ज हवाइ उडानका लागि पहल र समन्वय गरिनेछ। |

**अपेक्षित उपलब्धि**

योजना अवधिमा पर्यटकीय स्थलहरुमा भौतिक पूर्वाधारको विकास भएको हुने, पर्यटन उद्योगले अर्थतन्त्रमा गहकिलो योगदान दिएको हुने र यो प्रदेश बाह्य पर्यटकको लागि प्रमुख गन्तव्यको रुपमा विकास भएको हुने।

# शंकरनगर वनविहार अनुसन्धान केन्द्र अन्तराष्ट्रिय पर्यटनको सम्भावना र चुनौतीहरू

**संजय ज्ञवाली**

नेपाल पर्यटन बोर्डको तथ्याङ्क अनुसार सन् २०१७ मा नेपालमा ११७३०७२ जना अन्तराष्ट्रिय पर्यटकहरुको आवगमन भयो जसमध्ये ९६९२८७ जना हवाई मार्ग र २०३७८५ जना सडक मार्ग भएर आए। यो तथ्याङ्क नेपालीहरुका लागि उत्साहजनक छ किनभने सन् २०१६ को पर्यटन आवगमन भन्दा यो २४ प्रतिशतले बृद्धि भएको हो।

मुलुकमा राजनैतिक स्थायित्व र सरकार भएसंगै नेपाल सरकारले सन् २०२० लाई नेपाल पर्यटन वर्ष घोषणा गरिसकेको र प्रदेश नं. ५ सरकारले पनि सन् २०१९ लाई लुम्बिनी भ्रमण वर्ष घोषणा गरेको सन्दर्भ एकातिर छ भने रुपन्देही जिल्लामा पर्यटनका लागि आवश्यक पूर्वाधारहरु राष्ट्रिय/अन्तर्राष्ट्रिय हवाई र सडक सञ्जाल विस्तार र ठूला होटलहरुको निर्माणको चरणमा रहनुले पनि आगामी दिनमा नेपाल संगसंगै रुपन्देही जिल्लामा पनि पर्यटनहरुको आवगमनमा तिब्रता आउने निश्चित छ। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नं. ५ को रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिकामा अवस्थित शंकरनगर वनविहार र अनुसन्धान केन्द्रले समेत यो सम्भावनाबाट उचित लाभ लिन सक्नु पर्दछ। प्रदेश नं. ५ सरकार र तिलोत्तमा सरकारले समेत प्राथमिकता दिएर शंकरनगर वनविहार अनुसन्धान केन्द्रलाई वार्षिक योजना तथा कार्यक्रममा राखी केन्द्रको विकास र विस्तारका लागि बजेट समेत विनियोजन गरी कार्यन्वयन भईरहेको सन्दर्भमा यसको विकासका लागि थप सम्भावनाहरु बारे छलफल र बहश आवश्यक छ। शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रमा अहिले मुख्यतय आन्तरिक पर्यटन आईरहेको अवस्था छ। यसको मुख्य आकर्षणमा बाल उद्यान, फुलबारी, मिनी चिडियाखाना, बनभोज स्थल र खुला स्थान रहेका छन् भने तिलोत्तमा नगरपालिका र स्थानीय सरकारको लगानीमा View Tower निर्माणाधीन अवस्थामा छ। हाल भएका पूर्वाधारहरुले मुख्य आन्तरिक पर्यटकहरुलाई आकर्षण गरिरहेको सन्दर्भमा पर्यटकयि हिसावले गुणात्मक फड्को मारी स्थानीय एवं अन्तराष्ट्रिय पर्यटनलाई आकर्षित गर्न रणनैतिक हिसाबमा सोच्न जरुरी छ। नेपाल पर्यटन बोर्डको तथ्याङ्क अनुसार सन् २०१८ मा सुनौली नाकाबाट १,६५,८०२ अन्तराष्ट्रिय पर्यटनको आगमन भएको थियो भने सुनौली भएर सडक मार्गबाट भित्रिने पर्यटक अन्तराष्ट्रिय पर्यटक र भैरहवामा अन्तराष्ट्रिय विमानस्थल पश्चात हवाई मार्गबाट आउने पर्यटकहरुलाई शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रमा भित्राउन देहाय बमोजिमको प्राथमिकता सम्भावना देखिन्छ।

**वनस्पति वन्यजन्तु एवं चराचुरुङ्गी अवलोकन**

शंकरनगर वन विहार र अनुसन्धान केन्द्रको नामाकरणबाट नै वन विहार र अनुसन्धानको कार्य क्षेत्र समेटेको बुझिन्छ। शंकरनगर वन विहार क्षेत्र भित्र विभिन्न जातका वनस्पति, चराचुरुङ्गी एवं जनावरहरु प्राकृतिक अवस्थामा रहेको छ। केन्द्रको जंगल क्षेत्रमा प्राकृतिक र आधुनिक शैलीको समिक्षणमा वनको अवलोकन गर्ने व्यवस्थापनका लागि जमिन सतहबाट करिव २० फुटको

उचाईको डोरीको झोलुङ्गे पुललाई जंगलका रुखहरुको विचै विचबाट छिचोल्ने गरी निर्माण गरी त्यही पुलबाट प्राकृतिक वनस्पति, जीवजन्तु र चराहरुको अवलोकनको व्यवस्था मिलाई पर्या-पर्यटनका माध्यमबाट विदेशी एवं स्वदेशी पर्यटक आकिर्षत गर्न सकिन्छ। केन्द्र परिषर भित्रका तराई क्षेत्रमा पाइने विभिन्न प्रजातिका वनस्पती एवं चराचुरुङ्गीहरुबारे जानकारी दिने प्राकृतिक घर निर्माण गरी त्यहाँ भित्र त्यसको विस्तृत जानकारी राख्न सकिएमा त्यसले वन विहार क्षेत्रमा पर्यटनहरुको प्रवर्द्धन गर्नेछ।

**योग शिक्षालय**

पूर्वीय सभ्यता, सनातन धर्म र नेपाली संस्कृतिसंग अन्योन्याजित सम्बन्ध रहेको योग शिक्षाले पछिल्लो समय पश्चिमी समाजलाई पनि उल्लेखनीय रुपमा आकर्षित गरिरहेको तथा बढ्दो शहरीकरण र व्यस्त एवं तनावपूर्ण जीवनशैलीका कारण योग, ध्यान र आरधना प्रति मानिसहरुको आकर्षण बढ्दो छ। शान्त, मनोरम र हरियाली वन विहार तथा अनुसन्धान केन्द्र क्षेत्रमा वनस्थान सहित योग शिक्षालयको स्थापना गर्न सकिएमा गुणस्तरीय पर्यटकहरुको आकर्षित गर्न सकिन्छ।

**पर्यटन सेवा केन्द्र**

नेपाल पर्यटन बोर्डले नेदरल्याण्ड सरकारको सहयोगमा गरेको एक अध्ययनले बुटवल क्षेत्रमा पर्यटकीय सेवा केन्द्र स्थापना गरी पर्यटन प्रवर्द्धन गर्न सकिने अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ। पूर्व पश्चिम महेन्द्र लोकमार्ग र उत्तर दक्षिण सिद्धार्थ लोकमार्गबाट २ कि.मि भन्दा कम दुरीमा रहेको वन विहार तथा अनुसन्धान केन्द्रमा पर्यटकीय सेवा केन्द्र स्थापना गर्न सकिएमा यसको अझ बढी प्रचार प्रसार गर्न सकिन्छ। आगन्तुक अन्तराष्ट्रिय पर्यटकहरुलाई एकै स्थानमा छोटो विश्राम, refreshment, पर्यटकीय सूचना तथा जानकारी, मुद्रा सटही, ट्रेन र बस टिकट जस्ता सेवा सुविधाहरु शंकरनगर वन विहार र अनुसन्धान केन्द्रका बारेमा विस्तृत पर्यटकीय जानकारी सहितको प्रचार सामग्री प्रदर्शनी तथा वितरण गर्न सकिएमा यसको व्यापक रुपमा प्रचार प्रसार हुनुका साथै थप पर्यटकहरु आकर्षण गर्न सकिन्छ।

शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रलाई हिजो शुरुवातका दिनहरुबाट आजका दिनसम्म ल्याई पुग्नका लागि यसका अग्रज, संस्थापक सदस्य एवं स्थानीयको ठूलो योगदान छ। बदलिदो समय र आवश्यकता बमोजिम आगामी दिनमा यसको दिगो रुपमा व्यवस्थापन गरी नेपालकै नमूना पर्यटकीय स्थलका रुपमा चिनाउन यसलाई एकिकृत रुपमा प्रवर्द्धन गर्न जरुरी छ। लुम्बिनी, मुक्तिनाथ धाम, स्वर्गद्धारी तथा प्रदेश नं. ५ का राष्ट्रिय निकुञ्ज एवं संरक्षित क्षेत्र बाके राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, डोरपाटन हन्टिङ्ग रिजर्व र दुरीको हिसावले नजिकै रहेको चितवन राष्ट्रिय निकुञ्जमा वनस्पति र जीवजन्तु अवलोकनका लागि गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल र छिमेकी मुलुकबाट आउने एवं अन्यत्र जाने पर्यटकका लागि रुपन्देही जिल्ला Gate Way Centre का रुपमा स्थापित हुने हुँदा

रुपन्देही र यसको सेरोफेरोमा रहेका पर्यटकीय स्थलहरुलाई समेटी पर्यटक विन्दु (Tourist Point) को विकास गरी शंकरनगर वन विहार क्षेत्रमा कम्तीमा पनि केही दिन बसाल्न मिल्ने गरी पर्यटन प्रोडक्ट तयार गरी एकिकृत रुपमा पर्यटन प्रवर्द्धन गर्न सकिएमा बढी खर्च गर्न सक्ने क्षमता भएका पर्यटक आकर्षित गर्नुका साथै नेपालमा पर्यटकको बसाई अवधि लम्बाउन सकिन्छ। सबै सरोकारवालाहरुको सहकार्यबाट नै यो केन्द्रलाई दिगो रुपमा व्यवस्थापन गर्न सकिन्छ। यसको आफ्नै बहन क्षमता (Carrying capacity) छ त्यसतर्फ हामी सबै सचेत हुन जरुरी छ। पछिल्लो समयमा वन विहार तथा अनुसन्धान भित्र बढ्दै गईरहेको आन्तरिक पर्यटकहरु संख्या र निर्माणाधीन भौतिक पूर्वाधारहरुलाई मध्यनजर गर्दै केन्द्रलाई अझै व्यापकता प्रदान गर्न स्थानीय सरोकारवालाहरुसँगको आपसी संवाद, समझदारी, सहमती र सहकार्यका माध्यमबाट केन्द्रको भूउपयोग योजना संगसंगै यसको क्षेत्रफल बढाउन आवश्यक देखिएको छ। अन्यथा यो क्षेत्रले प्रदुषणको चपेटामा परी आफ्नो पहिचान आफै गुमाउने चुनौती छ। वन विहार र अनुसन्धान केन्द्रकै अवधारणामा अरु स्थानमा पनि पर्यटकीय स्थलहरु स्थापना भईरहेको सन्दर्भमा यसको विशिष्ट पहिचानलाई कायम गर्दै समसामयिक रुपमा यसको संस्थागत उद्देश्य हासिल गर्नका लागि अझ परिस्कृत ढंगले पर्यटकीय सेवा विस्तार गर्न सकिएमा आगामी दिनमा नेपालकै नमुना पर्यटकीय स्थलका रुपमा स्थापीत हुनेछ।

# शंकरनगर सामुदायिक वन छोटो जानकारी

**संजय ज्ञवाली**

शंकरनगर सामुदायिक वन २०४६/११/२९ मा श्री ५ विरेन्द्र विर विक्रम शाह बाट हुकुम प्रमाङ्गी भई पञ्चायती वन र पञ्चायत संरक्षित वनको रुपमा तत्कालिन शंकरनगरका प्रधान पञ्च केशवराज न्यौपानेलाई हस्तान्तरण गरेको र २०५२ साल फाल्गुन २० गते मात्र जिल्ला वन कार्यालय रुपन्देहीमा सामुदायिक वनको रुपमा १ नंवरमा दर्ता भएको हो। यसरी दर्ता भएपछि यस वनको प्रथम अध्यक्ष भवानी शंकर देवकोटा एक कार्यकाल अध्यक्ष हुनुभयो त्यसपछि २०६१ साल कार्तिक सम्म क्या. प्रेम बहादुर भण्डारी अध्यक्ष हुनु भयो।

२०६१ साल कार्तिक महिनामा भएको अधिवेशनबाट सर्वसम्मतिमा अध्यक्ष उमानाथ कंडेल, उपाध्यक्ष दिल बहादुर कार्की, सचिवमा कृष्ण प्रसाद गौतम, कोषाध्यक्ष तिलक बुढाथोकी तथा सदस्यहरुमा सुरेन्द्र कुमार वर्मा, पदम प्रकाश राना, कृष्ण बहादुर कुंवर, चन्द्र बहादुर शाही, राम प्रसाद ज्ञवाली, हेम बहादुर थापा, विष्णु प्र. पाण्डे, हरि तिवारी, गोविन्द प्र. शर्मा, तारापति ज्ञवाली, मनोरमा शेरचन, शान्ति भुषाल, दल बहादुर अग्रेजा रहेको १७ सदस्यीय कार्य समिति र सल्लाहकारमा क्या. प्रेम ब. भण्डारी, वासुदेव घिमिरे, क्या. यम ब. खत्री, प्रेम खरेल, राजु राना, राम गिरी, वुलाराम पाण्डे, दधिराम गौतम, गोपालमणि गौतम, बलराम खरेल, गाविस बाट लक्ष्मण अर्याल रहेको ११ सदस्यीय सल्लाहाकार समिति गठन भयो।

२०६२ सालमा निवर्तमान गा.वि.स. उपाध्यक्ष बाबुराम अर्याल एवं क्या. यम बहादुर खत्री गा.वि.स.को तर्फबाट यस वनको एउटा गुरुयोजना बनाउने प्रस्ताव ल्याउनु भयो। गुरुयोजनाको खर्च वन र गाविसले वरावर व्यहोर्ने गरि ई. खेटराज दाहाललाई बनाउन दिईयो। त्यसलाई शंकरनगरका राजनैतिक दल, सामुदायिक वनका पदाधिकारी एवं बुद्धिजीवीको बिचमा छलफल गरि लागु गर्ने निर्णय गरियो। यस १० वर्षे गुरुयोजनामा वनविहार तथा अनुसन्धान केन्द्र वनवाटिका, पिकनिक स्पट, पुष्पलाल पार्क, विपि वाटिका, शहिद स्मृति पार्क, चिडियाखाना, मोडेल हाउस, बाल उद्यान, विपश्यना ध्यान केन्द्र , खेलकुद मैदान, जैविक विविधताको संरक्षण गर्ने गरि २०६२ मै सामुदायिक वनबाट बाबुराम अर्यालको संयोजकत्वमा एउटा उपसमिति बनाईयो जसमा डिजाईनर ई. कृष्ण ब. रास्कोटी उपाध्यक्ष एवं सचिवमा स्व. लेखनाथ ज्ञवाली सहितको समिति बन्यो। प्रथम चरणमा बालउधान सम्पन्न गरी मिति २०६४/९/१२ गते मा तत्कालीन सभामुख सुभाषचन्द्र नेम्बाङ्गबाट यस वनविहार तथा अनुसन्धान केन्द्रको समुद्घाटन गरियो।

यस वन विहार तथा अनुसन्धान केन्द्रलाई सामुदायिक

वनको श्रोतबाट मात्र समुचित विकास गर्न नसकिने भएकोले एक स्वतन्त्र संस्थाको आवश्यकता महशुस गरियो र २०६२/६/१३ मा जि.प्र.का. रुपन्देही मा १३८९ नं भएको संस्था विधिवत दर्ता गरि तत्कालीन उपसमितिका संयोजक बाबुराम अर्याल अध्यक्ष, उपाध्यक्षमा कृष्ण बहादुर थापा, सचिवमा लेखनाथ ज्ञवाली, कोषध्यक्षमा गुरु प्रसाद देवकोटा, सदस्यहरुमा भगवति घिमिरे, खिमलाल पाण्डे, तिल बहादुर थापा, गोपालमणि गौतम, सुलोचना नेपाल र सल्लाहाकारमा वनका अध्यक्ष उमानाथ कंडेल, गा.वि.स. सचिव लक्ष्मण अर्याल सहनु भयो।

यस संस्थाको पहिलो साधारण सभा २०६८ सालमा वन तथा भू संरक्षण मन्त्री मा. दिपक वोहराको प्रमुख प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

यस वन विहार अनुसन्धान केन्द्रले निम्न कार्यहरु गर्ने उद्देश्य राखेको थियो।

१. तिलोत्तमा नगरपालिका १/४ प्रतिदिन घना शहरीकरण भैरहेको र यसको भविष्यलाई दृष्टिगत गरि शंकरनगर सामुदायिक वन भित्र हरियाली पूर्ण, स्वच्छ सुन्दर सुविधायुक्त पार्कहरुको निर्माण गरि बाह्य तथा आन्तरिक पर्यटनको आकर्षक केन्द्र वनाई बाल, वृद्ध,युवा सबैका लागि मनोरन्जनात्मक खुला विश्राम स्थलको विकाश गर्ने।
२. पिकनिक स्पट, बाल उद्यान, जडिबुटी खेती, बोटानिकल गार्डेन एवं विभिन्न जात र प्रजातिका बोट बिरुवाको प्रवर्द्धन, अनुसन्धान खरिद विक्री व्यवसाय समेत गर्ने गरि नर्सरी स्थापना।
३. पर्यटकका आकर्षणको लागि मोडलहरु, भ्यूटावर, हररहाउस, एक्यूरियम, लुम्बिनी र देवदह जोड्ने, विपश्यना ध्यान केन्द्र , ऐतिहासिक कुवा संरक्षण वन पर्यावरण र पर्यटन सम्बन्धि प्रचुर सामाग्री युक्त आधुनिक पुस्तकालय (सूचना केन्द्र) को स्थापना गर्ने।
४. वितरा परि संरक्षणको आवश्यता भएका वन्यजन्तुहरुको संरक्षण गर्दै क्षेत्रीय चिडियाखानाको रुपमा विकाश गर्ने रहेका छन्।

**हाम्रो कार्यकालमा यस वनमा निम्न कार्यहरु भए ।**

१. हालको वन वाटिका गेट देखि ऐतिहासिक कुवामा जाने फार लाईन निर्माण।
२. २०६२ सालमा निर्मित १० वर्षे गुरुयोजना लागू गर्न बाबुराम अर्यालको संयोजकत्वमा वन विहार तथा अनुसन्धान केन्द्र उपसमिति गठन।
३. सामुदायिक वनको नर्सरी स्थापना।
४. वन संरक्षणको लागि वन वरिपरिका करिव ४०० महिलाहरुलाई संगठित ४ वटा वन संरक्षण महिला उपसमिति गठन गरि वार्षिक १० हजारका दरले अनुदान दिने सुरुवात।
५. राजमार्गमा चोरिनिकासी चरिचरन एवं फोहर नियन्त्रण गर्न तारवार लगाएको।
६. सामुदायिक वनको भवन चुहिएकोले पिलर राखी दोश्रो तला थप्ने कार्य भएको।
७. दुर्गादत्त मा.वि., जन ज्योति मा.वि., जन जागृति मा.वि. लाई देविस्थान संस्कृत मा.वि. एवं प्रा.वि.हरुलाई आर्थिक सहयोग।
८. विधान परिमार्जन गरि ३ वर्षे देखि बढाएर ५ वर्षे कार्यकाल बनाएको।
९. जडीबुटी कुरिलो, सर्पगन्धा, अश्वगन्धा, सेतो मुसलीको खेति गरेको।
१०. जडीबुटी चिया उत्पादन गरि प्रयोग एवं बिक्री वितरण गरेको।
११. उप-स्वाथ्य चौकी शंकरनगरलाई १० हजार वरावरको औषधी उपलब्ध गराउन सुरु गरेको।
१२. एस.एल.सी. मा उत्कृष्ठ नं ल्याउने प्रत्येक सामुदायिक मा.वि. का छात्र एवं छात्रालाई २ हजारका दरले छात्रवृतिको सुरुवात।
१३. १००१ वर पिपल तथा स्वामी लगाउने अभियान संचालन गरेको।

१४. ऐतिहासिक कुवाको संरक्षण एवं जिर्णोद्धार गरेको।
१५. शंकरनगर का ९ वटै वार्डलाई बाटो कालो पत्रेको लागि ५० हजारका दरले अनुदान दिएको ।
१६. यसै कार्यकालमा शंकरनगर महोत्सव पनि सम्पन्न गरियो।
१७. मौरी पालन कार्य भएको।
१८. करहिया सामुदायिक वन संगको सिमा विवादलाई वार्ताद्वारा समाधान गरेको।
१९. ४ वटा उपसमिति गठन गरि गैरकाष्ठ खेतीमा साझेदारी वाँस रोपण गरेको।
२०. यस वनको काठको सहयोगमा शंकरनगर चोकमा र वन वाटिका गेटमा आकर्षक शान्तिगेट निर्माण मिलिजुली क्लवबाट बनेका थिए।

यसैगरि विभिन्न संघ संस्था क्लवहरुलाई खेलकुद गर्नको लागि आर्थिक सहयोग गर्ने कार्य भए ।

यसको साथै यस वनमा निम्न जडीबुटीहरु भएको पहिचान गरियो।

१. असुरो २.दालचिनी ३. दतिवन ४. निम ५. राजवृक्ष ६. वकायनो ७. जामुन ८. क्यामुनो ९. पुनरनवा १०. गुर्जो ११. पिप्ला १२. सर्पगन्धा १३. टोप्रो १४. लज्जावती १५. चकमके १६. खयर १७. कुरिलो १८. सजिवन १९. अमला २०. वर्रो २१. सिकाकाई २२. सत्यनासी २३. छतिवन २४. टटेरो २५. पिपल २६. वर २७. चितो २८. मरटी २९. आँप ३०. कुश ३१. कांश ३२. दुवो ३३. विही ३४. बेल ३५. अडेर ३६. मालाश्री ३७. कन्टकारी ३८. कोईरालो ३९. चरि अमिलो ४०. वाँस ४१. सुनाखरी ४२. भलायो ४३. कालो मुसली ४४. सिमल ४५. बोके जामुन -(कडिपत्ति) को साथै गुर्जोको उपयोग वारे जानकारी गराईन्छ।

**गुर्जो (अमृता)**

वैज्ञानिक नाम : Tinospora Cordifolia (Willd)
अंग्रेजी नाम : Tinospora
संस्कृत : गुडुची, अमृतवल्ली, कुण्डलीनी
हिन्दी : गिलोय, गुडुची
प्रचलित नाम : चिनीलहरा , खसीमाटे

गुर्जो कहिल्यै नसुक्ने लामो लहरा वाक्लो झाडी भएको लहरा हो। यो समुन्द्र तट देखि १००० फुटको उचाई सम्म पाईन्छ। देख्दा यो रस्सी जस्तै लामो हुन्छ। यसको लहरा कोमल हागावाट हागामा जरा निस्की जमिन तर्फ जान्छ। यसको लहरा धेरै प्रकारका रुखहरुमा झाङ्गिएको हुन्छ। रुखको गुण धर्म अनुसार यसको औषधिय प्रभाव पनि पर्ने हुँदा निमको रुखको गुर्जो बढी राम्रो मानिन्छ।

यसमा १/२ प्रतिशत स्टार्च वाहेक अनेक तिता जैविक सक्रिय संघटक तथा धेरै प्रकारका वसा तथा अम्लहरु पाईन्छन्। आयुर्वेद अनुसार मानिस त्रिदोष वात, पित्त, कफ को सन्तुलन विग्रेपछि विरामी पर्छ। यो अत्यन्त चमत्कारीक औषधिय लहरा हो। यसले त्रिदोष जन्य सम्पुर्ण रोगहरुमा प्रधावकारी काम गर्छ। यसले वातजन्य, कफजन्य र पित्तजन्य सम्पूर्ण रोगमा उपयोगी छ। यसको प्रयोगले घाउ, खटीरा, छालाका एलर्जि जन्य रोग, पांडु रोग, एसीडिटी, मधुमेह, ज्वरो, रगत शुद्ध गर्ने, युरिक एसिड, काँसो रोगमा र टि.वी. तथा क्यान्सरका जीवाणुको वृद्धि रोकेर ठिक गर्न मद्दत गर्छ। यसले शरीरमा इन्सुलिनको उत्पत्ति तथा रगतमा यसको घुलनसिलतालाई बढाउँछ। यसको प्रयोग रोग अनुसार स्वरस, क्वाथ, काडा, हिम तथा चूर्ण वटीको रुपमा गरिन्छ। यसरी प्रयोग गर्दा एक्लै वा अन्य जडीबुटी संग मिसाएर गरिन्छ।

# अवलोकन तथा भ्रमणको उद्देश्य

श्यामलाल पोखरेल

शंकगर वन विहार तथा अनुसन्धान केन्द्र रुपन्देही तिलोत्तमा र सरदखाना जाउलाखेल चिडियाखाना काठमाण्डौको टोलीसंग भारतको विभिन्न ठाउँको अवलोक तथा भ्रमण गर्ने अवसर मिल्यो। पत्रकारिता पेशामा आवद्ध भएकाले नै अवलोकन भ्रमणको अवसर मिलेको थियो। जुन अवलोकन भ्रमणले भारतको केही ठाउंको पर्यटकीय विकासबारे बुझ्ने मौका मिल्यो।

भ्रमणको अवसर दिने शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रलाई धन्यवाद छ। त्यस्तै सहयोगी भूमिका खेल्नु भएका केन्द्रका सचिव खिमलाल पाण्डे र पत्रकार महासंघ रुपन्देहीका उपाध्यक्ष दिनेश पाण्डे पनि यो पंक्तिकार धन्यवाद नदिइरहन सक्दैन।

२०७४ फागुन २६ देखि ४ दिनको अवलोकन भ्रमण सम्झना लायक नै बन्यो। धेरै बुझ्ने र देख्न अवसर पनि मिल्यो।

शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र सञ्चालकहरु र जाउलाखेलको प्रतिनिधि टोलीसंग भारतको फरिदाबाद, लखनउ, कानपुर लगायत नेपालको वर्दियास्थित राष्ट्रिय निकुञ्ज, थारु भिलेज र घोडाघोडाही तालको अवलोकन भ्रमण गरियो।

**अवलोकन, भ्रमणको उद्देश्य**

अवलोकन तथा भ्रमणका लागि भारत जानु कूनै व्याक्तिगत स्वार्थ पनि थिएन र कुनै रसरङ पनि थिएन। एउटै उद्धेश्य थियो, भारतको कानुपरमा रहेको चिडियाखाना, नेपालको राष्ट्रिय निकुञ्जलगायतका पर्यटकीय क्षेत्रको अवलोकन गर्ने।

कानपुरमा रहेको भारतको क्षेत्रीयस्तरको चिडियाखाना के कसरी बनेको छ। त्यहाँ वन्यजन्तु के कसरी राखेर संरक्षण गरिएको छ। तिनको पालनपोषणदेखि के कस्तो र कति आहार खुवाएपछि विभिन्न प्रकार जनावर तथा वन्यजन्तुहरु पाल्न सकिन्छ र शंकरनगर वन विहार तथा अनुसनधान केन्द्रलाई के कसरी थप विकास विस्तार गरी आन्तरिक र बाह्य पर्यटकलाई आर्कषित गर्न सकिन्छ भन्ने अवलोकन तथा भ्रमणको प्रमुख उद्देश्य रहेको थियो।

त्यहाँको चिडियाखानाको अवलोकन गरेपछि वन विहारलाई कसरी समय सुहाउँदो र माग अनुसार विकास गर्न सकिन्छ भन्नका लागि शदरखाना जाउलाखेलका पर्यटकीय क्षेत्रका विज्ञ र वन्यजन्तु विज्ञसँग कानपुरस्थित चिडियाखाना, बर्दिया राष्ट्रिय निकुञ्जलगायत अन्य पर्यटकीय स्थलहरुको अवलोकन गरिएको थियो।

जे होस हाम्रो अवलोकनको टोली पर्यटकीय क्षेत्र तथा वन्यजन्तुको विषयमा व्यवहारिक रुपमा अझै सानो

उमेरका रहेछौँ । किनकि कानुपुरको चिडियाखाना सञ्चालक र त्यहाँ काम गर्नेहरु धेरै विज्ञताको क्षमतावान रहेछन् भन्ने अवलोकन तथा भ्रमणको क्रममा बुझ्ने मौका मिल्यो । शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रका अध्यक्ष बाबुराम अर्याल, सचिव खिमलाल पाण्डे, खिमलाख पाण्डे, कोषाध्यक्ष गोपाल थापा, बालाकृष्ण कुंवर, प्रेमराज खनाल, रामप्यारी पौडेल, ज्योती थापा, प्रेमराममायां पौडेल, कमला अर्याल, रामप्रसाद ज्ञवाली, राजु राना, बेलप्रसाद तिवारी, गुरुदुत्त ज्ञवाली, मणिराम भट्राई, प्राविधिक गणेश कोईराला, ईन्जिनियर गिरिराज डुम्रे र यो पंक्तिकार पनि भ्रमण तथा अवलोकन टोलीमा सहभागी थियो । पहिलो दिनको भ्रमण १३ घण्टा ११ मिनेटमा सुनौली हुंदै भारतको कानपुर पुगियो । पहिलो दिनको यात्रा निकै रमाईलो सम्झना लायक बन्यो । वन विहारबाट हिडेपछि धेरै बुझ्ने मौका मिल्यो । किनकी १७ जनाको उक्त टोलीमा प्राविधिकसहित चिडियाखाना सम्बन्धी विज्ञ र केही राजनीतिक, सांस्कृतिक र सामाजिक क्षेत्रका साथै भारतको युपीको भूगोलबारे जानकार व्याक्ति रहेका कारण धेरै बुझ्ने मौका पनि मिलेको थियो ।

**भेटघाट तथा छलफल**

भारतको कानपुरमा रहेको प्राणी उद्यान तथा जाउला लेख अवलोकन गर्ने र त्यहांको सिको गरेर वन विहार तथा अनुसन्त्रान केन्द्रको विस्तार गर्नु नै प्रमुख उद्वेश्य थियो । जुन उद्वेश्य पुरागर्न टोलीले कानपुर प्राणि उद्यानका निर्देशक दीपककुमार, पशु विज्ञ डाक्टर उमेशचन्द्र श्रीवास्तव, रेञ्जर आईपी यादवसंग छलफल नै गरियो । कानपुर चिडियाखाना सञ्चालक, पर्यटकीय क्षेत्र तथा वन्यजन्तु विज्ञहरुसंग भेटघाट तथा छलफलको क्रममा धेरै बुझ्ने मौका मिल्यो । विशेष गरेर त्यहाँ सञ्चालन भैरेहेको चिडिया खाना, त्यहां संरक्षण गरी राखिएका घरपालुवा तथा वन्यजन्तु र विभिन्न प्रकारका चराहरुको अवस्था, कसरी संरक्षण गर्ने विषयमा कानपुर प्राणि उद्यानका निर्देशक दीपककुमारले जानकारी गराए । २०७४ फागुन २७ गते दिउँसो अवलोकन तथा भ्रमण टोली र कानपुर प्राणी उद्यानको प्राविधिक तथा विज्ञ टोलीसँग त्यहाँ भएको विकास, प्राणी उद्यानको अवस्था, मोडेल, वन्य जन्तुलाई आवश्यक हुने हावा पानी, आहारबारे एक आपसमा छलफल नै गरियो । कानपुर प्राणी उद्यानमा गएर टोलीको घुम्ने काम भन्दापनि त्यहांको संरचना कसरी बन्यो, निजी र सरकारको सहयोगबारे पनि बुझ्ने मौका पनि मिल्यो । क्षेत्रीय चिडिया खाना तथा कानपुर जाउला खेलको विकास तथा विस्तारका लागि सरकारले ठूलो लगानी गरेको स्थानीय संघसस्था तथा निजी क्षेत्रले पनि ठूलो सहयोग गरेको बुझियो । अवलोकनको क्रममा कानपुरको प्राणी उद्यानमा राखिएका जनावर र नेपालका चिडियाखानाहरुमा राखिएका जनावर राख्ने तरिका उल्टो भेटियो । यो अवलोकन टोलीका लागि ठूलो शिक्षा मिल्यो । कानपुरको उक्त प्रणाी उद्यान केन्द्रमा खुल्ला रुपमा जनावरहरु राखिएको छ, भने नेपालमा जनावरहरुलाई सानो खोरमा थुनेर राखिएको भेटियो । ठूलो क्षेत्रफलमा जनावरहरुलाई घुम्ने दौड्ने र लुक्न मिल्ने गरी कानुपुरको चिडियाखाना बनाइएको छ । खुल्ला ठाउँमा १ सय १८ प्रजातिका जनावरहरु खुल्ला रुपले संरक्षण गरिएको छ । जुन आन्तरिक र बाह्य पर्यटकको केन्द्र विन्दु कानपुर प्राणी उद्यान केनद्र तथा जाउला खेल बनेको रहेछ ।

**जनावरको आहारा**

त्यहाँ पालिएका जनावरको लागि उनको खानामा ठूलो लगानी गरिएको छ । विशेष गरेर गुणस्तरीय खाना तथा दाना, मासु, र फलफूलमा ठूलो लगानी गरिएको छ । नेपालमा उच्च खानदानको घरपरिवारमा खाने खानको परिकार भन्दा त्यहांको चिडियाखानामा राखिएका जनावरका लागि गुणस्तरीय खानाको व्यवस्था मिलाईएको प्रत्यक्ष देखियो । दुर्लव खालका बाघ, भालु, गैडा, खरायो, हात्ती, उंट लगायतका अन्य जनावरहरुको स्वास्थ्यको लागि पनि त्यस सम्बन्धी विज्ञको टोलीलाई २४ सै घण्टा तयारीको अवस्थामा राखिएको छ । जसले गर्दा कानपुरको प्राणी उदान केन्द्रको हाता भित्र सञ्चालन गरिएको जाउला खेल विशिष्ट र हेर्ने लायक नै छ ।

**वाल रेल**

शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र भित्र वाल रेल सञ्चालन गर्ने केन्द्र सञ्चालकहरुको योजना अनुसार कानपुर उद्यान केन्द्र भित्र सञ्चालन गरिएको रेलको अवलोकनसंगै अध्ययन पनि गरियो । उक्त उद्यान केन्द्र तथा जाउला खेलमा सञ्चालित वाल रेल सबैका लागि आर्कषित बनेको रहेछ। कानपुर प्राणी उद्यान केन्द्रकी अधिकृत चलनी गुप्ताका अनुसार आनतरिक र बाह्य पर्यटकको सबै भन्दा बढी भिड वाल रेलमा हुने भएकाले त्यहांको आम्दानीको प्रमुख श्रोत वाल रेल रहेको छ। त्यहाँ सञ्चालित वाल रेलबारे शंकरनगरवन विहार तथा अनुसन्धान केन्द्रको टोलीले उक्त वाल रेल सञ्चालनबारे केही अध्ययन गरेकाले पनि वन वाटिकामा सञ्चालनको लागि अन्तिम तयारी भैरहेको वाल रेल सञ्चालनमा केही न केही व्यवहारिक सहजता भएको छ।

**यात्रामा**

भारत भ्रमण विहान साढे सातमा हिड्ने भनिएपनि रिजर्भ गरिएको भारतीय गाडीको चालकका कारण दुई घण्टा ढिलो सुनौली हुंदै भ्रमण सुरु गरिएको थियो । पहिलो दिनको यात्रामा अयोध्या भन्ने ठाउँमा खानाखने क्रममा त्यहाँका केही स्थानीयसँग त्यहाँको भूगोल, विकास र मानिसको जनजीवनबारे बुझ्ने मौका मिल्यो । अयोध्याका एक भारतीय नागरिक युवराज अग्रवालसँग छोंटो समयमा धेरै कुराकानी गरियो, युपीको विकासकाबारे बुझ्ने मौका पनि मिल्यो । त्यहाँको सडकको विकास र नागरिकको सामान्य खालको जीवनशैली देखेर पंक्तिकार निकै प्रभावित बन्यो । थुप्रै जग्गा जमिन र घरभएका र मजदुरी गरेर खाने नागरिक बीचमा खासै भिन्नता देखिएन । किनकी जग्गा जमिन भएका हुनेखानेहरु पनि साइकलमै र मजदुरी गरेर हुँदा खाने वर्ग पनि साइकलमै हिड्छन् भन्ने कुराले खुशी लाग्यो । जसका कारण समग्र भारत र युपीको विकासमा सरकारको भन्दा त्यहाँका नागरिकको ठूलो हात रहेको महसुस भयो । किनकी थुप्रैजग्गा जमिन र मजदुर गरेर जीविका चलाउने सर्वसाधारणको जीवनशैली एकै प्रकारको रहेछ। सम्पति हुनेहरुले कुनै तड्कभड्क गरेको देखिएन । सामान्य कपडा लगाएर, सामान्य साईकलमा सवार गरेर दिनभरजसो कामगर्ने उनीहरुको जीवनशैलीप्रति यो पंक्तिकार निकै प्रभावित पनि भयो। सुनौलीदेखि कानपुरसम्मको करिव ४ सय १४ किलोमिटरको दुरीमा पर्ने सडक किनारमा कतैपनि ठूला घरहरु देखिएनन् भने कतै पनि भीडभाड देखिएन। सडक किनारको छेउमा रुख रोपिएको छ भने सबै भागमा खेतीपाती गरिएको छ। हरियाली त्यस्तै खालको बनाईएको छ। नेपालीले पनि यसको अनुसरण गर्न जरुरी छ। त्यस्तै भारतको फरिदाबाद, लखनउ र कानपुरको विकासको सिको गरेर नेपालको मुहार फेर्न सकिने महसुस गरियो। युपीको जीटीरोड र अन्य सडक छेउको मानव वस्तीको नजिकबाट रेल सञ्चालनले पनि भारतीय सर्वसाधारण जनता आफ्नो देशको विकासका लागि ठूलो कुरवानी गरेको सहजै बुझ्न र देख्ने मौका शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रका कारण मिल्यो।

# श्री गणेशायनम :

**मिति २०७६।०२।२३**



## ???????????????????

**अनिरुद्ध प्रसाद चौधरी**

हाम्रो देश नेपाल एउटा वहुजातीय, बहुसाँस्कृतिक, वहुभाषिक, वहुधार्मिक देश हो। पश्चिम नेपालको चुरे पहाडको काखमा अवस्थित भगवान गौतम् बुद्धको जन्म स्थान लुम्बिनी क्षेत्रमा रहेको शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र (वनवाटिका) ले थारु समुदायको लागि एक विगाहा जग्गा उपलब्ध गराएको छ। यस जिल्लामा थारु जाति समुदायको वाक्लो बसोवास रहेको छ। त्यसकारण हाम्रो संस्था थारु सांस्कृतिक संरक्षण तथा अनुसन्धान केन्द्र रुपन्देही थारु जातिको कला संस्कृतिका कारण पर्यटकीय दृष्टिकोणले पनि धेरै सम्भाब्यता बोकेको स्थान रहेको छ। यस वनवाटिकालाई थारु जातिको कला, सांस्कृति र परम्परागत चिनारीको विषयवस्तु कला सँग सम्वन्धित वस्तुहरुको खोजी गरी गर्ने र संग्रह गरी चिनारीको रुपमा राखी आन्तरिक पर्यटकहरुको आकर्षण गराउन यस संस्था संग्रहालयको उद्देश्य रहेको छ। जसले गर्दा आय आर्जनमा समेत प्रगति भई यो संस्था सबल हुन जाने छ भने अर्को तर्फ थारु जातिको कला, संस्कृतिको जगेर्ना र संरक्षण सम्वर्धन हुनेछ। साथै थारु जातिले निर्माण गरेका कलात्मक वस्तुहरु बेचविखन गर्ने एक आय तथा सिपमूलक तालिम प्रदान गर्नु समेत यो संस्थाको पवित्र उद्देश्य रहेको छ।

थारु साँस्कृतिक संरक्षण तथा अनुसन्धान केन्द्र थारु जातिको सँस्कृति पहिचान एवं संरक्षण गर्ने उद्देश्यका साथ स्थापना गरिएको हो। थारु जाति समुदायका अमूल्य विधिका रुपमा रहेको सांस्कृतिक सम्पदालाई संरक्षण नगर्दा लोप हुने र थारु समुदायको पहिचानमा समेत संकट पुग्ने सम्भावना भएको संरक्षण तथा सम्प्रदायवर्धन गर्नु नितान्त आवश्यक भएकोले यस केन्द्र को स्थापना गरिएको हो। थारु सांस्कृतिक संरक्षण तथा अनुसन्धान केन्द्रको उद्देश्य :-

१. थारु संग्रहालय निर्माण गर्ने,
२. थारु इतिहास, भाषा, कला संस्कृतिको संरक्षण तथा सम्वर्धन गर्ने,
३. थारु हस्तकलालाई व्यवसायिक रुपमा प्रवर्धन गर्ने,
४. पर्यटन विकास गर्ने,
५. थारु जनचेतना मूलक कार्यक्रम गर्ने,
६. वनवाटिका वरिपरि चराचुरुङ्गीहरुको संरक्षण गर्ने र जडीवुटी रोज्ने,
७. थारु सीप विकासमूलक कार्यक्रम गर्ने,
८. थारु जीवन शैली झल्काउने गरी फोटो मुर्ति आदि राख्ने,
९. यस संस्थाको सौन्दर्यताबाट शान्तिको अनुभूति गराउने र तनाव मुक्त गराउने,

१०. थारु खानपिन परीकारलाई व्यवसायिक रुपमा अघि बढाउने।

११. थारु बैठक, गोष्ठी, फिल्म, टेलि सिरियल प्रदर्शन तथा महोत्सव कार्य क्रम संचालन गर्ने,

१२. राष्ट्रिय तथा अन्तराष्ट्रिय, सरकारी तथा गैर सरकारी संघ संस्थासँग समन्वय गरी संस्था उत्थानको निम्ति कार्यक्रम संचालन गर्ने,

१३. थारु कला प्रतिभालाई प्रोत्साहन गर्न विभिन्न प्रतियोगिता गराउने,

१४. संग्रहालय निर्माण गर्न सम्वन्धित निकाय जस्तैः- गा.पा.न.पा, जि.स.स नेपाल सरकार तथा नेपाल सरकारको कार्यक्रम गर्ने विकाय एजेन्सी वा अन्य गैर सरकारी क्षेत्र सँग सम्बन्धीत सवै निकाय सँग भवन निर्माण कार्य सम्पन्न गर्न आर्थिक सहयोगको निम्ति पहल गर्ने।

थारु सांस्कृतिक संरक्षण तथा अनुसन्धान केन्द्रको वारेमा केही कुरा राख्न चाहन्छु। थारु (जाति) समुदायको साँस्कृतिक महिचान सामाजिक जीवन थारु सीपमा आधारित हस्तकलाका सामाग्री, थारु भेष भुषा पहिचानको साथै थारु जीवन शैली झल्कने वस्तुहरु संकलन गरी संग्रहालयमा प्रदर्शनीको लागि राख्ने योजना रहेको छ। यस शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रको साथ साथै हाम्रो संस्थालाई तिलोत्तमा नगरीमा रुपन्देही जिल्लामा, नेपाल राष्ट्रमा नभई अन्तराष्ट्रिय जगतमा चिनाउने हाम्रो सोच रहेको छ। अन्त्यमा शंकरनगर वनविहार तथा अनुसन्धान केन्द वनवाटिका रुपन्देहीलाई धैरै भन्दा धैरै धन्यवाद दिन चाहन्छु।

अध्यक्ष, थारु सांस्कृतिक संरक्षण तथा अनुसन्धान केन्द्र,
रुपन्देही, सम्पर्क नं. ९८४७५४३५५९

# शंकरनगर वनविहार अनुसन्धान केन्द्र विगत, वर्तमान र भविष्य

**बाबुराम अर्याल**
अध्यक्ष

रुपन्देही सम्भावना बोकेको जिल्ला हो। यो जिल्लाको तिब्र विकास हुन्छ भन्ने मलाई पहिलैदेखि त्यस्तो लाग्थ्यो। पर्यटनमा पनि यो जिल्लाको राम्रो सम्भावना मैले देखेको थिए। बुद्धजन्मस्थल लुम्बिनीमा आउने पर्यटकहरुको बसाई बढाउन र आन्तरिक पर्यटन प्रवर्द्धनका लागि पर्यटकीय स्थल,पार्क, पोखरी आदी बनाउनु पर्छ भन्ने लागेको थियो। बुटवलको नजिकै जनघनत्व बढिरहेको शंकरनगरमा पनि त्यस्तो पर्यटकीय क्षेत्र बनाउन सकिन्छ भन्ने मलाई लागि रहन्थ्यो । शंकरनगरमा अन्यत्र जग्गा अभाव भएकाले सामुदायिक वनमा जहाँ अलि कम बोट बिरुवा भएको क्षेत्र जसलाई मनमोहक बनाउन सकिन्छ भन्ने लाग्थ्यो। यसैक्रममा २०६० सालमा म काठमाण्डौ गएको समयमा तत्कालीन शाही नेपाल वायु सेवा निगमका पाइटल विजय गिरी र जापानीज नागरिक डा. योगी जो ईसिमोड भन्ने अन्तर्राष्ट्रिय सस्थामा कार्यरत हुनुहुन्थ्यो उहाँहरुसँग मैले काठमाडौंमा कुरा गरे। उहाँहरुले ठाउँको बारेमा सुनेपछि स्थलगत अध्ययन गर्ने इच्छा व्यक्त गर्नुभयो । उहाँहरुलाई लिएर म शंकरनगर आएँ। ठाऊँ देखाए। उहाँहरुले सामुदायिक वनलाई नै नयाँ मोडलको पर्यटकीय क्षेत्र बनाउन सकिने बताउनु भयो । तत्कालीन सामुदायिक वनका अध्यक्ष तथा पदाधिकारीहरु कुरा गर्दा उहाँहरुले वनलाई पर्यटकीय क्षेत्रमा विकास गर्न सकिनेमा विश्वास गर्न सक्नु भएन। त्यति बेला प्रेम बहादुर भण्डारी अध्यक्ष, कृष्ण घिमिरे उपाध्यक्ष हुनुहुन्थ्यो। गिरी र योगीले एक मिलियन डलरसम्म यहाँको पर्यटन विकासमा सहयोग ल्याउन सक्छौं भन्नु भएको थियो । सामुदायिक वनलाई नै कन्भिन्स गर्न नसकेपछि त्यो सम्भव भएन। तैपनि उहाँहरुले वनको संरक्षणका लागि ५ जना वन हेरालुका लागि दुई महिनाको पारिश्रमिक लुम्विनी एयर लायन्स मार्फत उपलब्ध गराउनु भयो। मलाई शंकरनगरमा पर्यटकीय क्षेत्र बनाउनु पर्छ भन्ने लागि रह्यो। २०३० सालमा जेलबाट छुटेर २०३२ सालमा उपचारका लागि अलइण्डिया मेडिकल इष्टिच्युटमा गएको बेला त्यहाँको नेहरु पार्कमा गएपछि मैले भविष्यको रुपन्देही र शंकरनगरको कल्पना गरे। जनसंख्या बढ्दै गएपछि र विकास भएपछि मानिसलाई रमाउने घुम्ने ठाउँ त जहाँ पनि चाँहिदो रहेछ। हाम्रो ठाउँमा पनि मानिसको बस्ती ठूलो होला, धेरै विकास होला त्यो बेला यस्तै पार्क भए स्थानीयलाई समय समयमा घुम्न हुने र बाहिरबाट पनि त्यस्तो ठाउँ हेर्न घुम्न आउथें होला।

....... सालमा सामुदायिक वनको अधिवेशन भयो । उमानाथ कडेलको नेतृत्वमा नयाँ कार्यसमिति आयो । मैले उहाँसँग पुन प्रस्ताव राखें। उहाँले स्थानीय राजनीतिक दल सहितको सर्बदलस्य। सर्वपक्षीय बैठक

बोलाउनु भयो। यसको विकासका लागि वन नबिग्रने गरी पर्यटकीय क्षेत्र बनाउन सकिने निर्णय भयो। सामुदायिक वन उपभोक्ता समूहले मेरै संयोजकत्वमा समिति बनायो। तत्काल सामुदायिक वनले नै २ वटा सेड बनाई दियो। यत्तिकै अघि बढन भएन। गुरु योजना चाहियो। इञ्जिनियर खेटराज दाहालले यसको गुरुयोजना बनाईदिनु भयो। गुरुयोजना बनाउन तत्कालीन शंकरनगर गा.बि.स.ले ३० हजार रुपैया र सामुदायिक वनबाट ३० हजार रुपैया सहयोग प्राप्त भएको थियो। मिनि चिडियाखाना, हरीयाली क्षेत्र, पार्क लगायतलाई समेटिएको १० वर्षे गुरुयोजना सामुदायिक वनकै वार्षिक साधारण सभाबाट पारित भयो। गुरुयोजना पारित भएपछि यसको व्यवस्थित विकास गर्न सुरु गर्‍यौँ। २०६४ सालमा तत्कालीन सभामुख सुभाषचन्द्र नेम्वागंबाट यसको औपचारिक शुभारम्भ भयो। त्यतिबेला जिल्ला वन कार्यालयबाट जिल्ला वन अधिकृत यम बहादुर थापाले एउटा निलगाई,नवलपरासीका जिल्ला वन अधिकृतले अजिंगर दिनुभयो।सामुदायिक वनले पनि एउटा मृग किनिदियो। खिम प्रसाद पाण्डेले खरगोस ल्याउनु भयो। एक जना हेरालु राख्यौँ। शंकरनगर वनवाटिकाले सामान्य आकार लिएपछि ३ रुपैया प्रवेश शुल्क राख्यौँ। वनवाटिकाकै तर्फबाट सर्वदलीय। सर्वपक्षीय बैठक गर्‍यौ। सबै मिलेर विकास गर्ने कुरा भयो। दल र समुदायले एक एक वटा क्षेत्रमा बिकासको जिम्मेवारी लिए। तत्कालीन नेकपा एमालले पुष्पलाल पार्क, नेकपा माहोवादीले सहिद (वाईसिएल) पार्क, नेपाली काग्रेसले बीपी वाटिका, मगर समुदायले लखन थापा, गुरुङ्ग समुदायले सुकदेव पार्क बनाउने जिम्मेवारी लिए। शंकरनगर गाविसले यसको विकासका लागि प्रत्येक वर्ष बजेट छुट्यायो। तारा बहादुर कार्की स्थानीय विकास अधिकारी हुँदा जिल्ला विकास समितिबाट ३० लाख रुपैया प्राप्त भएको थियो। त्यो रकमले चिडियाखाना व्यवस्थित गर्‍यौँ।अहिले विभिन्न लायन्स, रोटरी क्लवले पनि सहयोग गर्नु भएको छ। रोटरी क्लव अफ बुटवलको सहयोगमा वाल रेल नै चलाएका छौँ।

शंकरनगर सहितका विभिन्न गाविस मिलेर तिलोत्तमा नगरपालिका बनेपछि नगरपालिकाले यसको विकासका लागि विशेष सहयोग गरीरहेको छ। नगरपालिकाको सहयोगमा बहुउपयोगी शंकरनगर भ्यूटावर बनिरहेको छ।

प्रवेश शुल्क ३ रुपैयाबाट सुरु भएकोमा अहिले ५० पुगेको छ। पिकनिकका लागि सुरुमा एक सय रुपैया थियो अहिले न्यूनतम एक हजार २ सयदेखि ६ हजार रुपैयासम्म पुगेको छ। सुरुमा दैनिक २। ३ सयले हेर्ने वाटिका अहिले सरदर एक हजारले हेर्छन्। ३० जना कर्मचारी छन्। यो प्रदेशका मात्र होइन गण्डकी प्रदेश, ३ नम्वर प्रदेशबाट समेत पिकनिकका लागि आउँछन्। शैक्षिक, सामुदायिक वन, आमा समूह लगायतका भ्रमणमा देशैभसरबाट आउँछन्।

यसले आन्तरिक पर्यटकको ध्यान तान्न लागेको छ। यहाँ चितवनमा जस्तै सेमिनेचुर जू बनाउन सकिन्छ।त्यो सोच हामीले बनाएका छौँ। त्यसका लागि शंकरनगर र करहिया सामुदायिक वनलाई बाउण्डी गरी थप वन्यजन्तु पाल्नु पर्दछ। नौका विहार, स्वीमगं पुल बनाउने योजना छ। मामोहक पर्यटकीय स्थल बनायौँ भने उत्तर भारतको आनन्दनगर, कुशीनगर, गोरखपुर लगायतका ठाउँबाट समेत यहाँ आएर उसै दिन घर फर्कन सक्छन्। राम्रो पूर्वाधार तयार गर्न सके मासिक २ करोड आम्दानी गर्न सकिन्छ। डेढ दुई सयले प्रत्यक्ष रोजगारी पाउन सक्छन्।

# शंकरनगर सामुदायिक वनमा जडिबुटीको पहिचान र सम्भावना

उमानाथ कडेल

शंकरनगर सामुदायिक वन २०४६/११/२९ मा श्री ५ विरेन्द्र विर विक्रम शाह बाट हुकुम प्रमाङ्गी भई पञ्चायती वन र पञ्चायत संरक्षित वनको रुपमा तत्कालीन शंकरनगरका प्रधान पञ्च केशवराज न्यौपानेलाई हस्तान्तरण गरेको र २०५२ साल फाल्गुन २० गते मात्र जिल्ला वन कार्यालय रुपन्दिेहीमा सामुदायिक वनको रुपमा १ नंवरमा दर्ता भएको हो । यसरी दर्ता भएपछि यस वनको प्रथम अध्यक्ष भवानी शंकर देवकोटा एक कार्यकाल अध्यक्ष हुनुभयो त्यसपछि २०६१ साल कार्तिक सम्म क्या. प्रेम बहादुर भण्डारी अध्यक्ष हुनु भयो ।

२०६१ साल कार्तिक महिनामा भएको अधिवेशनबाट सर्वसम्मतिमा अध्यक्ष उमानाथ कंडेल, उपाध्यक्ष दिल बहादुर कार्की, सचिवमा कृष्ण प्रसाद गौतम, कोषाध्यक्ष तिलक बुढाथोकी तथा सदस्यहरुमा सुरेन्द्र कुमार वर्मा, पदम प्रकाश राना, कृष्ण बहादुर कुंवर, चन्द्र बहादुर शाही, राम प्रसाद ज्ञवाली, हेम बहादुर थापा, विष्णु प्र. पाण्डे, हरि तिवारी, गोविन्द प्र. शर्मा, तारापति ज्ञवाली, मनोरमा शेरचन, शान्ति भुसाल, दल बहादुर अग्रेजा रहेको १७ सदस्यीय कार्य समिति र सल्लाहकारमा क्या. प्रेम ब. भण्डारी, वासुदेव घिमिरे, क्या. यम ब. खत्री, प्रेम खरेल, राजु राना, राम गिरी, वुलाराम पाण्डे, दधिराम गौतम, गोपालमणि गौतम, बलराम खरेल, गाविस बाट लक्ष्मण अर्याल रहेको ११ सदस्यीय सल्लाहाकार समिति गठन भयो ।

२०६२ सालमा निवर्तमान गा.वि.स. उपाध्यक्ष बाबुराम अर्याल एवं क्या. यम बहादुर खत्री गा.वि.स.को तर्फबाट यस वनको एउटा गुरुयोजना बनाउने प्रस्ताव ल्याउनु भयो । गुरुयोजनाको खर्च वन र गाविसले वरावर व्यहोर्ने गरि ई. खेटराज दाहाललाई बनाउन दिईयो । त्यसलाई शंकरनगरका राजनैतिक दल, सामुदायिक वनका पदाधिकारी एवं बुद्धिजीवीको बिचमा छलफल गरी लागु गर्ने निर्णय गरियो । यस १० वर्षे गुरुयोजनामा वनविहार तथा अनुसन्धान केन्द्र वन वाटिका, पिकनिक स्पट, पुष्पलाल पार्क, विपि वाटिका, शहिद स्मृति पार्क, चिडियाखाना, मोडेल हाउस, वाल उधान, विपश्यना ध्यान केन्द्र , खेलकुद मैदान, जैविक विविधताको संरक्षण गर्ने गरि २०६२ मै सामुदायिक वनबाट बाबुराम अर्यालको संयोजकत्वमा एउटा उपसमिति बनाईयो जसमा डिजाईनर ई. कृष्ण ब. रास्कोटी उपाध्यक्ष एवं सचिवमा स्व. लेखनाथ ज्ञवाली सहितको समिति वन्यो । प्रथम चरणमा बालउधान सम्पन्नगरी मिति २०६४/९/१२ गते मा तत्कालीन सभामुख सुभाषचन्द्र नेम्बाङ्गबाट यस वनविहार तथा अनुसन्धान केन्द्रको समुद्घाटन गरियो ।

यस वनविहार तथा अनुसन्धान केन्द्रलाई सामुदायिक

वनको श्रोतबाट मात्र समुचित विकास गर्न नसकिने भएकोले एक स्वतन्त्र संस्थाको आवश्यकता महशुस गरियो र २०६२/६/१३ मा जि.प्र.का. रुपन्देहीमा १३८९ नं भएको संस्था विधिवत दर्ता गरि तत्कालीन उपसमितिका संयोजक बाबुराम अर्याल अध्यक्ष, उपाध्यक्षमा कृष्ण बहादुर थापा, सचिवमा लेखनाथ ज्ञवाली, कोषध्यक्षमा गुरु प्रसाद देवकोटा, सदस्यहरुमा भगवती घिमिरे, खिमलाल पाण्डे, तिल बहादुर थापा, गोपालपणि गौतम, शुलोचना नेपाल र सल्लाहाकारमा वनका अध्यक्ष उमानाथ कंडेल, गा.वि.स. सचिव लक्ष्मण अर्याल रहनु भयो।

यस संस्थाको पहिलो साधारण सभा २०६८ सालमा वन तथा भू संरक्षण मन्त्री मा. दिपक वोहराको प्रमुख प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

**यस वन विहार अनुसन्धान केन्द्रले निम्न कार्यहरु गर्ने उद्वेश्य राखेको थियो ।**

१. तिलोत्तमा नगरपालिका १/४ प्रतिदिन घना शहरीकरण भैरहेको र यसको भविष्यलाई दृष्टिगत गरि शंकरनगर सामुदायिक वन भित्र हरियाली पूर्ण, स्वच्छ सुन्दर सुविधायुक्त पार्कहरुको निर्माण गरि वाहृय तथा आन्तरिक पर्यटनको आकर्षक केन्द्र बनाई बाल, वृद्ध,युवा सबैका लागि मनोरञ्जनात्मक खुला विश्राम स्थलको विकाश गर्ने,

२. पिकनिक स्पट, वाल उद्यान, जडिबुटी खेती, बोटानिकल गार्डेन एवं विभिन्न जात र प्रजातिका बोट बिरुवाको प्रवर्धन, अनुसन्धान खरिद बिक्री व्यवसाय समेत गर्ने गरि नर्सरी स्थापना ।

३. पर्यटकका आकर्षणको लागि मोडलहरु, भ्यूटावर, हररहाउस, एक्यूरियम, लुम्बिनी र देवदह जोड्ने, विपश्यना ध्यान केन्द्र , ऐतिहासिक कुवा संरक्षण वन पर्यावरण र पर्यटन सम्बन्धि प्रचुर सामाग्री युक्त आधुनिक पुस्तकालय (सूचना केन्द्र) को स्थापना गर्ने।

४. वितरा परि संरक्षणको आवश्यता भएका वन्यजन्तुहरुको संरक्षण गर्दै क्षेत्रीय चिडियाखानाको रुपमा विकाश गर्ने रहेका छन्।

**हाम्रो कार्यकालमा यस वनमा निम्न कार्यहरु भए ।**

१. हालको वन वाटिका गेट देखि ऐतिहासिक कुवामा जाने फारलाईन निर्माण।

२. २०६२ सालमा निर्मित १० वर्षे गुरुयोजना लागू गर्न बाबुराम अर्यालको संयोजकत्वमा वनविहार तथा अनुसन्धान केन्द्र उपसमिति गठन।

३. सामुदायिक वनको नर्सरी स्थापना।

४. वन संरक्षणको लागि वन वरिपरिका करिव ४०० महिलाहरुलाई संगठित ४ वटा वन संरक्षण महिला उपसमिति गठन गरि वार्षिक १० हजारका दरले अनुदान दिने सुरुवात।

५. राजमार्ग मा चोरीनिकासी चरिचरन एवं फोहर नियन्त्रण गर्न तारवार लगाएको।

६. सामुदायिक वनको भवन चुहिएकोले पिलर राखी दोश्रो तला थप्ने कार्य भएको।

७. दुर्गादत्त मा.वि., जन ज्योति मा.वि., जन जागृति मा.वि. लाई देविस्थान संस्कृत मा.वि.एवं प्रा.वि.हरुलाई आर्थिक सहयोग।

८. विधान परिमार्जन गरि ३ वर्षे देखि वढाएर ५ वर्षे कार्यकाल बनाएको।

९. जडीबुटी कुरीलो, सर्पगन्धा, अश्वगन्धा, सेतो मुसलीको खेति गरेको।

१०. जडीबुटी चिया उत्पादन गरि प्रयोग एवं विक्री वितरण गरेको।

११. उपस्वाथ्य चौकी शंकरनगरलाई १० हजार वरावरको औषधी उपलब्ध गराउन सुरु गरेको।

१२. एस.एल.सी. मा उत्कृष्ठ नं ल्याउने प्रत्येक सामुदायिक मा.वि. का छात्र एवं छात्रालाई २ हजारका दरले छात्रवृतिको सुरुवात।

१३. १००१ वर पिपल तथा स्वामी लगाउने अभियान संचालन गरेको।

१४. ऐतिहासिक कुवाको संरक्षण एवं जिर्णोद्धार गरेको।

१५. शंकरनगरका ९ वटै वार्डलाई बाटो कालो पत्रेको लागि ५० हजारका दरले अनुदान दिएको ।

१६. यसै कार्यकालमा शंकरनगर महोत्सव पनि सम्पन्न गरियो।

१७. मौरी पालन कार्य भएको।

१८. करहिया सामुदायिक वनसँगको सिमा विवादलाई वार्ताद्धारा समाधान गरेको।

१९. ४ वटा उपसमिति गठन गरि गैरकाष्ठ खेतीमा साभ्रेदारी बाँस रोपण गरेको।

२०. यस वनको काठको सहयोगमा शंकरनगर चोकमा र वन वाटिका गेटमा आकर्षक शान्तिगेट निर्माण मिलिजुली क्लवबाट बनेका थिए।

यसैगरि विभिन्न संघ संस्था क्लवहरुलाई खेलकुद गर्नको लागि आर्थिक सहयोग गर्ने कार्य भए । यसको साथै यस वनमा निम्न जडीबुटीहरु भएको पहिचान गरियो।

| | | |
|---|---|---|
| १. असुरो | २. दालचिनी | ३. दतिवन |
| ४. निम | ५. राजवृक्ष | ६. वकायनो |
| ७. जामुन | ८. क्यामुनो | ९. पुनरनवा |
| १०. गुर्जो | ११. पिप्ला | १२. सर्पगन्धा |
| १३. टोप्रो | १४. लज्जावति | १५. चकमके |
| १६. खयर | १७. कुरिलो | १८. सजिवन |
| १९. अमला | २०. वर्रो | २१. सिकाकाई |
| २२. सत्यनासी | २३. छतिवन | २४. टटेरो |
| २५. पिपल | २६. वर | २७. चितो |
| २८. मरटी | २९. आँप | ३०. कुश |
| ३१. कांश | ३२. दुवो | ३३. विही |
| ३४. वेल | ३५. अडेर | ३६. मालाश्री |
| ३७. कन्टकारी | ३८. कोईरालो | ३९. चरि अमिलो |
| ४०. वाँस | ४१. सुनाखरी | ४२. भलायो |
| ४३. कालो मुसली | ४४. सिमल | ४५. बोके जामुन |

- (कडिपत्ति) को साथै गुर्जोको उपयोग वारे जानकारी गराईन्छ।

गुर्जो (अमृता)

वैज्ञानिक नाम : Tinospora Cordifolia (Willd)

अंग्रेजी नाम : Tinospora

संस्कृत : गुडुची, अमृतवल्ली, कुण्डलीनी

हिन्दी : गिलोय, गुडुची

प्रचलित नाम : चिनीलहरा , खसीमाटे

गुर्जो कहिल्यै नसुक्ने लामो लहरा बाक्लो झाडी भएको लहरा हो। यो समुन्द्र तट देखि १००० फुटको उचाई सम्म पाईन्छ। देख्दा यो रस्सी जस्तै लामो हुन्छ। यसको लहरा कोमल हागावाट हागामा जरा निस्की जमिनतर्फ जान्छ। यसको लहरा धेरै प्रकारका रुखहरुमा झाङ्गिएको हुन्छ। रुखको गुण धर्म अनुसार यसको औषधीय प्रभाव पनि पर्ने हुदा निमको रुखको गुर्जो बढी राम्रो मानिन्छ।

यसमा १/२ प्रतिशत स्टार्च बाहेक अनेक तिता जैविक सकृय संघटक तथा धेरै प्रकारका वसा तथा अम्लहरु पाईन्छन्। आयुर्वेद अनुसार मानिस त्रिदोष वात, पित्त, कफ को सन्तुलन बिग्रेपछि विरामी पर्छ। यो अत्यन्त चमत्कारिक औषधीय लहरा हो। यसले त्रिदोष जन्य सम्पूर्ण रोगहरुमा प्रधावकारी काम गर्छ। यसले वातजन्य, कफजन्य र पित्तजन्य सम्पूर्ण रोगमा उपयोगी छ। यसको प्रयोगले घाउ, खटीरा, छालाका एलर्जिजन्य रोग, पांडु रोग, एसीडिटी, मधुमेह, ज्वरो, रगत शुद्ध गर्ने, युरिक एसीड, काँसो रोगमा र टि.वी. तथा क्यान्सर का जीवाणुको वृद्धि रोकेर ठिक गर्न मद्धत गर्छ। यसले शरीरमा इन्सुलिनको उत्पत्ति तथा रगतमा यसको घुलनसिलतालाई बढाउँछ। यसको प्रयोग रोग अनुसार स्वरस, क्वाथ, काडा, हिम तथा चूर्ण वटीको रुपमा गरिन्छ। यसरी प्रयोग गर्दा एक्लै वा अन्य जडीबुटीसँग मिसाएर गरिन्छ।

# गार्डेनलाई बीपीमय बनाउने सोच छ

**यम बहादुर खत्री**

अहिलेको शंकरनगर सामुदायिक वनमाथि धेरैको बक्र दृष्टि विगतमा परेको थियो । काठ तस्करदेखि भूमाफियासम्मले यसलाई कब्जामा लिने प्रयास गरेका थिए।

२०३३ सालमा तराई सामुदायिक वनले शिशौ, केसेज सेमिया र सिमलका रुख यहाँ लगाएको थियो । यसलाई पञ्चायती वन र पञ्चायती संरक्षण वन भनि दुई भागमा छुट्याईएको थियो। पञ्चायती र संरक्षण वन हस्तान्तरण हुँदा पनि म यही थिए। वन हस्तान्तरण गरी लिदा प्रधानपञ्च अध्यक्ष, उपप्रधान उपाध्यक्ष र वडा अध्यक्ष ,म लगायतका केही व्यक्ति सदस्य थियौं। जुन स्थानीयको भेलाबाट चयन भएको थियो। सामुदायिक वन राम्रो हुँदै गयो। पछि बाबुराम अर्यालले वनवाटिकाको अवधारणा ल्याउनु भयो। धेरै राम्रो लाग्यो। सबैले सहमति जनाउँदै एउटा समिति गठन गर्यौं। वनवाटिकाले पनि गति लियो। आन्तरिक पर्यटकीय स्थलको रुपमा अघि बढ्न लाग्यो। शंकरनगर पहिलादेखि नै राजनीतिक सहमतिमा चल्ने ठाउँ हो निर्वाचनमा दल विशेष व्यक्ति विभाजित भएपनि विकासमा सामूहिकताको भावना छ। वनवाटिकामा पनि त्यही छ। वनवाटिकालाई अघि बढाउने क्रममा तत्कालीन प्रमुख राजनीतिक दलबाट पनि स्थान प्राप्त भएमा छुट्टाछुट्टै पार्क बनाउने कुरा आयो। त्यसमा छलफल भयो। नेपाली काग्रेस, तत्कालिन नेकपा (एमाले) र तत्कालिन नेकपा (माओवादी)लाई क्षेत्र छुट्याइयो। काग्रेसले बीपी वाटिका, नेकपा (एमाले)ले पुष्पलाल पार्क र नेकपा (माओवादी) ले शहिद स्मृति पार्क बनाउने निर्णय भयो। म नेपाली काग्रेसको कार्यकर्ता पनि थिएँ। बीपी वाटिका बनाउने सम्वन्धमा पार्टीको भेला गर्दा सबैले मलाई नै त्यसको अध्यक्ष बन्नुपर्छ भन्नुभयो र म अध्यक्ष भएँ। अखिल शर्मा तिवारी सचिव, कोषाध्यक्ष ढाल बहादुर कार्की, निर्माणको सचिवमा राज कुमार पौडेल सदस्यमा खिम बहादुर शाही, जय बहादुर भण्डारी सल्लाहकार हरी प्रसाद तिवारी, गुरु प्रसाद देवकोटा हुनुभयो।

बीपी वाटिका बनाउन ४ विगाहा जग्गा प्राप्त भएको छ। अहिले सबैलाई वाटिकाको रुप दिन सकेका छैनौं। अहिले ७ वटा प्लट बनाएर प्रयोग गरेका छौं।

बीपी वाटिकाको क्षेत्र तारवार गरेका छौं। छुट्टै गेट बनाएका छौ। बीपी स्तम्भ बनाएका छौं। २०६४ को सबिधान सभामा निर्वा्चित भएपछि नेपाली काग्रेसका केन्द्रीय सदस्य बालकृष्ण खाँणले संसदीय विकास कोषबाट उपलब्ध गराउनु भएको २ लाख रुपैयाबाट तारवार गर्यौ। हरि तिवारी, अग्नि र मोति भण्डारीले गेट बनाई दिनुभयो। टेक बहादुर थापाको परिवार समेतबाट बीपी स्तम्भ निर्माणका लागि सहयोग भएको

छ। आमाको सम्झनामा खुम भण्डारीले पानीको बोरिगं, मोति भण्डारीले शौचालयले बनाईदिनु भएको छ। निर्वाचन क्षेत्र बिकास कार्यक्रमबाट ४ लाख, जिल्ला विकासबाट पनि केही सहयोग, आमाको सम्झनामा खुम भण्डारीले पानीको बोरिगं र मोतिले शौचालयले बनाईदिनु भएको छ।

प्लट बनाएर गार्डेन बनाएका छौं त्यसले राम्रो देखिएको छ। एउटा प्लटमा तिलोत्तमा बहुमुखी सहकारीले लिएको छ। फलफूलका बिरुवा रोप्ने गरेको छ।अन्य सस्थाले पनि माग गरेका छन अब तिनीहरुलाई पनि दिनुपर्छ भन्ने लागेको छ। बीपी वाटिकाको गार्डेन रेखदेखका लागि वनवाटिकाले नै एक जना महिला कर्मचारी उपलब्ध गराएको छ।

बीपी वाटिका जिल्ला प्रशासन कार्यालयमा सस्था दर्ता गरेका छौ। सामान्य नक्सा बनेको छ अब बिस्तृत गुरुयोजना बनाउनु पर्ने छ।

४ बिगाहा जग्गामध्ये पश्चिम तर्फ जलासय बनाएर बोटिगं गराउने, बिचमा गार्डेन बनाउने, ठाउँ ठाउँमा बीपीका सन्देश राख्ने, उनका पुस्तक, भिडियो वा अन्य सामाग्री राख्ने र बीपीमय बनाउने सोच छ। अहिले प्रेम नारायण खरेल जी अध्यक्ष हुनुहुन्छ। स्वास्थ्यका कारणले समय दिन सक्नु भएको छैन। उहाँले पनि यसलाई कसरी अघि बढाउने भन्नेमा चिन्ता गरिरहनु भएको छ।

यस बीपी वाटिका बनाउन र अहिलेको अवस्थामा ल्याउन हरी प्रसाद तिवारी,सुबेदार गोपाल थापा, कशोर सुबेदी, जीत बहादुर खत्री, राम बहादुर थापा, राममाया पौडेल, पार्बती थापा, भगवती बस्याल, सिता अर्याल, क्षेत्रीय सचिव माधवलाल देवकोटा, जिल्ला सदस्य कृष्ण बहादुर गौतम, तिलोत्तमा १।४ का सभापतिहरु, रुपन्देहीका जिल्ला सचिव रामकृष्ण खाँण सहित काग्रेसका तिलोत्तमा १।४ का सबै क्रियाशील सदस्यहरुको उल्लेख्य सहयोग रहेको यस अवसरमा सबैलाई धन्यवाद सहित सम्मान गर्न चाहान्छु।

# असल कामप्रति म सधै साथमा रहने छु

**टंक तिवारी**
वडाध्यक्ष
तिलोत्तमा नगरपालिका वडा नम्बर ३

मुलुकलाई आर्थिक सम्वृद्धि बनाउन सक्ने एक पर्यटकीय क्षेत्र हो । हाम्रो देशमा थुप्रै पर्यटकीय स्थल छन् । जुन पर्यटकीय स्थलहरुको विकासले समग्र देशको विकासमा टेवा पुग्न सक्ने तिनै तहका सरकारले ठहर गरेका पनि छन् । रुपन्देहीको तिलोत्तमा नगरपालिका शंकरनगरमा रहेको वनविहार तथा अनुसन्धान केन्द्र पर्यटकीय केन्द्रको रुपमा विकास हुंदै गएको छ । गौतमबुद्धको जन्मस्थल लुम्बिनी, गौतमबुद्धको मावली देवदह, बुटवलमा रहेको ऐतिहासिक जितगढी किल्ला र रामापिथेकशसँग जोडेर शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रको विकास गर्नुपर्छ। जसले गर्दा रुपन्देही र यस क्षेत्रको पर्यटकीय विकासले फड्को मार्न सक्ने छ। अहिले तिलोत्तमा नगरपालिकाको लगानीमा भ्युटावरको निर्माणकार्य भइ रहेको छ। भ्यूटावर निर्माण सम्पन्न भैसकेपछि थप आन्तपिरक र वाह्य पर्यटकको आर्कषण बढ्ने मैले विश्वास लिएको छु। हाम्रो तिलोत्तमा नगरपालिकामा रहेको वनवाटिका तथा अनुसन्धान केन्द्रलाई पर्यटकीय केन्द्रको रुपमा विकासका लागि खटिनु भएका अनुसन्धान केन्द्र सञ्चालक समिति, समाजसेवी, शुभचिन्तक, स्थानीय वासीप्रति स्थानीय जनप्रतिनिधिको नाताले वडा नम्बर ३ को वडाध्यक्षको तर्फबाट धन्यवबाद ज्ञापन गर्दछु। साथै नयाँवर्ष २०७६ को शुभारम्भ सँगै आफ्ना गतिविधिलाई समेटेर स्मारिका प्रकाशन गर्नु भएकोमा र वडानम्बर ३ लाई पनि स्थान दिनुभएकोमा शुभकामना व्यक्त गर्दछु। राम्रा र असल कामप्रति म सधै तपाईहरुको साथमा रहने छु। शुभकामना।

# हामी निरन्तर सहयोग गर्ने छौं

**लायन सुनिल कृष्ण श्रेष्ठ**
अध्यक्ष
लायन्स क्लब अप बुटवल

हामी सेवा गर्छौं मूल नारालाई अंगिकार गरी स्थापित लायन्स क्लब अफ बुटवल यस बर्ष "VISION FOR FUTURE" भन्ने मूख्य भावनालाई आत्मसाथ गर्दै विभिन्न कार्यक्रम अगाडि बढाएका छौं । सामाजिक कार्यमा ३७ वर्षदेखि निरन्तर रुपमा अग्रसर लायन्स क्लब अफ बुटवललाई शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र (वनवाटिका) व्यस्थापन समितिद्वारा ९ वर्ष अगाडि लायन्स म्याङ्गो गार्डेन निर्माण गर्न ४ विघा जग्गा उपलब्ध गराउनु भएको थियो । उक्त गार्डेनमा हामीले हरेक वर्ष आँपको विरुवा वृक्षरोपण गरि समय समयमा हेरचाह एवम् उपचार समेत गर्दै आएका छौं । उक्त म्याङ्गो गार्डेन क्षेत्रमा प्रवेश गेट सँगसँगै सेड पनि निर्माण गरेका छौं । लायन्स म्याङ्गो गार्डन निर्माणकालदेखि नै लायन्स क्लब अफ बुटवल र शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र (वनवाटिका) को संस्थागत सम्बन्ध निकै राम्रो रहेको छ र यस सम्बन्धलाई अटुट बनाउन आउने दिनहरुमा हामी निरन्तर सहयोग गर्ने यो स्मारिका मार्फत प्रतिद्वता गर्दछौं । यस वनवाटिकाले बुटवल, तिलोत्तमा लगायत वरपरको जनमानसमा राम्रो सेवा पुराउँदै आएको छ र यस क्षेत्रको विकासमा निरन्तर रहिरहोस् भन्ने शुभकामना लायन्स क्लब अफ बुटवलको तर्फबाट दिन चाहान्छौं । वनवाटिका अनुसन्धान केन्द्रले स्मारिका प्रकाशन गरेर आफ्ना गतिविधि सार्वजनिक गर्नुका साथै हाम्रो सामाजिक संस्थालाई पनि सम्झेकोमा आभार प्रकट गर्दछौं ।

शुभकामना । शुभकामना । शुभकामना ।

# जनप्रतिनिधिको तर्फबाट सधै सहयोग रहनेछ

**दिवाकर ढकाल**
वडाध्यक्ष
तिलोत्तमा नगरपालिका वडा नम्बर ४

शंकरनगर मात्र नभई समग्र तिलोत्तमा र रुपन्देहीकै गहनाको रुपमा रहेको शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रको विकास र विस्तारमा सबै ध्यान जान जरुरी छ। पछिल्ला वर्षहरुमा तिलोत्तमालाई चिनाउने काममा वन विहारको भूमिका महत्वपूर्ण बनेको छ।

पर्यटकीय क्षेत्रको रुपमा विकास हुँदै गएसँगै शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रमा आन्तरिक र बाह्य पर्यटक आउन थालेपछि यस क्षेत्रको गौरव पनि बढ्दै गएको देखिन्छ ।

आफूलाई स्थापित गराउंदै हाम्रो भुगोललाई पनि चिनाउने विषयमा अब्बलबन्दै गएको केन्द्रले नयाँवर्ष २०७६ को आगमनसँगै स्मारिका प्रकाश गर्न लागेको सूचनाले वडा नम्बर ४ हर्षित छ र आयोजकहरुलाई धन्यवाद ज्ञापन गर्दै जनप्रतिनिधिको हैसियतले शुभकामना व्यक्त गर्दछु।

देशले राजनीतिकक्रान्ति पूरा गरी आर्थिक क्रान्ति मार्फत सम्वृद्धि ल्याउने चरणमा रहेको छ। तिनै तहका निर्वाचन सम्पन्न पश्चात देशमा जनप्रतिनिधिहरुको शासन व्यवस्था शुभारम्भ भएको छ। शून्यबाट काम थाली सबै संरचना तयार गरी सम्वृद्ध नेपाल बनाउने अभियानमा सबै जुटेका छौं । नेपाललाई सम्वृद्धि बनाउनका लागि पर्यटन क्षेत्रले महत्वपूर्ण भूमिका खेलेको हुनछ। तिलोत्तमा रहेका पर्यटकीय समभावना क्षेत्रको पहिचान गरी विकास गर्न सकिए मात्र राष्ट्रिय अर्थतन्त्र बलियो हुनेछ। शंकरनगर सामुदायिक वन उपभोक्ता समूहले वन क्षेत्र भित्र केही हिस्सा ओगटेर स्थापना भई सञ्चालनमा रहेको शंकरनगर वन विहार तथा अनुसन्धान केनद्रले छोटो समयमै उल्लेखनीय काम गरी राष्ट्रिय स्तरमै तिलोत्तमाकै प्रतिष्ठालाई माथि उठाएको छ । केन्द्रका सञ्चालकहरुको अथन मेहनत र परिश्रमले निर्माण भएका भौतिक संरचना र प्राकृतिक सौन्द्रयताले गर्दा नै आन्तरिक तथा बाह्य पर्यटकको आर्कषण बढेको हो । यसले आफ्नो मात्र होइन स्थानीय समूदाय समेतको विकास गरेको छ।

शंकरनगर वन तथा अनुसन्धान केन्द्रले स्थानीय समूदाय, स्थानीय तहसँग सहकार्य गर्दै अझ तीव्र गतिमा अगाडि बढ्न सकोस्, यसमा हामी जनप्रतिनिधिहरुको साथ सहयोगमा कुनै कमी हुने छैन भन्ने यस स्मारिका मार्फत तिलोत्तमा वडानम्बर ४ को वडाध्यक्षको तर्फबाट प्रतिवद्वता व्यक्त गर्दै केन्द्रको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

# जिल्लाबासीकै प्रेरणाको श्रोत बनोस्

**दधिराम गौतम**
वडाध्यक्ष
तिलोत्तमा नगरपालिका वडा नम्बर २

शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रले स्मारिका प्रकाशन गर्न लागेकोमा खुशी लाग्यो । साविक शंकरनगर गाविस अन्तरगत रहेको शंकरनगर सामुदायिक वन क्षेत्र भित्र पर्यटन विकासको लागि संस्थापक अध्यक्ष बाबुराम अर्यालको अगुवाईमा २०६२ सालदेखि प्रारम्भ भएको वनविहार तथा अनुसन्धान केन्द्रले हालसम्म आई पुग्दा धेरै फड्को मारेको छ । यस क्षेत्रको आन्तरिक तथा बाह्य पर्यटकको गन्तब्य स्थल हुन पुगेको छ । वनवाटिकाले वन तथा वन्यजन्तु व्यवस्थापन अनुसन्धान कार्यलाई थप अगाडि बढाउन सकोस् । यसमा तिलोत्तमा नगरपालिका वडा नम्बर दुईको वडाध्यक्ष तथा जनप्रतिनिधिको हिसावले वडा कार्यालयको तर्फबाट साथ सहयोग रही रहने छ।

साथै तिलोत्तमा नगरपालिकाको गहनाको रुपमा रहेको वनवाटिका तथा अनुसन्धान केन्द्र आगामी दिनमा रुपन्देही जिल्लावासीकै प्रेरणाको श्रोत बन्न सकोस् शुभकामना ।

# ????????????????????

**रो.डा. नारायणप्रसाद पन्थ**
अध्यक्ष
रोटरी क्लब अफ बुटवल 2018/19

रोटरी क्ल अफ बुटवल रोटरी इन्टरनेशलन डिष्ट्रिक ३२९२ नेपाल भुटनाका ११७ क्लवमध्ये एउटा लिडिङ क्लव हो। यस क्लवले सामाजिक रुपान्तरणका निम्ति थुप्रै रचनात्मक काम गरेको कुरा यहाँको समाजले अनुभुति गरेको कुरा जगजाहेर छ। यहाँ रोटरी क्लब अफ बुटवलद्वारा स्थापना गरिएको रोटरी चाइल्याण्ड डिभलपमेन्ट सेन्टरलाई नमुना सेन्टर बनाउने अभियानमा जुटेका छौँ। यसै क्रममा वर्ष 2011/12 देखि शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रसँग झन्डै २ बिगाहा जमिनमा वाल विकास आयोजना निर्माण सहित विभिन्न परियोजना संचालन गर्ने गरि सम्झौता गरी रचनात्मक कार्यहरु गर्दै आएका छौँ।

यस वर्ष 2018/19 मा बाल विकासका निम्ति बाल रेल (Toy Train) संचालन भै सकेको छ। वर्ष 2019/20 का निम्ति बाल विकासका निम्ति इलाइब्रेरी (Elibrary) संचालनको लागि तयारी गरिदै छ। गत वर्ष मात्रै क्लबको २५ औं सिल्बर जुब्लीको अवसरमा बाल वालिकाका निम्ति बालबालिका मैत्री शौचालय निर्माण गरी हस्तान्तरण गरिएको छ। त्यसै गरी मेरि गो (Merego) खेलौना जडान गरिसकिएको छ। यस क्षेत्रको नमुना रोटरी सेड निर्माण गरी हस्तान्तरण गरिएकोछ। यस्तै खाने पानीको सुबिधाका निम्ति Tannk निर्माण, थुप्रै चिप्लेटीहरू, थुप्रै पिङहरू लगायतका संरचना निर्माण गरि हस्तान्तरण गरिएको छ। राज्यले गर्नु पर्ने काम एउटा क्लबले गर्न पाउँदा निकै खुशी लागेको छायस्ता थुप्रै रचनात्मक काम गर्दै आएका छौँ। हरेक वर्ष यस्तै गतिविधि सम्पन्न गरी नेपालको नमुना रोटरी चाइल्ड डिभलपमेन्ट सेन्टर निर्माण गर्ने हाम्रो अभियान रहेको कुरा सगौरव जानकारी गराउन पाउँदा निकै खुशी लागेको छ। यस सस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

# ????????????????????

**बलबहादुर गुरुङ**
अध्यक्ष
विश्व सुखशान्ति बौद्ध विहार समिति तिलोत्तमा १ रुपन्देही

शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले आफ्ना गतिविधिलाई समेटेर स्मारिका प्रकाशन गर्नु राम्रो पक्ष हो। स्मारिका तथा पुस्तक प्रकाशन गरेर आफनोबारे देश दुनियालाई जानकारी गराउनु भनेको परदर्शीता हो।

आफ्ना गतिविधिलाई पुस्तकमार्फत सबैलाई जानकारी गराउँदा छिमेकीको नाताले म र म अध्यक्ष भएको संस्था विश्व सुखशान्ति बौद्ध विहार सेवा समिति खुसी छ। एउटा छिमेकीले गरेका राम्रा कामप्रति अर्को छिमेकीले खुलेर प्रसंसा गर्नु नै पछि किनकी नेपालीमा एउटा उखान छ। मर्दाका मलामी जिउँदाका जन्ती यो उखानलाई छिमेकी संस्था विश्व सुखशान्ति बौद्ध विहार सेवा समितिले आत्मसाथ गर्दछ।

शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले विगतका वर्षहरुमा जस्तै निरन्तर आफ्नो प्रगतिलाई कायम गर्दै जिल्लामा मात्र नभएर राष्ट्रियस्तरमा नै नमुनाको रुपमा आफूलाई अगाडि बढाउन सफल हुनेछ भन्ने विश्वास लिएको छु। यस स्मारिकाबाट वन विहार तथा अनुसन्धान केन्द्रको उत्तरोत्तर प्रगतिका लागि भए गरेका सम्पूर्ण गतिविधिहरु पारदर्शी तरिकाले जानकारी गराएर आम नागरिकको मन जित्नु राम्रो र जनपक्षीय काम हो।

शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले यहाँका समूदायको अपनत्व ग्रहण गर्ने कार्यक्रम गर्दै जाओस भन्दै नववर्ष २०७८६ को शुभकानमसहित उत्तरउत्तर प्रगतिको हार्दिक शुभकामना छ।

# अवलोकन तथा भ्रमणको उद्देश्य

डा. के.आर. दाहाल

उसैपनि रामअवतार चौधरीका बुढाबुढी मत्रहर गाउँका हुने खाने मै गनिन्थे । त्यसमाथि छोराछोरीहरु विदेशमा स्थायी बसोबास गरी पर्याप्त धनराशी कमाउथे । रामअवतार हाइस्कूलका अवकास प्राप्त हेडमास्टर हुन् र धनवन्तरी पूर्वमन्त्रीकी छोरी हुन् । दुबैको सामाजिक तथा राजनीतिक विश्लेषण गर्ने क्षमता राम्रो थियो । त्यस्तै सामाजिक विकासमा चासो पनि थियो । उनीहरुको छोरो अमेरिका र छोरी-ज्वाई क्यानाडाका स्थायी बासिन्दा हुन् । ती सबैले बेलाबखतमा बाबुआमालाई मनग्गे पैसा पठाउँथे । तर घरमा भने बुढाबुढी बाहेक कोही थिएनन् । राम अवतारको उमेर करिब ७५ वर्ष भैसकेको थियो । बुढी धनवन्तरी भने भर्खरै ६० लागेकी थिइन् । बुढोको पहिलेकी श्रीमतीले छाडेर गइन् र रामअवतारले दोश्रो विवाह गर्नु परेको थियो । तर बुढाबुढी भने औधी मिलेका देखिन्थे । एकले अर्कालाई खुवै माया गर्थे । एकदिन बुढीले भनी, “हेर बुढा, हाम्रो गाउँ नजिकै त्यत्रो ठूलो वनवाटिकाको विकास भएको छ । रमाइलो गर्ने प्रसस्त ठाउँ छ, जाऊ न घुम्न ।”

“हो, साच्चै जाने हो त ? उसो भए भोलि विहानै तयार हुनु । भात-भान्छा पनि उतै गर्ने, सुनेको छु क्यान्टीन पनि छ रे ! महगो पनि छैन रे ! अन्त भन्दा सफा पनि छ रे ! त्यतै खाना खाने हुन्न ?”

“ हुन्छ बुढा । म,विहान सवेरै उठ्छु । तिमी पनि उठ । चिया पिएर जाने ।”

वनबाटिकाको टिकट घरमा सबेरै राम अवतारका बुढाबुढी आईपुगे । विधिपूर्वक टिकट लिए । अनि छिरे वनवाटिका भित्र । विस्तारै पाइला चाल्दै गए । पर एउटा प्रतिक्षालय देखे । दुवैजना त्यतै लम्किए । प्रतिक्षालयमा पुगेपछि बुढीले थाकेको स्वरमा भनी,“बुढा, मेरा गोडा गले । म त एकछिन थकाई मार्छु ।”

बुढाको गोडाको सिरानी बनाएर बुढी लमतन्न पल्टिई । रामअवतारले धनवन्तरीको केश पल्टाउन थाल्यो । तिलचामले कपालमा कतै लिखा टल्किए । बुढो छक्क पर्‍यो । पल्टाउदै गयो । एउटा ढाडी (जुम्रो) भेटियो । बुढाले जुम्रो टिपेर बुढीको हातमा थमायो । लिखा लुछेर निकाल्यो । बुढी सन्चो मानेर सुतिरही ।

“धत् फोहर्नी, जुम्रा पालेर पो बसेकी रही छे, सफा गर्नु पर्दैन ।”

“हेर बुढा, म एक महिना विरामी परेर उठेकी बिर्सियौ? निकै दिन नुहाउन सकिंन । त्यसैले हो नि त ।”

यस्तै वार्तालाप हुँदै थिए- बुढाबुढीका धाम चर्कदै

गयो। नजिकैबाट केटाकेटीहरुको एउटा हुल पिकनिक स्पट तर्फ दगुरा-दगुर गर्न लागे। एउटा करिब २५-२६ वर्षको केटो र २०-२१ वर्ष जतिकी केटी त्यतैबाट कटे। केटोले मधुर धुनमा गीत गायो, .."नक्कलीलाई भगाई लग्यो झिल्केले;झिल्केलाई ताल पऱ्यो; तिमी हामी सोझालाई व्यर्थैमा गाल पर्यो ...।" बुढोको कानमा मधुर ध्वनी गुन्जियो। बुढी पनि उठी। बुढोले भन्यो, "जाऊँ बुढी यहाँ मान्छेका हुल आए। पिकनिक आएकाहरु बस्ने यो प्रतिक्षालयमा अरु बढी बस्न हुन्न" बुढीले सहमति जनाई र पर एउटा झ्याम्म परेको रुखतिर ती दुई लम्किए। रुखको फेदमा बसेर दुवैले फेरि वार्तालाप गर्न थाले।

"हेर बुढी, यो वनबाटिकाको विकास भएको धेरै वर्ष भएको छैन। यहाँ धेरै थरिका पूर्वाधारहरु बनी सके, बन्दै पनि छन्। मानिसहरु यसको विकास गर्न खुबै लागिपरेका छन्। हेर, ती सेतै फुलेका पौडेल बाजे विरामी छन्। राम्ररी हिडडुल गर्न पनि गारो छ उनलाई तर विहानैदेखि वनवाटिका धाउँछन् विचरा ...।" बूढाले बेलीविस्तार लगाउन थाल्यो।

"हो, बुढा, मलाई थाहा छ। उनीसँगै काम गर्ने उनका अर्का दौतरी यसैमा काम गर्दागर्दै बिते। हामीले पनि यसको विकासको लागि केही त गर्नुपर्छ। अब अर्को पटक अमेरिकाबाट छोरा आएको बेलामा वनवाटिकामा सबैजना मिलेर घुम्न आउने र छोरालाई वनवाटिकाको विकासमा टेवा पुग्ने कुनै काम गर्न लगाउने है ?"

बुढीले झटपट फेरि थपी, "हेर बुढा यहाँ कतैपनि राम्रो रिसोर्ट छैन नि। हो, त्यै रिसोर्ट बनाउन लगाउनु पर्छ है?" "हेर बुढी , यो वन क्षेत्र हो। कतिपय विकास चाहेर पनि गर्न मिल्दैन। सरकारी नियम अति झन्झटिलो हुन्छ। पार पाउन गारो पर्छ। त्यसैले रिसोर्ट हैन, बरु एउटा पार्क वा ध्यानकेन्द्र बनाउन लगाउनुपर्छ।"

यस्तै वार्तालाप हुदै थिए बुढाबुढी बिच यत्तिकैमा एउटा विवाहको टोली आयो। वनवाटिकाको खुला चौरमा पाल टाँगियो। दुलहा चटक्क सिँगारिएर आएका थिए। दुलहीलाई सिँगार्ने काम अझै जारी नै थियो। केही वेरमै दुलही पनि चटक्क परेर आइन्। आधुनिक तरिकाले स्वयंवर भयो। बरबधुले एकअर्कालाई माला पहिराए। दुलहाले तुरुन्तै पोते र सिन्दुर पहिर्याईदिए दुलहीलाई विवाहको विधि समाप्त भयो। हो, वनवाटिकाभित्र भएको यस्तो विवाह सरल, सहज एवं प्रेरणादायी थियो। धनवन्तरीले देखी, राम अवतारले पनि देख्यो। दुवैले आ-आफ्नो विवाहको दिन स्मरण गरे। धनवन्तरी १३ वर्षकी थिईउसको विवाह हुँदा उसलाई त्यतिबेला विवाहको रहर जागेको थिएन। आफन्तीहरुको करकापमा परेर बाबु-आमाले छोरीको जबरजस्ती विवाह गर्न मन्जुर गरे। जग्गेमा बस्न धनवन्तरीले मानिन। बाबुले भने, "हेर छोरी, दुःख पायौ भने हामी पाल्छौं। छोरा सरह अंश प्रदान गर्ने छौं।"तैपनि धनवन्तरीले मानिन। धेरै रोई। घण्टैसम्म रोई रही। आमाको मुटुमा चसक्क सियोले घोचे झैं भो। बाबुले भने आफूलाई सम्हाले। अन्तमा सबै आफन्तहरु लागेर उनलाई संझाए र करकापमै जग्गेमा बसालेका थिए। धनवन्तरीले यो सबै संझि र आँखाभरी आशु जम्मा गरी। ऊ भावुक बनी। र, सुक्कसुक्क गर्न थाली। राम अवतारले बुज्यो। उसले भन्यो, "हेर बुढी, अब विगतलाई संझने होइन। अब त वर्तमानमा रमाउने हो। यो जंगलमा विगतमा जंगली जनावरमात्र रमाउँथे। जुनबेला वनवाटिकाको विकास भएको थिएन, त्यो बेला यो कसैको आँखामा थिएन। अहिले नयाँ सोच पैदा भयो। विकासले फड्को मार्‍यो। र, यहाँ सबै रमाउन थाले। तिम्रो बिहे पनि वनवाटिका हुनुभन्दा अघिको शंकरनगरको सामुदायिक जंगल (वन) जस्तै थियो। अहिले त तिम्रो जीवनमा यति फरक आएको छ, जसरी पहिलेको सामुदायिक वनबाट वनबाटिकामा फरक पाइएको छ।" धनवन्तरीले लामो सास फेरि। बुढातिर पुलुक्क हेरि। बूढोले पनि हेर्‍यो। देख्यो धनवन्तरी झरीपछिको खुला मौसम जस्तै उज्याली भएकी छे।

केहीवेर शुन्य बन्यो संसार । आकाश उज्यालिदै गयो । अनि धनवन्तरीको मन वनवाटिकाको विकास तर्फ लाग्यो । भनी, "बुढा नेपालमा सयकडौं सामुदायिक वनहरु छन् । जसरी शंकरनगरको सामुदायिक वनलाई नयाँ ढंगले विकास गरियो, त्यसैगरी अन्य वनलाई पनि विकासगर्न सकिन्न र ?"

"हो, सकिन्छ । तर त्यस्तै त्यागी, भिजनरी (Visionary) र प्रतिवद्ध अगुवा पनि चाहिन्छ । जो यहाँ छन् ।"

"किन देशमा अन्त यस्ता मान्छेनै छैनन् त?"

"छन्, तर यतिकै प्रतिवद्ध व्यक्तित्वकोभने कमी छ।"

"कसरी उनी त्यति प्रतिवद्ध वने यो काम प्रति? उनलाई खुट्टा तान्ने कोही जन्मिएका छैनन् ? कति धर्मात्मा समाज रहेछ।"

"हेर बुढी, यो वनबाटिका सामुदायिक वनको एक हिस्सा जग्गा हो । सामुदायिक वनबाट सुकेका काठ -दाउरा मात्रै समितिको आयश्रोत हुन्थ्यो । पौडेल बाजेले (वर्तमान अध्यक्षले) नयाँ सोच निकाले र, यो वनवाटिकाको स्थापना गरे । विचराले धेरै हण्डर, ठक्कर पाए । यसको विकासको लागि उनले सधैं झोला बोके । देश विदेशका बुद्धिजीवी, प्रशासक एवं प्राविधिकहरुसँग परामर्श गरे । यो देशका ठूला-वडाहरु सबैलाई उनले यहाँ निम्ताए । सबैले उनको कामको प्रशंसा गरे । अन्ततः उनको भिजनले सफलता पायो । स्याल कराउने जंगलमा अब बुद्धिजीवीहरुको आवाज गुञ्जिन थाल्यो । राष्ट्रकै नमुना पार्कको रुपमा विकास भयो । तर, उनकै केही सहपाठीहरु, पार्टी पंक्तिकै मित्रहरु, सामुदायिक वनकै साथीहरु उनको इर्ष्या र शंका गर्न थालेका छन् भन्ने सुनिन्छ आजकल परिणामतः उनलाई नेतृत्वबाट हटाउने खेल शुरु भएको आभाष हुन थालेको छ ।"

"ओ हो, बुढा, यस्तो कसरी हुन्छ? के उनको नयाँ सोचलाई हामीले स्वीकार नगर्ने त ?"

"त्यस्तो हैन बुढी, यो त सतीले सरापेको देश हो। राम्रो काम गर्नेको कहिल्यै भलो हुँदैन। यहाँ त त्यस्तो व्यक्ति असल एंव भद्र हुन्छ जसले माफियालाई रिजाउन सक्छ, गुण्डागर्दी गर्न सक्छ र नेता एवं प्रशासकहलाई मागे जतिको थैली बुझाउन सक्छ।"

"हेर बुढा, अब नयाँ संस्कृतिको शुरुवात गर्नुपर्छ। यस्तो प्रथाको उन्मुलन गर्ने तर्फ लाग्नुपर्छ।"

"हेर बुढी, तँ प्रधानमन्त्री भइस् भने पनि यो प्रथाको अन्त्य गर्न गाह्रो छ। तेरो वरपरको एउटा यस्तो घेरा बन्छ, जसलाई क्रस गर्न तेरो सामर्थले भ्याउँदैन।" रामअवतार र धनवन्तरीका बीच यस्तो भलाकुसरी धेरै भयो । गफ गर्दै पाइला चाल्दै गर्दा उनीहरु बन्दै गरेको भ्यूटावर नजिक आइपुगे। भ्यूटावर नजिकै एकचोटी धनवन्तरीले वरपरका दृश्यहरु सबै नियालेर हेरी। थोरै पढेलेखेकी भए पनि सामाजिक संस्कार बुझेकी धनवन्तरीले पौडेल बाजेको कामलाई हृदयदेखि प्रशंसा गरी । लामो सास फेरि र भनी,"बाजे जुग जुगसम्म बाँचिरहनेछ तिम्रो नाम र काम।"

"धनवन्तरी किन भावनामा डुबिस् हँ ? कवि वन्न थालिस् कि कसो ?" बुढाले कोट्यायो।

"हैन बुढा मलाई मनमा चसक्क घोच्यो, उनको सम्मान नभएको दैख्दा।"

"हेर बुढी, उनलाई साथ दिने एक जना सत्याल बाजे बिते। उनीहरु दुईको जोडी सारै मिलेको थियो। दुबैले मिलेर काम गर्दै आएका थिए। अकस्मात एकदिन सत्याल बाजे विरामी परे। उनलाई उपचार गर्न काठमाडौं लगियो। तर, अपरेशन गरेको केही दिनमै उहाँको निधन भयो। पछि सुनियो; उनको रोगको उपचार अपरेशन थिएन। औषधी मात्र थियो। अपरेशन गर्नु गल्ती भो रे।"

"अनि किन अपरेशन गरेको त ?"

"हेर बुढी, यो देशमा पैसा पाइन्छ भनेपछि डाक्टरले पनि मनलाग्दी गर्छन्। दाहिने खुट्टाको अपरेशन गर्नु पर्नेमा

देब्रे खुट्टाको र दाहिने कानको सट्टा देब्रे कानको अपरेशन गरेर रोगीहरुले अनाहक दुःख पाउनु परेका घटनाहरु यहाँ धेरै छन्।"

"अनि सत्याल बाजेको अपरेशन चाहि कसले गरेको थियो त?"

"नेपालकै सूप्रसिद्ध न्यूरोसर्जनले गरेका थिए।"

"उनलाई थाहा थिएनन् त - अपरेशन पछि उनको देहान्त हुन्छ भन्ने?"

"किन न हुनु, थियो। तर ८, ९ लाख कमाई हुन्थ्यो एकैदिनमा त्यसैले अपरेशन  गरे। अहिले सुन्छु, उनी पनि क्यान्सरले नै मरे अरे।"

"सत्याल बाजे मरे तर उनी मरे पनि उनको आत्मा यतै वनवाटिकामा घुमिरहेकै होला। कसैले नराम्रो काम गऱ्यो, वनवाटिकालाई ध्वस्त बनाउन लाग्यो वा गुटफुटको राजनीति गऱ्यो भने पक्कै उनको आत्माले सराप्ने छ।"यस्तै गन्थन् गर्दै अगाडि पाइला चाल्दै गरे-रामअवतार र धनवन्तरीले। बुढा-बुढीका गन्थन् अझै धेरै थिए। वनवाटिकाले धनवन्तरीलाई निकै लोभ्यायो। धेरै कुरा बुझायो। र, दिमागमा एकखालको नयाँ तरंग पैदा गरायो। उनी हेर्दै थिइन्। घुम्दै थिइन्। नजिकैबाट एउटा चिनेको आवाज उनको कानमा गुन्जियो।

"ए धनवन्तरी चाची,घरे नहि चलेके बा ? साँझ होगइल " उनले फनक्क फर्किएर हेरिन्। उही पार्वती थनेत। उनकै छिमेकी। "अरे जाइब न, तनिक रुकन।" घाम अस्तायो। धनवन्तरीका बुढा-बुढी र पार्वती सँगसँगै बाटो लागे। अलिपर पुगेर उनीहरु पछि फर्के। एकपटक वनवाटिकालाई सबैले फेरि नियाले। तीनैजनाले आ- आफ्नै ढंगले वनवाटिकालाई देखे तापनि वनवाटिकाभित्र कालो छाँया परेको भने सबैले महशुस गरे। अस्तु।

# शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र

तिलोत्तमा-१, रुपन्देही, प्रदेश नं. ५ नेपाल, फोन : ०७१-४१४२०५
इमेल : shankarnagarbanbihar@gmail.com

??????????????

**परिचय :**

शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र यस क्षेत्रकै नमूना, उत्कृष्ट वन सम्पदाको रुपमा परिचित शंकरनगर सामुदायिक वन अन्तर्गत २०६२ सालमा जिल्ला प्रशासन कार्यालय, रुपन्देहीमा दर्ता भई स्थापना भएको स्वायत्त सामाजिक संस्था हो। वन भएपछि स्वतः वन उद्यान भयो। वन उद्यान भएपछि वन विहार हुने भयो। वनविहार पर्यटनको अत्यन्त आनन्ददायी कीडा स्थल हो। यहाँ बसेर अध्ययन अनुसन्धान गर्ने भनेपछि अनुसन्धान केन्द्र हुने भयो। यिनै प्रयोजनलाई मध्यनजरमा राखेर संस्थाको नाम शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र राखिएको हो। यसो भन्दै गर्दा शब्दलाई भन्दा भावलाई पक्रेर जनजिब्रोमा यसको नाम शंकरनगर वनवाटिका हुन गयो। स्थानीय क्षेत्रमा अझ संक्षेपमा वनवाटिका नामले प्रसिद्ध छ।

शंकरनगर वनवाटिका शान्तिका अग्रदुत महामानव गौतम बुद्धको जन्म स्थल लुम्बिनी र मावली देवदह जाने बाटोमा पर्ने यो वाटिका लम्बिनीबाट ३८ कि.मी र सिद्धार्थनगर भैरहवा १६ कि.मी. दक्षिणमा पर्छ। सबै समय र मौसममा आउन जान अत्यन्त सहज र सुगम छ। शंकरनगर सामुदायिक वनको ५८४ हेक्टर मध्ये ५१ हेक्टर क्षेत्रफलमा फैलिएको यो वाटिका समुदायको सहकार्यमा दिन प्रतिदिन पर्यटकीय आकर्षणको केन्द्र बन्दै गएको छ। यसको स्थापनाको मूल उद्देश्य यसलाई अत्यन्त आकर्षक रमणीय नमूना पर्यटकीय गन्तव्य बनाउनु हो।

जनघनत्वको चाप बढ्दै गएपछि सहरमा सार्वजनिक स्थल साँघुरिदै र गाउँ शहरीकरण तर्फ उन्मुख भएको छ, जताततै छड, सिमेन्ट गिट्टी र बालुवाका महल ठडिए, प्रकृतिप्रदत्त बाग बगैचा मासिए। हरियाली देख्न, खुल्ला मैदान र चौरका दुवोमा पल्टिन, प्राकृतिक उद्यानमा रमाउन, जंगली जनावर र घरपालुवा पशु-पंक्षी समाउन, बाल-बालिका खेल्ने, झुल्ने र भुल्ने ठाउँ भेट्टाउन मुस्किल पर्दै गयो। आधुनिक विकासको झिलिमिलीले तिरिमिरी खेलाएर क्लान्त र भ्रान्त भएको मनलाई शान्त पार्न प्राकृतिक एकान्तले मात्र सक्छ।

योग र ध्यान, ज्ञान र अनुसन्धानले पनि प्रकृति खोज्छ, विविधता रोज्छ। बाल, बृद्ध र तन्नेरीका तन, मन र मस्तिस्कलाई पुनर्ताजगी गर्न/पार्न पनि बहु-उपयोगी, विविधायुक्त र सबै सुविधायुक्त उद्यानले औषधिको काम गर्छ। त्यसैले भण्डार छ शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रमा, शंकरनगर वनवातिकामा जो जुन राजनीतिक विचार र दलसंग आबद्ध

छ उसलाई उसैका आस्थाकेन्द्रको स्मृतिमा निर्मित उधानहरु छन् । जस्तै बी.पी.वाटिका, पुष्पलाल पार्क, शहीद पार्क, लखन थापा पार्क, शुकदेव पार्क, थारु संग्रहालय, सूचना केन्द्र र पुस्तकालय छ। बाल उद्यान छ। विविह र ब्रतबन्ध आदि कार्य र सभा सम्मेलनका लागि आवश्यक पर्ने सभाहलहरु छन्। आँपको बगैचा छ। हरेक खालका आगन्तुक अतिथि (पर्यटक)का लागि आवश्यक पर्ने आश्रयस्थल र विश्रामस्थल छन्। सहरको भीड-भाड, हल्ला-खल्ला, धुँवा-धुलो, ठेलम ठेलाबाट मुक्त भएर मज्जाले रमाउन र उल्लासपूर्वक समय कटाउन सकिन्छ। बालबालिकाको मनोरज्जनलाई समेत ध्यानमा राखी बालरेल सञ्चालनमा छ।

**जनावर उद्धार केन्द्र**

यहाँ वन जङ्गलमा मृग, चितुवा, अष्टिज, निल गाई आदि छन्। यो संख्यालाई बढाउने क्रम जारी छ। बी.पी वाटिकामा सुन्दर सरोवरको निर्माण गरी जलविहारको व्यवस्था मिलाइदै छ। हर्रर हाउस अर्थात् भूत बंगला र नाट्यशाला निर्माणका लागि स्रोत संकलन हुँदैछ।

निकट भविष्यमा यहाँ वनस्पती उद्यान बनाउने लक्ष्य छ। अनुसन्धान केन्द्र र स्नेक(सर्प) पार्क निर्माणाधीन छ। यसको ५०० मि. दक्षिणमा विपाशना केन्द्र विहार छ र विहारबाट करिब २ कि.मि. दक्षिण पूर्वमा स्कोनबाट संचालित गौशाला छ। यसलाई ५ नं. प्रदेश स्तरको आकर्षक चिडियाघर बनाउने योजना छ। महामाता मायादेवी कपिलवस्तुबाट माइत (देवदह) जाने क्रममा बाटोमा पानी खाने गरेको प्राचीन कुवा (इनार) यहाँ छ।

बन्दैछन् :

अत्याधुनिक उपकरणले सुसज्जित र सबै किसिमका सुविधा सम्पन्न ११ तलाको १४० फीट अग्लो भ्यू टावर निर्माणाधीन छ। जसबाट भैरहवा, बुटवल, लुम्बिनी, देवदह, रामग्राम, कपिलवस्तुको सबै भू-भागको दृष्यावलोकन गर्न सकिने छ। दूरवीनका सहायताले भारतीय सीमाना बजारहरुको चहलपहल पनि हेर्न सकिने छ।

**सहयोग**

नेपाल सरकार, प्रदेश सरकार र तिलोत्तमा नगरपालिका र शंकरनगर सामुदायिक वन उपभोक्ता समूहको पूर्ण सहयोग र साथ रहेको छ। खानेपानी, बिजुली तथा सेनिटेसनको राम्रो व्यवस्था छ। स्थानीय जनजाति, समाज, संघसंस्थाको पनि सक्रिय सहयोग प्राप्त छ।

# शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र

तिलोत्तमा-१, रुपन्देही, प्रदेश नं. ५ नेपाल, फोन : ०७१-४१४२०५
इमेल : shankarnagarbanbihar@gmail.com

**खिमलाल**

पूर्वमा शंकरनगर सामूदायिक वनको प्राकृतिक साल वन ५८४ हे. मा फैलिएको पश्चिममा तिलोत्तमा नदि उत्तरमा रहेको बुटवल उप महानगरपालिका, दक्षिणमा रहेको भगवान गौतम बुद्धको अर्को नामले परिचित सिदार्थ नगरपालिका यसको बिचमा रहेको शंकरनगर सामुदायिक वनको ५८४ हे. क्षेत्रफल भित्र ५१.३४ हे. मा फैलिएको शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र (वनवाटिका) भनियता पनि वनवाटिका ले निकै चर्चित पाएको छ।

यो पार्क २०६२ सालमा तत्कालिन शंकरनगर गा.वि.स.का उपाध्यक्ष श्री बाबुराम अर्यालले अगाडी सार्नुभएको हो र त्यतिबेला सामुदायिक वनको अध्यक्ष्य उमानाथ कंडेलको अगुवाईमा समिती कनेको थियो त्यो सामुदायिक उपभोक्ता समुहलाई बाबु अर्याल , यम बहादुर खत्री लगायतको टिमले प्रश्ताव राखी छलफल गरिएको थियो छलफल पश्चात एउटा उप समिती गठन गर्ने निर्णय भयो र सोही निर्णय बाट बाबुराम अर्याल ज्यू कै संयोजकत्वमा एउटा उप समिती गठन भयो र एउटा बन सम्पदा तथा पवर्धन उपसमितीले केही समय काम गरेको थियो पछि फेरी मिती २०.......साल ........गते सर्वदलिय सर्व पक्षिय भेला वोलाई वृहत छलफल भएको थियो त्यो छलफल मा शंकरनगर सामुदायिक वनको अध्यक्ष श्री उमानाथ कडेलको अध्यक्षतामा सम्पुर्ण निर्णय भएको थियो। सो निर्णयमा के भनिएको छ भनि यो एउटा उपसमिती भनियतापनि स्वयत्ता रहने छ। भनेर निर्णय गरिएको छ। त्यति बेला नै एउटा उपसमिती अथवा सर्वदलिय सर्वपक्षिय समिती गठन भएको थियो सो समितीमा म पनि रहेको थिए त्यसपछि संस्थालाई अगाडी बढाउनको लागी विधीवत दर्ता गर्ने समितीले निर्णय गरेको थियो र नामा करणमा धेरैबेरको रस्सा कस्सी पछि शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र बनाउने निर्णय भयो र जिल्ला प्रसाशन कार्यलयमा विधीवत दर्ता भई आज सम्म हामीले काम गर्दै आईरहेको त्यहा प्रस्ट हुन्छ।

हाल यहाँ पिकनिक खेलका लागी जम्मा २४ वटा सेडहरु रहेका छन इनि सेडहरु पहिल्यै सामुदायिक वनले नै २ वटा बनाई पहिले आफैले वनदेवी पुजा गरी सुरुवात गरि दिएको थियो त्यसपछि विभिन्न दाता हरु सग सेड बनाउको लागी प्रश्ताव गरियो सोही अनूसार दाताहरुले पनि प्रश्ताव स्विकार गरि जस्तै अर्याल समाज, रोटरी क्लब अफ बुटवल, पौडेल समाज, गौतम समाज, पोखेल समाज, गुल्मि पम्फुके समाज, लायन्स क्लब अफ बुटवल, पाण्डेय समाज, थैव समाज, रास्कोटी समाज, क्षेत्री समाज, विश्वकर्मा समाज

लगाएतका दाताहरुले विभिन्न खालका सेड निर्माण गरिदिनुभएको छ। पिकनिक स्पोटलाई कसरी शितलता प्रदान गर्न सकिन्छ भनि लायन्स क्लब अफ बुटवलले पिकनिक खेल्ने सबै ठाउँमा लायन्स मेङ्गो गार्डेन नामाकरण गरि विभिन्न आपहरुबाट सजि सजावट गरिएको पाईन्छ।

यहाँ विभिन्न खाले पार्कहरुले विषेशता पाई राखेकाहरु जस्तै : शहिद स्मृति पार्क, पुष्पलाल पार्क, वि.पी. वाटीका, लखन थापा संग्रहलय, सहिद शुकदेव गुरुङ्ग पार्क थारु संग्रालय, इनि पार्कहरु आफैमा स्वयत्तता वोकेका पार्कहरु हुन।

हामीले प्राणी उधान अथवा रेस्क्यू सेन्टर भनेर राखेका चिडिया घर यो चिडिया घर वाल वालीकाको लागी अति आकर्षण वनेको छा

वाल उद्यान वालीकाको रोजाई नै हो र रोटरी क्लव अफ वुटवलले वनाएको रोटरी चाइल्ड डेभलभमेन्ट सेन्टर भीत्र रहेको वाल रेलले अहिले सवै भन्दा उच्च प्राथमीकतामा परेरको छ। वाल रेलमा चढ्न आउनेको पनि कमि छैन। यो वाल रेलमा वृद्दा अपाङ्ग असध्यहरुलाई विना टिकट प्रवेश र रेल यात्रा पनि गराउने गरिन्छ।

यहाको संरचनाा सबै भन्दा उच्च मुल्याड.कनमा परेको तिलोत्तमा भ्यु टावर हो यसको उचाई १३४ फिट हुन्छ यो भ्यु टावर तिलोत्तमा नगरपालिका र शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रके ७०।३०५ को लगानीमा आगामी २०७७ साल आषाढ मसान्त सम्ममा सम्पुर्ण काम सम्पन्न हुने छ। यो टावर वनाउको लागी हामीले तिलोत्तमा नगर पालीकालाई स्थानीय जन प्रतिनिधि आउन भन्दा पहिले प्रश्ताव गरिएको थियो सोही अनुसार तिलोत्तमाका कार्यकारी अधिकृत श्री कृष्ण प्रसाद सापकोटा र लेख अधिकृत श्री राजेन्द्र आर्चयले पहिलो पटक वजेट विनियोजन गर्नु भएको थियो र दोस्रो वर्षमा स्थानीय जन प्रतिनिधिको निर्वाचन मै सकेपछि तिलोत्तमाको गहनाकै रुपमा हेर्नुहुने तिलोत्तमाका नगर प्रमुख श्री वासुदेव घिमिरे ज्यु को पनि सवै भन्दा वढी प्राथमीकतामा यही तिलोत्तमा भ्यु टावर नै देखिन्छ। अव अन्यमा यो पार्क अहिले सवैको विस्ताम स्थल अथवा मन वहलाउने ठाँउ र युवा युवतीहरु रमाउने ठाउँ वनेको छ। यहाँ पिकनिक खेल्न आउनेहरु पनि कमि देखिदैन सामुदायीक वनले सुरुवात गरेको पिकनिक वाट सुरु भएको अहिले हामी संग रिकर्ड भए अनुसारको प्रतिदिन १२० ओटा पिकनीक आएको रिकर्ड छ। यहा पिकनीक आउनेहरु नेपालको वर्दिया देखि चितवनको पुर्व देखि वाट र भारतको लखनउ गोरखपुर वाट पनि आउने गर्छन। गएको ०७४।०७५ सम्म पिकनिकमा ...... जना प्रवेश .......... जना र पिकनिक ओटा भएका थिए भने ०७५।०७६ अषाढ मसान्त सम्म पकनिकमा ........ जना आन्तरिक पर्यटक ................ जना र पिकनिक ................... ओटा भएको थियो।

# प्रदेश सरकार
## प्रदेश नं. ५
## बुटवल, नेपाल

मुख्यमन्त्री

### शुभकामना

शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले विविध विषयवस्तु समेटेर वन बाटिका पत्रिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ।

शंकरनगर सामुदायिक वन मातहत रहेको शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र यो क्षेत्रकै नमूना पर्यटकीय केन्द्रको रुपमा विकास भएको छ। सामुदायिक वन समूह संरक्षणमा मात्रै केन्द्रित रहेको बेला पर्यटकीय ढंगले विकास गरी पर्यटन प्रवर्द्धनमा लाग्नु अरुका लागि पनि अनुकरणीय हो। शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र हाम्रो प्रदेशको पर्यापर्यटनको एउटा नमूना पर्यटन केन्द्र हो। सामुदायिक वनभित्र नमूना पर्यटन केन्द्र बनाउन अहोरात्र खट्ने अगुवाहरु र समुदायप्रति सम्मान व्यक्त गर्दछु। यो नमूना कार्यमा सफलता पाउँदै अघि बढ्नु भएकोमा हार्दिक बधाई व्यक्त गर्दछु।

लुम्बिनी नेपालकै महत्वपूर्ण पर्यटन केन्द्र हो। आगामी केही वर्षमै यहाँ पर्यटकको ओइरो लाग्दैछ। गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलको सञ्चालनपछि लुम्बिनीमा पर्यटक आगमन बढ्ने छ। यहाँ आउने पर्यटकको बसाई लम्ब्याउन आसपासका क्षेत्रमा पर्यटक घुम्न र भुल्नका लागि पर्यटन केन्द्र बनाउन आवश्यक छ। शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रलाई अझ बृहत्तर ढंगले विकास गर्ने योजनाका साथ अघि बढ्न आग्रह गर्दछु।

अन्त्यमा, शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले प्रकाशन गर्ने वन बाटिका पत्रिका पठनीय हुन सकोस्, हार्दिक शुभकामना व्यक्त गर्दछु।

..................
शंकर पोखरेल
मुख्यमन्त्री

प्रदेश सरकार

निजी सचिवालय
माननीय लिला गिरी
उद्योग पर्यटन, वन तथा वातावरण मन्त्री
बुट्वल, नेपाल

**शुभकामना !**

शँकरनगर सामुदायिक वनको एउटा उपक्रम शँकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले विविध सामग्रीयुक्त वन वाटिका पत्रिका प्रकाशन गर्न थालेको जानकारी पाउँदा खुशी लागेको छ ।

यतिवेला हामी समृद्धिको यात्रामा छौं । समृद्धिको आधार हो पर्यटन । प्रकृति र संस्कृति पर्यटनको आधार हो । हामी प्रकृति र संस्कृति दुबै स्रोतले सम्पन्न छौं । सानो भूगोलभित्र हिमाल, पहाड र तराईको विद्यमानता हाम्रो भौगोलिक विशेषता हो । त्यस्तै साँस्कृतिक विविधता पनि हाम्रो पहिचान हो । शँकरनगर सामुदायिक वन पर्यापर्यटनको हिसावले अत्यन्त सम्भावनायुक्त क्षेत्र हो । द्रूतगतिमा भइरहेको सहरिकरण, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट सहज पहूँच र विश्व सम्पदा सूचीमा रहेको लुम्बिनीक्षेत्रको निकटता जस्ता कारणले पनि शँकरनगर सामुदायिक वन आकर्षक पर्यटकीय गन्तव्य बन्न सक्ने प्रशस्त आधार देखिन्छ ।

पत्रिका प्रकाशनको यस अवसरमा सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

लिला गिरी
मन्त्री

प्रदेश सरकार

# प्रदेश योजना आयोग

प्रदेश न ५,बुटवल, नेपाल

प.स.२०७५/०७६

च.न.

शुभकामना

प्रस्तुत बिषयमा शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले आफ्नो परिचय झल्काउने गरी पत्रिका प्रकाशन गर्न थालेकोमा खुशी लाग्यो । यस केन्द्रले वातावरण संरक्षणको साथै पर्यटन प्रवर्धन गर्ने गरी विभिन्न कार्यहरु गर्दै आएको जानकारी भयो।

प्रदेश नं ५ को समृद्धि कृषि, उद्योग र पर्यटनमा निर्भर रहेको छ । त्यसमा पनि यस प्रदेशको भूगोल, धार्मिक र पुरातात्विक स्थलहरुको उपलब्धतालाई हेर्दा पर्यटनको उच्च सम्भावना रहेको छ । यस पर्यटन क्षेत्रले रोजगारी सिर्जना गर्दै आयआर्जन बढाउन सहयोग गर्दछ ।

प्रदेश नं ५ को रुपन्देही जिल्लामा तीव्र रुपमा सहरीकरण भइरहेको छ । सहर विस्तार हुनु आर्थिक गतिविधि विस्तारको लागि राम्रो हो । तर, स्वच्छ हरियाली वातावरणको अभावमा गुणात्मक जीवन जीउन कठिन हुन्छ । सहरी वातावरणलाई स्वच्छ र सुन्दर बनाउन सहरी क्षेत्रमा पनि वन उद्यानहरु हुनु पर्दछ । तिलोत्तमा नगरपालिकाको सुन्दरता कायम गर्न यस शंकरनगरवन उद्यानले उल्लेखनीय भूमिका खेलिरहेको छ, जुन आफैमा सराहनीय छ ।

यस पत्रिकाले वन उद्यानमा भएका विशेषताहरु जनसमक्ष ल्याउने अपेक्षा गरेको छु । यसले गर्दा धेरै भन्दा धेरै मानिसहरु यस वन उद्यान हेर्न र अवलोकन गर्न आकर्षित भइ यस प्रदेश कै प्रमुख गन्तव्य हुन सफल रहोस भन्ने शुभकामना दिन चाहन्छु । साथै, अन्य नगरपालिकाहरुको लागि पनि उदाहरणीय बनोस भन्ने शुभेच्छा छ ।

अन्तमा, यस केन्द्रलाई पत्रिका प्रकाशनको सफलताका साथै वन उद्यानको थप विकासका लागिसंचालित कार्यहरुको सफलताको कामना गर्दछु

डा. प्रकाश कुमार श्रेष्ठ

उपाध्यक्ष

समुन्नत, सुरक्षित र वातावरणव मैत्री सुन्दर सहर ! सुशासन यूक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर !

# तिलोत्तमा नगरपालिका

## नगर प्रमुखको सचिवालय

मणिग्रामि, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

हार्दिक शुभकामना

तिलोत्तमा नगरपालिका स्थित शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले आफ्नो परिचय झल्काउने विविध सामग्रीयुक्त स्मारिका प्रकाशन गर्न थालेको खबरले खुशी बनाएको छ । यसअवसरमा अनुसन्धान केन्द्र स्थापनादेखि आजको अवस्थासम्म ल्याइपुर्याउन योगदान गर्ने संस्थापक, नेतृत्वकर्ता, सदस्य, कर्मचारी, वन-वातावरणप्रेमी, शुभेच्छुकलगायत सरोकारवाला सम्पूर्णमा शुभकामनासहित बधाई ज्ञापन गर्दै हृदयदेखि नैं सम्मान व्यक्त गर्न चाहान्छु ।

'वनवाटिका' को रुपमा प्रसिद्ध यस अनुसन्धान केन्द्र शंकरनगर सामुदायिक वनभित्र अवस्थित छ । वनको निश्चित क्षेत्रफलमा रहेको वन उद्यानमा विभिन्न पार्कहरु निर्माण भएका छन् । पार्क र पिकनिक स्पटहरु निर्माणमा विभिन्न व्यक्ति, संघ-संस्था, निकायहरुले समेत सहयोग पुर्याउनु भएको छ । यसअवसरमा वनको संरक्षण, विकासका साथै वनवाटिकामा विभिन्न संरचना निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सबै व्यक्ति, संघ-संस्था, निकायप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु ।

वनवाटिका तिलोत्तमाको मात्र होइन, प्रदेश नं. ५ कैं गौरव हो । यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकको संख्याले समेत यसलाई पुष्टि गरेको छ । वनवाटिकालाई अझैं आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न तिलोत्तमा नगरपालिकाले यहाँ बहुउद्देश्यीय भ्युटावरको निर्माण गरिरहेको छ । दश तले यो भ्यूटावरको निर्माणले यहाँ आउने पर्यटकको संख्यामा अवश्य पनि वृद्धि नै हुनेछ ।

यस क्षेत्रमा तीव्रतर भैरहेको शहरीकरण, अन्तर्राष्ट्रिय विमानस्थल, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, मेडिकल कलेज जस्ता तमाम ठूला पूर्वाधार विकासले वनवाटिकाको महत्वलाई अझै बढाएको छ । यसैले हामी सबै मिलेर यो वनवाटिकालाई प्रदेशकैं नमूना बनाउने काममा दृढताका साथ लाग्नुपर्छ ।

यहाँ रहेको विपश्यना केन्द्र, चिडियाघर, चिल्ड्रेन पार्कलाई अझैं व्यापक बनाउँदै प्रदेश नं. ५ को प्रमुख पर्यटकीय गन्तव्य बनाउने अभियानका साथ, सहयोग र सहकार्य गर्न तिलोत्तमा नगरपालिका सधैं तयार छ । वनवाटिकाको विकास यो वा त्यो कोणबाट सामुदायिक वन, स्थानीय उपभोक्ता मात्र होइन समग्र नगरकैं विकास हो भन्ने भावनाबाट हामीहरु सबै अभिप्रेरित हुँदा नै सबैप्रति सामाजिक न्याय स्थापित हुनेछ । पूर्वाधार र उद्यानलाई अझैं विकास गर्दै लुम्बिनी आउने पर्यटकलाई यहाँसम्म ल्याउने परिपाटीको संस्थागत सुरुवात् गर्न सक्दा यहाँको पर्यटन थप प्रवर्द्धन हुनसक्ने देखिन्छ । यसमा वनवाटिकाको नेतृत्वले पहलकदपी लिनेछ भन्ने मेरो पूर्णविश्वास छ ।

वन, वातावरण र जैविक विविधताको संरक्षण गर्दै यसलाई समृद्धिसँग जोड्नु नै अहिलेको प्रमुख आवश्यकता हो । हिजो हाम्रा अग्रजले संरक्षण गरेर राखिदिएको भएर नै अहिले हामीले यहाँ उद्यान, पार्क निर्माण गर्न सकेका हौं । तसर्थ संरक्षणलाई प्राथमिकतमा राखेर त्यसबाट लाभ लिनेगरी हामीहरु अघि बढ्नुपर्छ ।

तिलोत्तमा नगरपालिकालाई हामीहरुले पर्यटकीय क्षेत्रको रुपमा समेत विकास गर्न चाहेका छौं । यसर्थ स्मारिकामा प्रकाशन हुने सामग्री तथा विज्ञहरुका लेख रचनाले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा प्रभावकारी बहस सिर्जना गर्ने विश्वास लिएको छु ।

अन्तमा, तिलोत्तमा नगरपालिकाको पर्यटन प्रवर्द्धनमा यस अनुसन्धान केन्द्रले पुर्याएको योगदानको कदर गर्दै आगामी दिनहरुमा समेत वन, वातावरण, जैविक विविधताको संरक्षणका साथै पर्यटन प्रवर्द्धनको गरिमा र विरासतलाई कायम राखी समयको मागअनुसार अझैं परिस्कृत हुन सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

७६-१२-१२

बासुदेव घिमिरे
नगर प्रमुख

मोवाईल नं. ९८५७०२५२६६, इमेल: tilottamamun@gmail.com, वेभसाइट www.tilottamamun.gov.np